# चुली उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
प्रज्ञादेवी निरौला
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर,
२०६३

# *स्वीकृति-पत्र*

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पस नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको समूह २०६०-६२ का छात्रा **प्रज्ञादेवी निरौला**ले स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **चुली उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका निमित्त स्वीकृति गरिएको छ ।

**शोधमूल्याङ्कन समिति**

| क्र.सं. | | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा. घनश्याम उपाध्याय (विभागीय प्रमुख) | .............................. |
| २. | उपप्रा. नेत्रमणि सुवेदी (शोधनिर्देशक) | ............................. |
| ३. | प्रा.डा. केदारप्रसाद शर्मा (बाह्य परीक्षक) | ................................. |

मिति : २०६३/०८।२२ गते

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ श्री प्रज्ञादेवी निरौलाले चुली उपन्यासको कृतिपरक अध्ययन शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । म उहाँको शोधकार्यप्रति सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६२/०८/२२ गते

--------------------

(नेत्रमणि सुवेदी)

उपप्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

# कृतज्ञताज्ञापन

चुली उपन्यासको कृतिपरक अध्ययन शीर्षकको शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनको लागि आदरणीय गुरू उपप्रा. नेत्रमणि सुवेदीका निर्देशनमा तयार पारेको हुँ । आफ्नो व्यस्त जीवनमा पनि अमूल्य समय दिई मलाई उचित सल्लाह, सुझाव र मार्गनिर्देशसमेत दिनुभएर यस शोधकार्यको लेखनमा अभिप्रेरित गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरूप्रति म हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधकार्य गर्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा.डा. दयाराम श्रेष्ठप्रति कृतज्ञ छु । त्यस्तै नेपाली साहित्य तथा भाषाका विविध शीर्षकहरूमा शोधकार्य गर्न अवसर दिँदै आएकोमा नेपाली केन्द्रीय विभागलाई र शोधपत्र तयारी गर्दा आवश्यक पुस्तकहरू उपलब्ध गराइदिने त्रि.वि.केन्द्रीय पुस्तकालयलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसैगरी सामग्री सङ्कलन गर्न सहयोग पुऱ्याउने मित्र जनक बराल, टङ्कणमा सहयोग पुऱ्याउने भाइ राम राई र हरेक क्षेत्रमा सहयोग गर्ने किरण राई र ईश्वरी भट्टप्रति कृतज्ञ छु ।

अन्त्यमा, प्रस्तुत शोधपत्र समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मिति : २०६३/०८/२२ गते

.............................................

(प्रज्ञादेवी निरौला)

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर ।

## सङ्क्षेपीकृत - शब्दसूची

| सङ्क्षिप्त रुप | | पूर्ण रुप |
|---|---|---|
| एम्.ए. | - | मास्टर्स अफ् आर्टस् (स्नातकोत्तर) |
| एस्.एल.सी. | - | स्कुल लिभिङ सर्टिफिकेट |
| दो.सं. | - | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान |
| पं. | - | पण्डित |
| पृ. | - | पृष्ठ |
| वि.सं. | - | विक्रम सम्वत् |
| सम्पा. | - | सम्पादन |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |

# विषयसूची

क.सं.

**परिच्छेद एक**
**शोधपरिचय**


| | | |
|---|---|---|
| १.१ | शोधकार्यको शीर्षक | १ |
| १.२ | शोधकार्यको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | १ |
| १.५ | शोधकार्यको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य | २ |
| १.८ | शोधकार्यको सीमाङ्कन | २ |
| १.९ | शोधविधि | ३ |
| १.१० | शोधपत्रको रुपरेखा | ३ |
| | **परिच्छेद दुई** | **४-१६** |
| | **सरुभक्तको साहित्यिक रचनाधर्मिताको परिचय** | |
| २.१ | जन्म र जन्मस्थान | ४ |
| २.२ | पारिवारिक जीवन | ४ |
| २.३ | शिक्षादीक्षा | ५ |
| २.४ | आजीविका | ५ |
| २.५ | लेखनप्रेरणा | ५ |
| २.६ | सम्मान तथा पुरस्कारहरु | ५ |
| २.४ | लेखनप्रेरणा | ५ |
| २.६ | साहित्यिक संघस्थामा संलग्नता | ६ |
| २.७ | सम्मान तथा पुरस्कारहरु | ७ |
| २.८ | सरुभक्तका लेखनका विविध आयाम | ८ |
| २.८.१ | मुक्तककार सरुभक्त | ८ |
| २.८.२ | कवि सरुभक्त | ९ |
| २.८.३ | नाटककार सरुभक्त | १० |
| २.८.४ | कथाकार सरुभक्त | ११ |
| २.८.५ | उपन्यासकार सरुभक्त | १२ |
| २.८.६ | गीतकार सरुभक्त | १३ |
| २.८.७ | बालसाहित्यकार सरुभक्त | १३ |
| २.८.८ | सम्पादक सरुभक्त | १४ |
| २.९ | सरुभक्तको औपन्यासिक यात्राको चरणविभाजन | १४ |
| २.१० | सरुभक्तका औपन्यासिक प्रवृत्तिहरु | १६ |

## परिच्छेद तीन


| | | |
|---|---|---|
| | **औपन्यासिक तत्त्वका आधारमा ‘चुली’ उपन्यासको अध्ययन** | **२०-६५** |
| ३.१ | कृतिप्रकाशनको पृष्ठभूमि | २० |
| ३.२ | उपन्यासको सङ्क्षिप्त कथासार | २१ |
| ३.३ | ‘चुली’ उपन्यासको संरचना | २९ |
| ३.४ | कथानक | २९ |
| ३.४.१ | कथानक स्रोतका आधारमा ‘चुली’ उपन्यास | २९ |
| ३.४.२ | कथानकको आङ्गिक विकासका आधारमा ‘चुली’ उपन्यास | ३० |
| ३.४.३ | कथानक ढाँचाका आधारमा ‘चुली’ उपन्यास | ३७ |
| ३.४.४ | कथानकको प्रकारका आधारमा ‘चुली’ उपन्यास | ३८ |
| ३.४.५ | ‘चुली’ उपन्यासको कथानकमा प्रयुक्त कुतूहलता | ३९ |
| ३.४.६ | ‘चुली’ उपन्यासको कथानकमा प्रयुक्त द्वन्द्व | ४१ |
| ३.४.७ | अन्त्यका दृष्टिले ‘चुली’ उपन्यास | ४२ |
| ३.५ | चरित्र र चरित्रचित्रण | ४३ |
| ५.१.१ | चुली उपन्यासमा प्रमुख पात्र ‘ऊ’ | ४४ |
| ३.५.१ | कार्य वा भूमिकाका आधारमा ‘चुली’ उपन्यासका पात्रहरु | ४४ |
| ३.५.१.२ | ‘चुली’ उपन्यासको सहायक पात्र प्रियसी | ४५ |
| ३.५.१.३ | ‘चुली’ उपन्यासमा गौण पात्रहरु | ४५ |
| ३.५.२ | प्रवृत्तिका आधारमा ‘चुली’ उपन्यासका पात्रहरु | ४५ |
| ३.५.३ | स्वभावका आधारमा ‘चुली’ उपन्यासका पात्रहरु | ४६ |
| ३.५.४ | जीवनचेतनाका आधारमा ‘चुली’ उपन्यासका पात्रहरु | ४७ |
| ३.५.५ | लिङ्गका आधारमा ‘चुली’ उपन्यासका पात्रहरु | ४८ |
| ३.५.६ | आसन्नताका आधारमा ‘चुली’ उपन्यासका पात्रहरु | ९८ |
| ३.५.७ | आबद्धताका आधारमा ‘चुली’ उपन्यासका पात्रहरु | ४९ |
| ३.६ | ‘चुली’ उपन्यासको पर्यावरण | ५० |
| ३.६.१ | परिवेश | ५० |
| ३.६.२ | वातावरण | ५० |
| ३.७ | ‘चुली’ उपन्यासको उद्देश्य | ५१ |
| ३.८ | ‘चुली’ उपन्यासको दृष्टिबिन्दु | ५२ |
| ३.९ | भाषा | ५३ |
| ३.९.१ | ‘चुली’ उपन्यासभित्र प्रयुक्त नैतिक तथा दार्शनिक सूक्तिहरु | ५४ |
| ३.९.२ | ‘चुली’ उपन्यासभित्र प्रयुक्त अनुकरणात्मक शब्दहरु | ५८ |
| ३.९.३ | ‘चुली’ उपन्यसभित्र प्रयुक्त आगन्तुक शब्दहरु | ५८ |
| ३.१० | प्रतीक र बिम्ब | ६२ |
| ३.११ | गति र लय | ६३ |
| ३.१२ | ‘चुली’ उपन्यासको शीर्षकको सार्थकता | ६५ |

| | | |
|---|---|---|
| | परिच्छेद चार | ६६ |
| ४.१ | उपसंहार | ६६-६७ |
| ४.२ | शोधकार्यको सीमाहरु | ६७ |
| ४.३ | शोधकार्यको लागि सम्भावित शीर्षक | ६७ |
| | सन्दर्भसामग्रीसूची | |
| | परिशिष्ट | |

# परिच्छेद एक
# शोधपरिचय

## १.१ शोधकार्यको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **चुली उपन्यासको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनार्थ रहेको छ ।

## १.३ विषयपरिचय

सरूभक्त (२०१२) नेपाली साहित्यका क्षेत्रमा मुक्तककार, कवि, नाटककार, कथाकार, उपन्यासकार, सम्पादक आदिका रूपमा परिचित छन् । उनका **एक अविनवको आत्मकथा** (२०४४), **पागलबस्ती** (२०४८), **तरुनीखेती** (२०५३), **समयत्रासदी** (२०५८) र **चुली** (२०६०) गरी पाँचवटा उपन्यास प्रकाशित भइसकेका छन् । उनले विभिन्न उपन्यासमा विभिन्न विषयवस्तुको प्रयोग गरेका छन् । उनको पाँचौँ उपन्यास **चुली** (२०६०) हिमालको सौन्दर्य र हिमाल आरोहणको विषयवस्तुमा आधारित छ । यस उपन्यासमा हिमाल आरोहणको कष्ट र मानवीय जीवनको कष्टलाई तुलनात्मक रूपमा हेरिएको छ । जसरी कल्पनाले मात्र चुलीमा पुग्न सकिँदैन त्यसैगरी जीवन सङ्घर्षशील भएकाले भावनाले मात्र लक्ष्यमा पुग्न सकिँदैन भन्ने आशय यहाँ देखिन्छ । सगरमाथाको चुलीलाई देखाई सङ्घर्षमय जीवन नै वास्तविक जीवन हो भन्ने कुरालाई यसमा देखाइएको छ । त्यसैले यस उपन्यासको यहाँ विश्लेषण गरिएको छ ।

## १.४ समस्याकथन

**चुली** (२०६०) उपन्यासमा हिमाल आरोहणसँग सम्बन्धित विषयवस्तु भए पनि यसका बारेमा छिटफुट रूपमा कहीँ कतै नामोल्लेख भए पनि यसको पूर्ण अध्ययन हुन बाँकी छ । त्यसैले यसको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधकार्यको मूल समस्या रहेको छ । प्रस्तुत शोधकार्य यी समस्याहरूसँग सम्बन्धित रहेको छ :

(क) सरूभक्तको साहित्यिक रचनाधर्मिता कस्तो छ ?

(ख) औपन्यासिक तत्त्वका दृष्टिले **चुली** उपन्यास के कस्तो छ ?

(ग) आधुनिक नेपाली उपन्यास परम्परामा **चुली**को कस्तो स्थान छ ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य यसप्रकार रहेको छ-

(क) सरूभक्तको साहित्यिक रचनाधर्मिताको निरूपण गर्नु ।

(ख) औपन्यासिक तत्त्वका आधारमा **चुली** उपन्यासको विश्लेषण गर्नु ।

(ग) आधुनिक नेपाली उपन्यास परम्परामा **चुली** उपन्यासको स्थान निर्धारण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

**चुली** (२०६०) उपन्यासका बारेमा कुनैकुनै पुस्तकमा छिटफुट चर्चा गरिएको छ, जसको सङ्क्षिप्त विवरण कालक्रमिक रूपमा यहाँ देखाइन्छ :

कृष्णचन्द्रसिँह प्रधानले **चुली** (२०६०) उपन्यासको 'मात्रै हिँडिरहनुपर्छ क्रेम्पोन पाइलाहरू' शीर्षकमा **चुली** मानवीय जीवनको कष्टसाध्य कथाको नमुना हो भनेका छन् त्यसै गरी नेत्र एटमले **सीमान्त आकाशः स्रष्टासितको अन्तर्यात्रा** (२०६१) पुस्तकको 'अहङ्कारको चुलीमा सृजनात्मक सन्तुलन' शीर्षकमा **चुली**का विशिष्ट पङ्क्तिहरू उद्धृत गर्दै चुलीको महत्त्व दर्शाएका छन् ।

## १.७ शोधकार्यको औचित्य

पूर्वकार्यको रूपमा देखिएका यस उपन्याससँग सम्बन्धित कार्यहरू अपूरा र सामान्य चर्चा परिचर्चा मात्र भएकाले **चुली** उपन्यासको पूर्ण रूपमा अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको औचित्य रहेको छ ।

## १.८ शोधकार्यको सीमा□न

प्रस्तुत शोधकार्य **चुली** (२०६०) उपन्यासको कृतिपरक अध्ययनमा सीमित रहेको छ । औपन्यासिक तत्त्वका आधारमा यस उपन्यासको विश्लेषण तथा मूल्याङ्कनमा प्रस्तुत शोधकार्यलाई सीमाङ्कन गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्य गर्दा पुस्तकालयीय अध्ययन पद्धतिलाई अपनाइएको छ । विभिन्न पुस्तकको विश्लेषण, लेख आदिलाई सन्दर्भसामग्री बनाइएको छ । यसका साथै सम्बन्धित साहित्यकारसँगको अन्तर्वार्ता र पत्रपत्रिकाहरूमा भएका चर्चापरिचर्चालाई समेत स्रोतसामग्री बनाइएको छ । यसमा औपन्यासिक तत्त्वलाई आधार बनाई उपन्यासको अध्ययनमा विश्लेषणात्मक विधि अपनाइएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नलिखित चार परिच्छेदमा विभाजन गरिएको छ :

**परिच्छेद एक** : शोधकार्यको परिचय

**परिच्छेद दुई** : सरूभक्तको साहित्यिक रचनाधर्मिताको परिचय

**परिच्छेद तीन** : औपन्यासिक तत्त्वका आधारमा **चुली** उपन्यासको विश्लेषण,

**परिच्छेद चार** : उपसंहार

# परिच्छेद दुई

# सरुभक्तको साहित्यिक रचनाधर्मिताको परिचय

## २.१ जन्म र जन्मस्थान

सरूभक्तको जन्म वि.सं. २०१२ साल असोज महिनाको ३ गते तीज पर्वका दिन मध्यमश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अञ्चलको पोखराको बागबजारमा भएको हो । उनको वास्तविक नाम भक्तबहादुर श्रेष्ठ भए पनि साहित्य जगत्मा सरूभक्तका नामले परिचित छन् । उनका बुवाको नाम गणेशबहादुर श्रेष्ठ र आमाको नाम लक्ष्मी श्रेष्ठ हो ।

## २.२ पारिवारिक जीवन

सरूभक्त परिवारमा जेठो सन्तानका रूपमा जन्मेका हुन् । उनका चारजना भाइहरू र दुईवटी बहिनीहरू छन् । पोखरालाई नै पुर्ख्यौली थलो मान्ने उनको बाल्यकाल आमाबाबुको न्यानो काख र बज्यैको अपार मायाका साथमा बितेको हो । उनका बुबाआमा व्यापारी हुन् । बुबा प्रसिद्ध व्यापारीका साथै प्रसिद्ध नर्तक पनि हुन् । भैरबजात्रा, गाईजात्राजस्ता पर्वहरूमा बुबा नाच्दै हिँडेका बेला उनी पनि खाजा खाँदै पछ्याउँदै हिँड्थे (हेर्नू: परिशिष्ट) । उनी व्यापारिक वातावरणमा हुर्किए पनि पढाइमा खासै असर नपरेको बताउँछन् । गोरो वर्णका, अग्ला, केही लामो कपाल पालेका, हाँसी-हाँसी बोल्ने उनी हालसम्म अविवाहित छन् । उनी विवाह नगर्नाको कारण खुलेर बताउँदैनन् । उनी दार्शनिक पारामा 'मलाई नरोजेको सुखभन्दा रोजेको दुःख नै प्यारो छ' भन्छन् (एटम, २०६२ : पृ. ४२९) । सुखका बाटाहरू धेरै भए पनि उनी ती बाटामा नहिँडेर दुःखको बाटो रोज्न मन परेको बताउँछन् । उनकी एक धर्म छोरी सरस्वती लालचन छिन् । उनलाई परिवारले पनि स्विकारेकाले उनी खुसी छन् । उनका दुईजना भाइहरू र दुईवटी बहिनीहरू विवाहित छन् । उनीबाहेक परिवारका अन्य सदस्यहरू व्यापारमै केन्द्रित छन् । उनका तीनजना भाइहरू व्यापार र अध्ययनका सिलसिलामा विदेशमा छन् । सुरुमा पढाइमा केही कमजोर भए पनि पछि बोर्डिङ स्कुल पढ्न थालेपछि उनको पढाइ राम्रो भएको हो । उनले नेपालका विभिन्न ठाउँहरू र भारतको बनारस र अमेरिकासम्मको भ्रमण गरेका छन् (हेर्नू: परिशिष्ट) । मदिरापान नगर्ने, कहिलेकाहीँ चुरोट पिउने, चियाभन्दा पानी पिउन रुचाउने र समय पाउनासाथ साहित्य रचनातर्फ केन्द्रित हुने सरूभक्तको पारिवारिक जीवन सुखमय रहेको छ ।

## २.३ शिक्षादीक्षा

सरूभक्त पोखराको एक मध्यमवर्गीय व्यापारिक परिवारमा जन्मिएका हुन् । उनले पोखराकै स्थानीय बहुद्देश्यीय विद्यालयबाट अक्षारारम्भ गरी त्यहीँबाट कक्षा पाँचसम्म पढेका हुन् । तत्कालीन समयमा बोर्डिङ स्कुल खुलेपछि सोही स्कुलमा पढ्न थालेका उनले त्यहीँबाट एस्.एल.सी. सम्मको पढाइ पनि पूरा गरे । हाल उक्त बोर्डिङ स्कुलको नाम 'गण्डकी बोर्डिङ स्कुल' रहेको छ (खड्का, २०६२: पृ.४) । उनी कक्षा पाँचमा एक पटक फेल भए पनि त्यसपछि कक्षा १० सम्म सधैँ प्रथम भएका हुन् । उनले पोखराकै पृथ्वीनारायण क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तह र स्नातक तह उत्तीर्ण गरेका छन् । स्नातकोत्तर तहको अध्ययन गर्न काठमाडौँको त्रि.वि. कीर्तिपुरमा आइपुगेका सरूभक्तले अर्थशास्त्र, इतिहास, समाजशास्त्र, अङ्ग्रेजीजस्ता विषयमा भर्ना गरे पनि औपचारिक रूपमा त्यो तह पूरा गरेका छैनन् । अझसम्म उनी स्वअध्ययनमा निरन्तर लागिपरेका छन् ।

## २.४ आजीविका

सरूभक्तले आफ्नो जीविकोपार्जनका रूपमा साहित्यिक क्षेत्रलाई अँगालेका छन् । उनले हालसम्म साहित्यिक क्षेत्रअन्तर्गत विभिन्न काम गरेको देखिन्छ । उनले विभिन्न विधामा कलम चलाएर नेपाली साहित्यलाई धनी बनाउने काम गर्नुका साथै विभिन्न सङ्घसंस्थासँग आबद्ध रहेर विभिन्न कार्य गरेका छन् । पत्रपत्रिकाको सम्पादन गर्नु, साहित्यका काव्य, आख्यान, नाटकजस्ता विधाहरूको सिर्जना गर्नु, नाटकहरू मञ्चन गर्नु, अभिनय गर्नु, निर्देशन गर्नु, ने.रा.प्र.प्र. मा प्राज्ञ भएर कार्यभार सम्हाल्नु, विभिन्न ठाउँमा साहित्यिक गतिविधि सञ्चालन गर्नु, पुस्तक सम्पादन गर्नुजस्ता क्रियाकलापहरू नै उनको जीवनचर्या बनेको छ । भावनात्मक रूपले राजनीतिको समर्थन गरे पनि त्यसैमा लागि नपर्ने सरूभक्त आफ्नो जीवन साहित्यमा नै समर्पित गरिरहेका छन् ।

## २.५ लेखनप्रेरणा

सुरुका दिनहरूमा पढाइमा भन्दा खेलकुदमा रमाउने सरूभक्तलाई बुवाले गाईजात्रा, भैरवजात्रामा हुने सांस्कृतिक कार्यक्रममा भाग लिँदा आफू पछिपछि गएर हेरेका कारण कला क्षेत्रमा आउने प्रेरणा मिल्यो । त्यसपछि उनी लेखन क्षेत्रमा आएका हुन् । बाह्र-तेह्र वर्षको उमेरदेखि नै सिर्जनाहरू रचेर गुरुहरूलाई देखाउँथे र स्यावासी पाएपछि झन् प्रेरित बन्थे (हेर्नू: परिशिष्ट) । तत्कालीन समयका देवानन्द स्वामी १०८ को पुराण, महाभारत वाचनशैली र

गुरुहरूको कथा-कविता वाचनशैलीले पनि साहित्यमा आउन प्रेरणा मिल्यो । गुरुहरूको नक्कल गर्दै साहित्यिक कृतिहरू पढ्न थालेपछि अझ साहित्यतर्फ आकर्षित भए (हेर्नू: परिशिष्ट) । उनको साहित्य लेखनको सुरुवात कविता लेखनबाट भएको हो । कक्षा ६ मा पढ्दादेखि नै कविता रचना गरे पनि उनको प्रथम औपचारिक कविता भने २०३४ सालको **रूपरेखा** पत्रिकामा प्रकाशित 'तीन मुक्तक' हो । यही समयमा पोखराबाट निस्कने साप्ताहिक पत्रिका **आह्वान**मा 'मलाई दुईवटा सूर्य देऊ' भन्ने कविता पनि प्रकाशन भएको छ । यसरी उनी स्कुले जीवनदेखि साहित्य र जीवन एकाकार भएको ठान्दछन् (एटम, २०६२: पृ. ४२८) । विश्वका साहित्यकारहरूमध्ये महर्षि वेदव्यास र उनको **महाभारत** सबभन्दा बढी मन पराउँछन् । नेपाली साहित्यका देवकोटा, सम, विजय मल्ल, भूपि शेरचन, पारिजातका कृतिहरू मन पराउँछन् र ती कृतिबाट प्रभाव र प्रेरणा ग्रहण गर्छन् । यी बाहेक जिज्ञासु, अध्ययनशील एवम् लगनशील विशेषताले गर्दा उनी जुनसुकै साहित्यिक कृति पढ्छन् र प्रेरणा लिन्छन् । उनी रमणीय स्थानको भ्रमण गरी ती स्थानका मनमोहक दृश्यका बारेमा रचनाहरू सिर्जना गर्छन् । उनले नेपाली साहित्यको भण्डारमा दर्जनौं साहित्यिक कृति थपिसकेका छन् ।

## २.६ साहित्यिक सङ्घसंस्थामा संलग्नता

सरूभक्त सानैदेखि साहित्य लेखनमा लागिपरेका व्यक्ति हुन् । उनले साहित्यसँग सम्बन्धित विभिन्न सङ्घसंस्थासँग सम्बद्ध रही विभिन्न काम गरेका छन् । ती सङ्घसंस्थाहरूलाई यसरी देखाउन सकिन्छ :

१. अध्यक्ष, पोखरा सार्वजनिक पुस्तकालय (२०४९)

२. संस्थापक, राष्ट्रिय बालप्रतिभा पुरस्कार, पोखरा (कुमुदिनी होम्स-२०५६)

३. संस्थापक, पोखरेली युवा सांस्कृतिक परिवार (२०४९)

४. संस्थापक, युवा नाटक परिवार, पोखरा (२०३५)

५. संयोजक, संरक्षण कविता आन्दोलन (२०५५)

६. संस्थापक सल्लाहकार, प्रतिबिम्ब नाट्य परिवार

७. संयोजक, आत्मलोचना गोष्ठी

८. प्राज्ञ, ने.रा.प्र.प्र. काठमाडौं

(आत्मालोचना गोष्ठीमा साहित्यकारहरू जम्मा भएर आफूले गरेको कमीकमजोरीहरूको आफैँले आलोचना गरिन्छ ) ।

## २.७ सम्मान तथा पुरस्कारहरू

बाल्यकालदेखि साहित्य सिर्जनामा निरन्तर रूपमा लागिरहेका सरूभक्तलाई साहित्य सेवा गरेबापत विभिन्न किसिमका सम्मान तथा पुरस्कारहरू प्रदान गरिएका छन् । उनले पाएका सम्मान तथा पुरस्कारहरूलाई यसरी देखाउन सकिन्छ :

१. राष्ट्रिय कविता महोत्सव, तृतीय पुरस्कार (ने.रा.प्र.प्र. २०३५)

२. अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष, सर्वोत्तम नाटक पुरस्कार (२०३८)

३. त्रि.वि. साहित्य प्रतियोगिता, प्रथम (२०३९)

४. वुशाक स्वर्ण पदक, नेपाल जेसिस (२०३९)

५. राष्ट्रिय युवा महोत्सव, सर्वोत्तम नाटक पुरस्कार (२०४१)

६. जी.ए.ए. प्रतियोगिता, सर्वोत्तम नाटक पुरस्कार (ने.रा.प्र.प्र. २०४१)

७. राष्ट्रिय कविता महोत्सव, प्रथम पुरस्कार (ने.रा.प्र.प्र. २०४२)

८. राष्ट्रिय नाट्य महोत्सव, सर्वश्रेष्ठ नाटककार (ने.रा.प्र.प्र. २०४२)

९. युवावर्ष मोती पुरस्कार (२०४३)

१०. गाईजात्रा हास्यव्यङ्ग्य महोत्सव, सर्वोत्तम व्यङ्ग्य मुक्तककार (ने.रा.प्र.प्र. २०४३)

११. आरोहण सम्मान (२०४७)

१२. मदन पुरस्कार (२०४८)

१३. लोकेन्द्र साहित्य पुरस्कार (२०५१)

१४. रत्नश्री पुरस्कार (२०५२)

१५. शिरोमणि पुरस्कार (२०५४)

१६. नेपाली बाल साहित्य पुरस्कार (२०५४)

१७. कुमुदिनी कला साहित्य पुरस्कार (२०५६)

१८. गोपीनाथ अर्याल रङ्गमञ्च प्रतिभा पुरस्कार (२०५६)

१९. गणेश-खीलकुमारी दुवाल प्रतिभा पुरस्कार (२०५६)

२०. नमस्ते साङ्गीतिक सम्मान (२०५६)

२१. गँकी बसुन्धरा पुरस्कार (२०५७)

२२. थकाली सेवा समिति, केन्द्रीय सम्मान (२०५७)

२३. पर्वत साहित्य सम्मान (२०५८)

२४. वीरेन्द्र-ऐश्वर्य पदक (२०५८)

२५. म्युजिक नेपाल सम्मान (२०५८)

२६. पृथ्वीनारायण क्याम्पस, स्व.वि.यू. सम्मान (२०५९)

२७. उपन्यास शतवार्षिकी सम्मान, गँकी बसुन्धरा प्रतिष्ठान (२०६०)

२८. शुक्ला साहित्य पुरस्कार (२०६१)

२९. डबली पुरस्कार (२०६१)

३०. न्युयोर्क कलामञ्च, सम्मान (२०६२)

३१. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, सम्मान (२०६२)

(राष्ट्रिय नाटक महोत्सव- २०६३ मा प्रदान गरिएका दुई पुरस्कार : सर्वश्रेष्ठ निर्देशक र अभिनयमा प्रशंसा अस्विकार) ।

यसरी विभिन्न पुरस्कार प्राप्त गरेर सरूभक्त साहित्य लेखनमा उत्साहित बनेका छन् । हुनतः उनको प्रयास र योगदानअनुसारको पुरस्कार कमै भएको देखिन्छ तापनि यसले उत्साह भने थपेकै छ । अझ उत्साहप्रद भई साहित्य साधनामा सरूभक्त लागिरहनेछन् भन्ने पाठकहरूबाट आशा राखिन्छ ।

## २.८ सरुभक्तका लेखनका विविध आयाम

### २.८.१ मुक्तककार सरुभक्त

सरूभक्तको साहित्यिक जीवनको सुरुवात नै **रूपरेखा** (२०३४) मा प्रकाशित 'तीन मुक्तक' बाट भएकाले उनको रुचि मुक्तकतर्फ भएको देखिन्छ । उनका मुक्तकसम्बन्धी कृतिहरू यसप्रकार छन् :

१. **बन्द खामभित्र** (मुक्तकसङ्ग्रह-२०३५)

२. **हजार बुद्धहरू** (मुक्तकसङ्ग्रह-२०६१)

**बन्द खामभित्र** (२०३५) उनको प्रथम प्रकाशित मुक्तकसङ्ग्रह हो । यी कृतिहरूका मुक्तकमा मानिसका जीवनमा आइपर्ने पीडाहरूको चित्रण गरिएको छ । उनी मानिसको अस्तित्व खतरामा परेको छ, शोषकहरूले शोषण गरिरहेका छन्, शोषितहरू झन् पीडित बन्दै गइरहेका छन्, तसर्थ त्यस्ता कु-प्रवृत्तिहरू हटाएर सुनौलो भविष्य निर्माण गर्नुपर्छ भन्ने आशय राख्दछन् । पुर्खाहरूप्रति श्रद्धा देखाउँदै आउने त्रसित समयबाट भयभीत रहनुपरेको तथ्य उनका मुक्तकहरूमा देख्न सकिन्छ । अव्यक्त प्रेमलाई प्रकट गरेका उनका मुक्तकहरूले सफल प्रेमको कामना गरेका छन् । समग्रमा हेर्दा उनका मुक्तकहरूमा सरल भाषाशैली, छोटाछोटा भावयुक्त वाक्य, तत्कालीन परिस्थिति र सिङ्गो जीवनको चित्रण पाइन्छ । त्यसैले उनी सफल मुक्तककार हुन् ।

## २.८.२ कवि सरूभक्त

मुक्तकपछि दोस्रो विधाको रूपमा सरूभक्तले कवितालाई लिएका छन् । उनले थुप्रै कविताहरू लेखेका छन् । उनका प्रकाशित कविताहरूलाई यसरी राख्न सकिन्छ :

१. **बोक्सीको आह्वान र घोषणापत्र** (कवितासङ्ग्रह २०४०)

२. **कवि, प्रेमी र पागल** (कवितासङ्ग्रह २०५०)

३. **कुरूप मशिहा** (खण्डकाव्य २०५४)

४. **ज्यानमाया** (खण्डकाव्य २०५६)

५. **कापुरुष** (खण्डकाव्य २०५७)

६. **प्रयोगभित्र** (कवितासङ्ग्रह २०५८)

७. **झुमा** (खण्डकाव्य २०६१)

८. **इतर समय** (कवितासङ्ग्रह २०६१)

९. **भैंडीगोठ** (काव्य २०६३)

सरूभक्तले फुटकर कवितादेखि  खण्डकाव्य स्तरसम्मका कविताहरू रचना गरेका छन् । उनले आफ्ना कवितामा ईश्वरीय रूपको मानवको कल्पना गरेका छन् । आजको मानिस हरतरहले चिन्ताग्रस्त बनी विवश जिन्दगी बिताउन बाध्य छ, उसले उज्यालोको कल्पना गर्दा अँध्यारो आइपर्छ, ऊ आफ्नै लापरबाहीले गर्दा समाप्त भएको छ भन्ने भाव उनका कवितामा पाइन्छ । उनी विज्ञानलाई नरभक्षकका रूपमा चित्रण गर्छन् । सम्पूर्ण मानव जीवनमा कर्फ्यू

लागेको छ भन्दै युद्धले ग्रस्त समाजको चित्रण गर्नु उनका कविताको आशय हो । समग्रमा हेर्दा उनका कविताहरूमा सुनौलो भविष्यको कल्पना गर्नु, विश्व शान्तिको चाहना राख्नु, प्रकृतिप्रेम दर्साउनु, मानव मृत्युको भयावह चित्रण गर्नु, नारी वर्गप्रति सहानुभूति दर्साउनुजस्ता विशेषताहरू देखिन्छन् । उनका फुटकर कविताहरू मुक्त छन्दका छन् भने **ज्यानमाया**, **झुमा**जस्ता खण्डकाव्यहरू लोकलयमा छन् । लोकलयमा भएका खण्डकाव्यहरूको भाषा सुबोध छ भने फुटकर कविताहरूमा गहन छ । प्रतीकात्मकता, पौराणिक मिथकहरूको प्रयोग, अङ्ग्रेजी शब्दको अधिक प्रयोग उनका कवितामा पाइने विशेषताहरू हुन् । उनी अन्य विधामा जस्तै कविता विधामा पनि सशक्त भएर देखिएका छन् ।

### २.८.३ नाटककार सरुभक्त

सरूभक्तले विभिन्न क्षेत्रको विषयवस्तुलाई समेटेर थुप्रै नाटक लेखेका छन् । उनका प्रकाशित नाटकहरूलाई यसरी देखाउन सकिन्छ :

१. **युद्ध उहीः ग्याँसच्याम्बरभित्र** (२०३९)

२. **इतिहासभित्रको इतिहास** (२०४१)

३. **शिशिरका अन्तिम दिनहरू** (२०४२)

४. **इथर** (२०४३)

५. **गाउँघरका नाटक** (२०५०)

६. **बालबालिकाको नाटक** (२०५३)

७. **असमय-अमौसम** (२०५४)

८. **निमावीय** (२०५५)

९. **यशोधम्मो सनंतनो** (२०५५)

१०. **जस्तो दन्त्यकथा** (२०५७)

११. **सिरुमा रानी** (२०६१)

१२. **गाउँको कथा यस्तै हुन्छ है** (नाटकसङ्ग्रह २०६१)

१३. **शरणार्थीहरू** (२०६३)

उनले पूर्णाङ्की र एकाङ्की दुवै थरीका नाटक लेखेका छन् । उनका एक दर्जन नाटक प्रकाशित भइसकेका छन् भने थुप्रै नाटक अप्रकाशित छन् । यसरी हेर्दा उनी अन्य विधामा भन्दा नाटक विधामा बढी सशक्त देखिन्छन् । उनी नाटकमा पूर्वीय बौद्ध-दर्शन एवम् पाश्चात्य दर्शनबाट प्रभावित शून्यवादको प्रयोग गर्छन् (खड्का, २०६१: पृ. १५) । 'सरूभक्तले सामाजिक विषयदेखि राजनीतिक, वैज्ञानिक, ऐतिहासिक र पुरातात्विक विषयसम्मलाई लिएर नाट्य रचना गरेका छन्' (उपाध्याय, २०६१: पृ. २४७) । उनले आफ्ना नाटकका माध्यमबाट वैज्ञानिकताको परिचय दिएका छन् । 'उनी प्रथम विज्ञान नाटककार हुन्' (उपाध्याय, २०६१: पृ. २४८) । उनले मानवीय र मानवेतर दुवै थरीका पात्रहरू प्रयोग गरेका छन् । बालबालिकाहरूका लागि तयार पारिएका नाटकहरूको भाषाशैली सरल र सुबोध छ भने अन्य नाटकहरूमा जटिल भाषाशैली पाइन्छ । सबै पाठकले उनका नाटकहरू पढेर सजिलै अर्थ ग्रहण गर्न सक्दैनन् । उनी नाटकमा विविध विषयवस्तुको प्रयोग गर्छन् तर सम्पूर्ण नाटकको केन्द्रबिन्दुमा प्रेम रहेको छ । उनी नाटक लेखनमा निरन्तर रूपमा लागिरहेका छन् ।

### २.८.४ कथाकार सरुभक्त

सरूभक्तले अन्य विधाका साथसाथै कथा विधामा पनि साहित्य रचना गरेका छन् । उनी विज्ञान कथाकार हुन् । उनका प्रकाशित कथाहरू यसप्रकार छन् :

१. **एक अविनवको आत्मकथा** (विज्ञान कथासङ्ग्रह २०४४)

२. **छोरी ब्रम्हाण्ड** (विज्ञान कथासङ्ग्रह २०४७)

३. **यामागल** (विज्ञान कथासङ्ग्रह २०५४)

४. **पदार्थका गीतहरू** (विज्ञान कथासङ्ग्रह (२०६३)

उनका चारवटा विज्ञान कथासङ्ग्रह प्रकाशित भइसकेका छन् भने अन्य अप्रकाशित छन् । उनले आफ्ना कथाहरू सबै विज्ञानकै केन्द्रीयतामा लेखेका छन् । नेपाली साहित्यमा अन्य विषयमा साहित्य रचना भए पनि विज्ञानमा त्यति रचना नभएको ठान्ने सरूभक्त आधुनिक युगमा विज्ञानको उपयोग गरिरहेको बेलामा साहित्य विज्ञानबाट निरपेक्ष भएर बाँच्न सक्दैन भन्छन् (हेर्नू : परिशिष्ट) । विश्वसाहित्यमा विज्ञान साहित्यको अभूतपूर्व उन्नति भएको ठान्ने उनी विज्ञानले पारेको नकरात्मक असरको चित्रण गर्छन् । आजका मानिसहरू विज्ञानको भयावह अवस्थाबाट पीडित छन्, विज्ञानले मानिसहरूको अस्तित्व सङ्कटमा पारिरहेको छ भन्ने आशय उनका कथाहरूमा पाइन्छ । मानिसले आजको परिवेशमा जसरी भए पनि आफूलाई

बचाउनु पर्छ भन्ने आग्रह उनको छ । यसरी विज्ञानसम्मत विषयवस्तुको प्रयोग गर्नु, विज्ञानजस्तो विषयलाई कथाका माध्यमबाट प्रस्तुत गर्नु उनको खुबी हो । स्वैरकल्पनाका साथमा वास्तविकता मिसाएर कथात्मक रूपमा प्रस्तुत गर्नु, कथाको शैली रोचक र सूचनात्मक हुनु, दन्त्यकथाजस्तो बनाएर विज्ञानलाई प्रस्तुत गर्नु उनका कथागत विशिष्टता हुन् । तसर्थ उनी एक सफल विज्ञान कथाकार हुन् ।

### २.८.५ उपन्यासकार सरुभक्त

१. **एक अविनवको आत्मकथा** (विज्ञान उपन्यास २०४४)

२. **पागलबस्ती** (उपन्यास २०४८)

३. **तरुनी खेती** (उपन्यास २०५३)

४. **समयत्रासदी** (उपन्यास २०४८)

५. **चुली** (उपन्यास २०६०)

यसरी उनले आधा दर्जन उपन्यासहरूको प्रकाशन गराइसकेका छन् । विज्ञानसम्बन्धी विषयवस्तुलाई कथामा मात्र प्रस्तुत नगरेर उपन्यासमा पनि प्रस्तुत गरेका छन् । उनको प्रथम उपन्यास **एक अविनवको आत्मकथा** यसको उदाहरण हो । वैज्ञानिक साहित्य चेतना विश्वसाहित्यको तुलनामा कम भएको ठान्ने सरूभक्त विज्ञान साहित्यमा वैज्ञानिक कल्पना र वास्तविकताको उचित सम्मिश्रण गर्नुपर्छ भन्छन् (हेर्नू: परिशिष्ट) । विज्ञानले गरेका विकृति-विसङ्गतिहरूलाई पनि साहित्यमा राख्न सक्नुपर्छ भन्ने उनी विज्ञान साहित्य लेख्न कठिन छ तर नेपालका सन्दर्भमा अति आवश्यक भएको ठान्छन् । उक्त उपन्यासमा विज्ञानसँग सम्बन्धित स्वैरकल्पनाको प्रयोग गरेका छन् । उनको दोस्रो उपन्यास **पागलबस्ती** (२०४८) मा दुर्घटित प्रेम उद्घाटित भएको छ भने तेस्रो उपन्यास **तरुनी खेती** (२०५३) मा पुरुषप्रधान समाजमा पुरुषहरूले नारीहरूप्रति गर्ने व्यवहारको पर्दाफास गरिएको छ । **समयत्रासदी** (२०४८) मा समकालीन र भविष्यमा आउनसक्ने भयावह समाजको चित्रण गरिएको छ । **चुली** (२०६०) उपन्यास हिमाल आरोहणसँग सम्बन्धित भएर लेखिएको उपन्यास हो । विज्ञानलाई उपन्यासमा प्रयोग गर्नु, सामाजिक यथास्थितिलाई उतार्नु, भविष्यको भयभीत समयको परिकल्पना गरी त्यसबाट बच्न सचेत गराउनु, दुर्घटित प्रेमको चित्रण गर्नु, स्वैरकल्पनाको प्रयोग गर्नु आदि सरूभक्तका औपन्यासिक प्रवृत्तिका रूपमा देखापर्छन् । उनले नेपाली उपन्यास परम्परालाई नवीनताका साथ अगाडि डोऱ्याइरहेका छन् । उनी एक सफल उपन्यासकार हुन् ।

### २.८.६ गीतकार सरुभक्त

सरूभक्तका विविध साहित्यिक व्यक्तित्वमध्ये गीतकार पनि एक हो । उनका समग्र गीतहरूको सङ्ग्रह **मनभरि माटोभरि** (२०६१) हो । यसमा जम्मा १६० वटा गीतहरू रहेका छन् । यो गीतसङ्ग्रहको भूमिकामा कृष्णहरि बरालले सरूभक्तका गीतहरूको व्याख्या गरेका छन् । पप गीतहरू लेखेर साङ्गीतिक यात्रामा समेत सरिक बनेका उनी जीवनका विविध क्षणलाई गीतमा उतार्छन् । संरक्षण कविता आन्दोलनका क्रममा गाउँगाउँ जाँदा त्यहाँको जनजीवनमा भिजेको कुरालाई गीतमा उतारेको बताउने सरुभक्तका आठवटा गीतमा विभिन्न गायकले स्वर दिइसकेका छन् । उनी यिनै गीतमार्फत् कुना कन्दराका गाउँमा आफूलाई धेरैले चिन्दछन् भन्छन् (**गोरखापत्र**: २०६२, पौष २३, पृ. १४) । उनका गीतहरूमा निम्नस्तरीय जनजीवनदेखि उच्चस्तरीय जनजीवनको चित्रण पाइन्छ । धेरैजसो गीतहरूमा सरल शब्दावली पाइन्छन् भने थोरैजसो गीतहरूमा दुर्बोध्यता पाइन्छ । समग्रमा उनी सफल गीतकार हुन् ।

### २.८.७ बालसाहित्यकार सरुभक्त

सरूभक्त बालसाहित्यका क्षेत्रमा पनि अग्रसर भएका छन् । उनका बालसाहित्यसम्बन्धी प्रकाशित पुस्तकहरू यसप्रकार छन् :

१. **बालबालिकाहरूको नाटक** (नाटकसङ्ग्रहः २०५३)

२. **अँध्यारो कोठा** (बालउपन्यासः २०६०)

सरूभक्तका यी दुई कृतिहरू बालबालिकाहरूको मानसिकतासँग आधारित भएर लेखिएका छन् । **बालबालिकाहरूको नाटक**भित्र 'भूत', 'खेल' र 'यति'का कथाहरू भएका तीनवटा नाटकहरू छन् । 'भूत'भित्र बालबालिकाहरूको भूतसँग तर्सने स्वभाव केवल मनको डरमात्र हो भन्ने आशय पाइन्छ भने 'खेल'भित्र जे पायो त्यही खेल नखेल्नु, स्वस्थ्य रहनमात्र खेल खेल्नुपर्छ र स्वस्थ खेलले मात्र मानिसलाई स्वस्थ बनाउँछ भन्ने आशय देखिन्छ । 'यति' नाटक खुम्बु क्षेत्रका शेर्पाहरूको लोककथामा आधारित रहेर लेखिएको नाटक हो । त्यसैगरी **अँध्यारो कोठा** उपन्यासमा बालबालिकाहरूको मनोभावलाई मानवेतर पात्रका माध्यमद्वारा देखाउन खोजिएको छ । यसरी उनी बालबालिकाहरूको मानसिक जगत्को चित्रण गर्नुका साथै बालबालिकाहरूलाई सही बाटोतर्फ डोऱ्याउन प्रोत्साहित गर्ने बालसाहित्यकार हुन् ।

### २.८.८ सम्पादक सरुभक्त

साहित्यको सिर्जनामा मात्र नभएर सरूभक्तको योगदान अन्य सर्जकहरूद्वारा सिर्जित कृतिहरूको सम्पादन गर्नमा पनि रहेको छ । उनले सम्पादन गरेका पत्रिका र कृतिहरू यसप्रकार छन् :

१. **सारस्वत**, नेपाली वाङ्मयिक त्रैमासिक (सहसम्पादन)

२. **सारस्वत**, पोखरेली प्रतिनिधि कवितासङ्ग्रह (२०४७)

३. **सिद्धिचरण जेल संस्मरण** (२०५२)

४. **संरक्षण कविता यात्रा** (२०५३)

५. **थाय भूः** नेवारी अर्धवार्षिक पत्रिका (२०६३)

उनका सम्पादित कृति वा पत्रिकाहरूलाई हेर्दा उनले एक सफल र सबल समाजको चाहना गरेका छन् । आजको राष्ट्रिय परिप्रेक्ष्यमा जातीय तथा साहित्यिक समाजको उन्नति गर्नु आवश्यक ठानी **थाय भूः** नेवारी पत्रिकाको सम्पादन गरेका छन् (हेर्नूः परिशिष्ट) । उनी समाजलाई नयाँ दिशातर्फ अग्रसर गराउन चाहन्छन् ।

## २.९ सरुभक्तको औपन्यासिक यात्राको चरणविभाजन

साहित्यका सबै विधामा कलम चलाउने सरूभक्त नाटकका क्षेत्रमा विशेष सफल देखिन्छन् । यति भएर पनि उनी आख्यानका क्षेत्रमा समेत निकै सबल छन् । उनका प्रकाशित उपन्यासहरूमा **एक अविनवको आत्मकथा** (२०४४), **पागलबस्ती** (२०४८), **तरुनी खेती** (२०५३), **समयत्रासदी** (२०५८), **चुली** (२०६०) र **एक अँध्यारो कोठा** (बालउपन्यास) रहेका छन् । यिनै उपन्यासहरूका आधारमा उनको औपन्यासिक यात्राको मोटामोटी चरण विभाजन यसरी गर्न सकिन्छ :

**१. प्रथम चरण (२०४४-२०४७)**

यस चरणमा सरूभक्तको एकमात्र उपन्यास **एक अविनवको आत्मकथा** (२०४४) रहेको छ । यो विज्ञानसँग सम्बन्धित विषयवस्तुमा आधारित भएर लेखिएको उपन्यास हो । यसले नेपाली उपन्यास परम्परामा नवीन विषयवस्तु भित्र्याएको छ । यसमा वैज्ञानिक युगमा आइपर्ने त्रासदीहरूको चित्रण गरिएको छ । विज्ञानको अविष्कारले मानवीय जीवनमा आइपर्ने खतराहरूप्रति सचेत गराउनु यस उपन्यासको विशेषता हो । यसमा वैज्ञानिक विषयवस्तुलाई

स्वैरकल्पनात्मक ढङ्गबाट अभिव्यक्त गरिएको छ । विज्ञानजस्तो गहन विषयलाई साहित्यमा उतार्न अवश्य गाह्रो हुन्छ । अन्य विषयमा साहित्य रचना भएसरह विज्ञानमा साहित्य रचना भएका छैनन् तर हुनु आवश्यक ठान्ने सरूभक्त आधुनिक युगमा विज्ञानको उपयोग गरिरहेर यसबाट निरपेक्ष हुन नसक्ने र विज्ञानबाट टाढा भएर साहित्य बाँच्न पनि नसक्ने बताउँछन् (हेर्नू: परिशिष्ट) । नेपाली साहित्यमा पनि विज्ञान साहित्यको विकास हुनुपर्छ भन्ने धारणा स्वरूप आफ्नो बुद्धिविवेकले भ्याएसम्मको विज्ञान साहित्य रचना गरेको बताउने उनले उपन्यास लेखनको प्रथम चरणमा नै **एक अविनवको आत्मकथा**जस्तो कथासङ्ग्रह र उपन्यास लेखेर आफूलाई एक सफल विज्ञान साहित्यकारका रूपमा स्थापित गरेका छन् । वैज्ञानिक र तर्कसङ्गत रूपले सिद्ध हुने खालका साहित्यक रचना नै विज्ञान साहित्यका रूपमा चिनिन्छन् । साहित्यमा प्राचीन विषयमात्र नभएर आजको विकसित विज्ञानलाई बुझेको र भविष्यको परिकल्पनासमेत भएको साहित्य उत्कृष्ट विज्ञान साहित्य हुने ठहर सरूभक्तको छ (हेर्नू: परिशिष्ट) । उनी **एक अविनवको आत्मकथा** उपन्यासमा एक सुन्दर बस्ती ध्वस्त भएको देखाउँदै विज्ञानकै कारण मानिस स्वयम् पलायन हुने हो कि भन्ने आशङ्का व्यक्त गर्दछन् । यसरी उपन्यास लेखनको प्रथम चरणमा नै वैज्ञानिक धरातललाई साहित्यको विषयवस्तु बनाउने सरूभक्त हालसम्म पनि अन्य विधाहरूमा विज्ञानलाई प्रश्रय दिइरहेका छन् ।

### २. **द्वितीय चरण** (२०४८-२०५९)

औपन्यासिक यात्राको दोस्रो चरणमा सरूभक्त विज्ञानसम्बन्धी विषयवस्तुलाई छाडी केही भिन्न काल्पनिक स्वैरकल्पनात्मक र यथार्थिक विषयवस्तुलाई ग्रहण गर्न पुगेका छन् । उनका यस चरणका उपन्यासमा **पागलबस्ती** (२०४८), **तरुनी खेती** (२०५३) र **समयत्रासदी** (२०५८) रहेका छन् । **पागलबस्ती** (२०४८) उपन्यासले मदन पुरस्कारसमेत प्राप्त गरिसकेको छ । मानवीय मूल्य र मान्यताको प्रतीक 'प्रेम' दुर्घटित भएको यस उपन्यासमा मार्थाका दृष्टिबाट सम्पूर्ण विचार प्रस्तुत गरिएको छ । 'यसले एउटा अवसादपूर्ण संसारको वास्तविक सत्यमाथि प्रकाश पारेको छ' (खड्का, २०६२: पृ. १६) । यसमा एक नवीन विषयवस्तुलाई कल्पना र अनुभूतिका माध्यमबाट सफल तरिकाले प्रस्तुत गरिएको छ । यस चरणको उनको अर्को उपन्यास **तरुनी खेती** (२०५३) हो । यसमा पुरुषप्रधान समाजका पुरुषहरूको नारीप्रतिको दृष्टिकोण प्रस्तुत गरिएको छ । यसमा पुरुषहरूको घृणित व्यवहार, कपटी चाल, आदिमाथि प्रहार गरी यस उपन्यासको स्वरूप तयार भएको छ । यसै चरणको अर्को उपन्यास **समयत्रासदी** (२०५८) मा समकालीन एवम् भविष्यको भयभीत र त्रस्त विश्वको ज्वलन्त उदाहरण प्रस्तुत

गरिएको छ । यसरी उत्कृष्ट तीनवटा उपन्यासको सिर्जना गरिएको यस चरणमा सरूभक्तले समाजमा हुने गरेका वास्तविकतालाई सिधै वा स्वैरकल्पनाको माध्यमबाट व्यक्त गरेका छन् । उनले नवीन बिम्बहरूको प्रयोग गरेर रचना गरेका छन् । उनको यो चरण उर्वर रहेको छ ।

**३. तृतीय चरण (२०६०- हालसम्म)**

सरूभक्तको औपन्यासिक यात्राको तेस्रो चरणको उपन्यासमा **चुली** (२०६०) लाई लिइएको छ । सगरमाथा आरोहणको ५० औं वर्षको अवसरमा सगरमाथा स्वर्ण महोत्सवका बेलामा यो उपन्यास प्रकाशमा आएको हो । हिमालको सौन्दर्यसँग सम्बन्धित विषयवस्तुमा कविता, कथा लेखिए पनि उपन्यासमा यो विषय प्रयोग गरिएको प्रथम पटक हो । तसर्थ हिमाल आरोहणजस्तो विषयवस्तु प्रयोग भएको प्रथम उपन्यास यही हो । संरक्षण कविता आन्दोलनका क्रममा अन्नपूर्ण बेसक्याम्पमा जाँदाको अनुभवलाई समेटेर यस उपन्यासको निर्माण भएको बताउने सरूभक्त हिमाल आरोहीहरूसँगको कुराकानीलाई समेत समेटेर लेखेकाले वास्तविक सत्य प्रकट भएको, भन्छन् (हेर्नू: परिशिष्ट) । यस उपन्यासमा मानवीय अहम्‌हरूको चुली र सगरमाथाको चुली चढ्नुलाई समानान्तर रूपमा हेरिएको छ । दुवै चुलीमा पुग्न उस्तै जोखिमहरू आइपर्छन् । तसर्थ जीवनका वास्तविकतालाई उतार्नु उनको यस चरणको विशेषता हो । सरूभक्त हालसम्म साहित्य साधनामा निरन्तर लागिरहेका हुनाले उनको औपन्यासिक यात्राको स्वरूप अझ फराकिलो बन्दै छ ।

## २.१० सरुभक्तका औपन्यासिक प्रवृत्तिहरू

साहित्यलेखनमा निरन्तर लागिपरेका सरूभक्तका प्रकाशित उपन्यासहरूलाई विश्लेषण गरेर उनका औपन्यासिक प्रवृत्तिहरू यसप्रकार देखाइएको छ :

**१. सामाजिक यथार्थवाद**

साहित्यकार समाजको प्राणी हो र समाजको प्रभाव उसमाथि परेको हुन्छ । समाजमा विभिन्न खालका घटना घट्छन्, ती घटनालाई साहित्यमा जस्ताको तस्तै उतार्नु सामाजिक यथार्थवादी प्रवृत्ति हो । सरूभक्त पनि समाजमा देखेभोगेका, अनुभव, अनुभूति, घटना र विषयलाई साहित्यमा उतार्दछन् । तसर्थ उनी एक सामाजिक यथार्थवादी उपन्यासकार हुन् । यिनका उपन्यासमा प्रशस्तै सामाजिक यथार्थ झल्किएको पाइन्छ । **एक अविनवको आत्मकथा**मा सुन्दर संसार ध्वस्त भएको छ, जुन सामाजिक यथार्थ नै हो । **पागलबस्ती**मा स्वैरकल्पनाभित्र हाम्रै समाजको गाउँबस्तीको बस्तुसत्य छ । **तरुनी खेती** उपन्यासमा पनि हाम्रै समाजको चित्रण

छ । हाम्रो समाजका पुरुषहरूले नारीहरूलाई हेर्ने दृष्टिकोण यसमा प्रस्तुत गरिएको छ । **समयत्रासदी** उपन्यासमा पनि उत्तरार्द्धका घटनाहरू स्वैरकाल्पनिक भए पनि सुरुसुरुका घटनाहरू समाजका यथार्थ हुन् । यसरी हाम्रै समाजका विषयवस्तुलाई आफ्नो उपन्यासमा प्रस्तुत गर्ने सरूभक्तका अन्य साहित्यिक कृतिहरूमा समेत सामाजिक यथार्थवादको प्रयोग पाइन्छ ।

## २. प्रयोगवाद

उपन्यासको परम्परादेखि स्विकारिएको आफ्नो स्वरूप र संरचना हुन्छ । उपन्यासमा कथानक, चरित्र, पर्यावरण, शैली शिल्प र संरचनाजस्ता कुराहरू स्थापित भएका हुन्छन् तर त्यस्ता परम्परागत संरचनामा नअल्मलिई भिन्न वा नवीन प्रकृतिको प्रयोग गर्नु नै प्रयोगवाद हो । सरूभक्त पनि आफ्ना उपन्यासमा परम्पराभन्दा भिन्न प्रकृतिका विषयवस्तु प्रयोग गर्दछन् । उनी प्रयोगवादी उपन्यासकार हुन् । उनका उपन्यासका विषयवस्तुहरू स्वैरकाल्पनिक छन् । उनी साहित्यमा शून्यवादी दर्शन र चिन्तनको प्रयोग गर्दछन् । उनी आफ्नो उपन्यासमा विज्ञानसम्मत विषयवस्तु एवम् अन्य नवीन प्रकृतिका विषयवस्तुको प्रयोग गर्छन् । उनको **एक अविनवको आत्मकथा**मा विज्ञानसम्मत विषयवस्तुको प्रयोग गरिएको छ भने **समयत्रासदी**मा शून्यवादी प्रवृत्ति देखापर्छ । पागलबस्तीमा स्वैरकाल्पनिक विषयवस्तुको प्रयोग भएको छ । **चुली** उपन्यासमा हिमाल आरोहणको नवीन विषयवस्तुको उपयोग गरिएको छ । यसर्थ सरूभक्त एक प्रयोगवादी उपन्यासकार हुन् ।

## ३. स्वैरकाल्पनिकता

वास्तविक जीवनमा घटेका वा घटनसक्ने घटनाहरूलाई सिधै यथार्थपरक ढङ्गले प्रस्तुत नगरी काल्पनिक उपयोगबाट यथार्थलाई प्रस्तुत गर्नु स्वैरकल्पना हो । सरूभक्त एक सफल स्वैरकाल्पनिक उपन्यासकार हुन् । उनी कल्पनात्मक संसार खडा गरी त्यस संसारमा वास्तविक जीवन भोगाइका विकृति र विसङ्गगति प्रस्तुत गर्न सिपालु छन् । उनी स्वैरकल्पनामा बौद्धिकताको प्रयोग गर्छन् । काल्पनिक विषयवस्तुको प्रयोग गरेर संसारिक जीवनमा आइपर्न सक्ने संभावित घटनाप्रति उनी सचेत गराउँदछन् । **पागलबस्ती**, **समयत्रासदी** आदि उपन्यासमा उनले स्वैरकल्पनाको प्रयोग गरेका छन् । समय सुहाउँदो, वातावरण सुहाउँदो स्वैरकल्पनाको प्रयोग गर्दै उपन्यास लेख्न खप्पिस सरूभक्तको **समयत्रासदी**मा कल्पना गरिएको घृणा राज्य समकालीन परिवारदेखि विश्वकै कटु यथार्थ सावित हुन गइरहेको देखिन्छ (खड्का: २०६२, पृ. १८) । यसरी हेर्दा सरूभक्तको एक औपन्यासिक प्रवृत्तिका रूपमा स्वैरकल्पना रहेको देखिन्छ ।

## ४.	शून्यवाद

शून्यवादी चिन्तन सरूभक्तले आफ्ना उपन्यासमा प्रयोग गरेका छन् । वि.सं. २०४० पछि शून्यवादको प्रयोग गरेको बताउने सरूभक्त ढुक्क भएर आफूलाई शून्यवादी हुँ भन्छन् (हेर्नू: परिशिष्ट) । 'शून्यवादी सृजनशीलता आदिमतापरक अहम् अभिव्यञ्जनाहरूबाट विमुक्ति र विकासको एक विशिष्ट प्रक्रिया हो, नवीन मूल्य, मान्यता र सभ्यताहरूको एक आदर्श खोज यात्रा हो' (उपाध्याय, २०६१: पृ. २०१) । सरूभक्त शून्यवादभित्र सिर्जनात्मक अहङ्कारको खोजी गर्छन् । उनी शून्यवादी सृजनशीलता पारम्परिक सृजनशीलताभन्दा भिन्न हुन्छ र यो निरर्थक, निःसार वा शून्य नभएर सिर्जनात्मक अहम्को खोजी हो भन्दछन् । उनको यही अवधारणाको सेरोफेरोमा आधारित रहेर लेखिएका **पागलबस्ती**, **समयत्रासदी** उपन्यास शून्यवादी अवधारणाका उदाहरण हुन् ।

## ५.	नवीन विषयवस्तुको छनोट गर्ने प्रवृत्ति

सरूभक्त आफ्ना उपन्यासमा नयाँ नयाँ विषयवस्तुको प्रयोग गर्छन् । उनका उपन्यासमा पात्रको नामकरण, परिवेश, शैली शिल्पलगायत अन्य कुराहरूमा पनि नवीनता पाइन्छ । उनी परम्परालाई तोड्ने प्रयोगवादी उपन्यासकार भएका हुनाले पनि यस्तो प्रवृत्ति पाइएको हो । उनको **एक अविनवको आत्मकथा** उपन्यासमा वैज्ञानिक विषयवस्तुको प्रयोग छ भने **पागलबस्ती**मा दुर्घटित प्रेमको विषयवस्तु छ । उनले अर्को उपन्यास **समयत्रासदी**मा मानवीय जीवनका सकारात्मक र नकारात्मक पाटामा रहेका प्रेम र घृणालाई विषयवस्तु बनाएका छन् । **तरुनी खेती**मा समाजमा भएका विकृति विसङ्गतिले विषयवस्तु बन्न पाएका छन् भने **चुली**मा हिमाल आरोहणसँग सम्बन्धित विषयवस्तु रहेको छ । यसरी फरकफरक विषयवस्तुको प्रयोग गर्दै विभिन्न उपन्यास लेखेर सरूभक्तले आफूलाई नवीन प्रवृत्तिको प्रयोगकर्ताका रूपमा परिचित गराएका छन् ।

## ६.	वैज्ञानिक चेतको प्रस्तुति

सरूभक्त विज्ञानसँग सम्बन्धित विषयवस्तु लिएर साहित्य रचना गर्ने साहित्यकार हुन् । विज्ञानको विकासले गर्दा सांसारिक जीवन भोगाइ नै प्रभावित भइरहेको बेला उनको साहित्य पनि प्रभावित हुन पुग्यो । समसामयिक गतिविधि, युग, परिवेश र विश्वका घटना, जीवनको भोगाइ र अनुभूतिहरू समेटेर उनका उपन्यासहरू तयार भएका हुन्छन् । उनको **एक अविनवको आत्मकथा** विज्ञान कथासङ्ग्रह वा विज्ञान उपन्यास वैज्ञानिक चेतले उत्कृष्ट

ठहरिएको छ । समसामयिक युगमा विज्ञानसम्बन्धी साहित्यको विकास होस् भन्ने दृष्टिकोणले विज्ञान साहित्य रचना गर्ने सरूभक्त विज्ञानले समाजमा ल्याएका विकृति-विसङ्गतिलाई उपन्यासमा समेट्छन् । उनी विज्ञानले मानवीय जीवनमा ल्याएको सङ्कटलाई औँल्याउँदै त्यसप्रति सचेत हुन आग्रह गर्छन् । उनी उपन्यासमा विज्ञानसम्मत् विषयवस्तुको प्रयोग गरी साहित्य रचना गर्ने वैज्ञानिक चेत भएका साहित्यकार हुन् ।

## ७. बौद्धिक र दुरुह भाषाशैली

भाषाशैलीको प्रस्तुतिका दृष्टिले हेर्ने हो भने सरूभक्त बौद्धिक र क्लिष्ट भाषाशैलीको प्रयोग गर्ने साहित्यकारहरूमध्ये अग्रपङ्क्तिमै पर्छन् । परम्परागत सूत्रात्मक पद्धतिभन्दा भिन्न किसिमको उनको भाषाशैली कसिलो, खँदिलो र वजनदार देखिन्छ । तिलस्मी, स्वैरकल्पनात्मक र अतिरञ्जनापूर्ण विषयवस्तु प्रयोग गर्ने सरूभक्तको भाषाशैली क्लिष्ट देखिन्छ । उनी उपन्यासकारबाहेक कवि, नाटककार पनि भएकाले ती विधाको शैलीको प्रभाव पनि उपन्यासमा पाइन्छ । उनका उपन्यासहरूमा नाटकीयपनका साथै कवितात्मकता पनि पाइन्छ । उनी क्रियापदविहीन अपूर्ण वाक्यहरू उपन्यासमा थुप्रै प्रयोग गर्दछन् । विभिन्न उक्ति र सूक्तिहरूको प्रयोगले उनका उपन्यासहरू अझ गहन, रोचक र बौद्धिक भएका छन् । शब्दावलीहरूको सुन्दर, विशिष्ट र सार्थक प्रयोग पनि यिनका उपन्यासमा पाइन्छ । साधारण पाठकका लागि सुपाच्य नहुने उनका उपन्यासहरू बौद्धिक पाठकको अपेक्षा राख्दछन् ।

# kl/R5]b tLg

## औपन्यासिक त□वका आधारमा □चुली❑ उपन्यासको अध्ययन

### ३.१ कृतिप्रकाशनको पृष्ठभूमि

**चुली** सरूभक्तद्वारा लेखिएको पाँचौ उपन्यास हो । यो उपन्यास पोखरेली युवा सांस्कृतिक परिवार, पोखराबाट २०६० सालमा प्रकाशन भएको हो । यो उपन्यासमा हिमाल आरोहणसँग सम्बन्धित विषयवस्तु रहेको छ । नेपाल हिमालै-हिमालले भरिएको देश हो । हिमालको सौन्दर्यले सबैको मन लोभ्याउँछ, अझ साहित्यकारहरू त्यसप्रति आकर्षित हुन्छन् । तर साहित्यका कविता र कथा विधामा मात्र हिमालको सौन्दर्यले विषयवस्तु बन्ने मौका पाएको छ । रमेश विकलको **सागर उर्लन्छ सगरमाथा छुन** (२०५२) भन्ने उपन्यासमा हिमालको सौन्दर्यले स्थान पाएको भए पनि सगरमाथा आरोहणसँग सम्बन्धित साहित्य त्यति छैनन् । उनी त्यही आश्चर्यजनक अभावपूर्तिका प्रेरणाले यो उपन्यास लेख्न प्रेरित भएको बताउँछन् । (सापेक्ष, २०६०: पृ.ज) । उनी नेपालमा भएका हिमालहरू जति महान् छन् भविष्यमा हिमालसम्बन्धीका साहित्य पनि त्यस्तै बनुन् भन्ने चाहन्छन् र यही चाहनाअनुरूप उनले **चुली** उपन्यासको सिर्जना गरेका हुन् । सरूभक्तले हिमाल आरोहीद्वय स्वर्गीय बाबुछिरी शेर्पा र आप्पा शेर्पासितको विचारविमर्श, विश्वका प्रथम सगरमाथा आरोहीद्वय सर एडमन्ड हिलारी र स्वर्गीय तेन्जिङ नोर्गेलगायत अन्य आरोहीहरूका यात्रा संस्मरणात्मक लेखहरूको अध्ययन र विश्व प्रथम बाल आरोही अरबिन तिमिल्सिनाबाट आवश्यक सूचनाहरू लिएर यो उपन्यास रचना गरेको उल्लेख गरेका छन् (कृतज्ञताज्ञापन, २०६०: पृ.छ) । त्यसैगरी उनी संरक्षण कविता आन्दोलनका क्रममा अन्नपूर्ण बेसक्याम्पसम्म जाँदाको अनुभवका साथै उपन्यास लेख्न हिमाली वातावरणले दिएको प्रेरणा र खुम्बु क्षेत्रमा पुग्न नपाए पनि त्यस क्षेत्रले साहित्यप्रति आकर्षण गरेकाले यो उपन्यासमा जीवनको प्रतीकात्मक रहस्य –जीवन जोखिम र चुनौति हो भन्ने कुरा उतार्न खोजेका छन् (हेर्नू: परिशिष्ट) । यही उपन्यासको प्रकाशकीय शीर्षकमा चुली पर्वतारोहणको कष्टसाध्य कथाको उत्कृष्ट दस्तावेजका रूपमा देखापरेको कुरा भनिएको छ (प्रकाशकीय, २०६०: पृ.क.) । सगरमाथा प्रथम आरोहणको पचासौँ वर्षको अवसरमा मनाइँदै गरेको सगरमाथा स्वर्ण महोत्सव (२०६०) को बेलामा **चुली**को प्रकाशन हुनु सुखद संयोग बन्न गएको छ । मानवको जीवन र मानव इतिहासका सङ्घर्ष गाथाहरूलाई हिमालसँग समतुल्य बनाएर यस उपन्यासमा देखाइएको छ । यसरी हिमालैहिमालले भरिएको देशमा हिमालको

सौन्दर्य र आरोहणसँग सम्बन्धित उपन्यास रची त्यससँग मानव जीवनको तुलना गर्ने अभिप्रायले यो उपन्यासको प्रकाशन भएको छ ।

## ३.२ उपन्यासको सङ्क्षिप्त कथासार

'ऊ' पात्र हिमाल चढ्ने तयारीमा छ । विभिन्न देशमा, विभिन्न दलका आरोही समूहमा हिमाल चढ्ने तयारीमा भए पनि 'ऊ' पात्र एक्लै हिमाल आरोहणमा अग्रसर हुन्छ । 'ऊ' भरियाहरूसँग हेलमेल गर्छ । भरियाहरू सगरमाथाको आधार शिविरमा बास बस्ने आवश्यक प्रबन्ध मिलाउँछन् भने 'ऊ' पात्र पनि सघाउँछ । भरियाहरू आपसमा कुराकानी गर्छन् र जीवनको यथार्थबोध गराउँछन् । आफ्नो जीवनका दुःख-पीडाहरू एक आपसमा साट्छन् । उनीहरूमध्ये कसैका घरमा बाबुआमा बिरामी भएकाले दुईचार पैसा कमाएर उपचार गर्नुपर्ने बाध्यता रहेको छ, कसैका छोराछोरीलाई आफ्नो भरियाको जीवनस्तरबाट माथि उठाइदिने रहर छ भने कसैका जीवनमा बाँच्नैपर्ने बाध्यता रहेको छ । यसरी भरियाहरू आफ्नो बाध्यात्मक परिस्थितिलाई एक अर्कामा साटासाट गर्न व्यस्त छन् भने 'ऊ' पात्रचाहिँ जीवनमा हिमाल चढ्ने उद्देश्य पूरा गर्नमा नै ध्यानमग्न छ । भरियाहरू हँसीठट्टा गर्छन् । 'ऊ' पात्र सगरमाथाको आधार शिविरको चिसो वातावरणलाई त्यहीँको भोटे चियासँगै बिदाइ गर्दै आत्मबल बढाएर अघि बढ्न चाहन्छ । 'ऊ'सँग भरिया र गाइडहरू छैनन् । जीवनमा एक्लै हिमाल आरोहीहरूलाई शुभकामना दिन्छन् भने आरोहीहरू लिनमा मात्र व्यस्त देखिन्छन् । भरिया र गाइडहरू भने विदेशी-स्वदेशी आरोहीहरूलाई सहयोग गर्नुमा नै व्यस्त रहनुपर्ने, उनीहरूले जति कीर्तिमान राखे पनि विदेशीहरूका अगाडि फिक्का रहने गुनासो गर्छन् । कतिपय विदेशीहरूले समीट वीड् नगरे पनि आवश्यक मूल्याङ्कनका अभावमा गरेको ठहरिन्छ भन्दै भरियाहरू चिया खान्छन्, साझा मेस तयार पारेर खाना खान्छन्, सुखदुःखका कुरा गर्दै जीवनका अनुभव साट्छन् । 'ऊ' पात्र पनि भरिया साथीहरूसँग रम्दै बास बस्छ । भोलिपल्ट बिहान भोटे कुकुरको भुकाईसँगै ब्यूँझिएको 'ऊ' पात्र केहीबेर कुकुरसँग खेल्छ । आफू हिमाल चढ्ने उद्देश्य बोकी आएको सम्झी उद्देश्यहीन जीवन मृत्यु हो भन्दै कुकुरसँग खेल्न छाडी यात्राका क्रममा अगाडि बढ्छ ।

भरिया, गाइड, सहयात्रीहरू कोही पनि साथमा नभएको 'ऊ' पात्र हिमाल चढ्न आवश्यक पर्ने सामानहरू जस्तैः जर्सी, गर्मपैन्ट, एप्रोच मार्च सु, बिड चिटर, आइस एक्स, क्लाइम्बिङ बुट, फेडर सुट, पुली, हिमचस्मा, दुरबीन, रासन पानी, मार्ग योजना, उच्च सतर्कता र सजगता आदि लिएर अगाडि बढ्छ । आधार शिविरबाट खुम्बु आइसफलसम्म एक डेढ

घण्टामै पुग्छ । यो सगरमाथा चढ्ने क्रेम्पोन प्वाइन्ट अथवा सगरमाथा चढ्न जाने बाटोको पहिलो कठिनाइ हो । यस्तो स्थानमा यति छोटो समयमा आइपुग्न सफल भएकोमा 'ऊ' दङ्ग पर्छ । 'ऊ' एकछिन बिसाउँछ, पानी खान्छ अनि दुईहजार फिटसम्मको त्यो भिरालो स्थानमा बसेर भरियाहरूले गरेको ठट्टा सम्भन्छ -*खुम्बु आइसफबाट खस्यो भने त सिधै अमेरिका पुगिन्छ* तर त्यो ठट्टाबाट कति पनि विचलित हुँदैन । मौसमले साथ दिएकोमा मनमनै दङ्ग पर्दै 'ऊ' चुली पुग्ने उद्देश्यले अघि बढ्छ । दुर्घटनाहरूसित लुकामारी खेल्नुको नाम जीवन हो भन्ठान्दै जुत्तामा क्रेम्पोन लगाएर 'ऊ' चुलीतर्फ उकालिन्छ । चुली पार गर्ने क्रममा अपनाउनु पर्ने उच्च सतर्कता अपनाउँदै ठाउँठाउँमा चकलेट, फलफूलको रस, पानी आदि खाइपिइ अगाडि बढ्छ । यस क्रममा ठाउँठाउँमा  मौसम बिग्रेकोले आत्तिदै र त्यसको सामना गर्दै आफ्ना सपना र लक्ष्य पूरा गर्न सङ्घर्षरत क्रेम्पोन पाइलाहरू अगाडि बढाउँछ । 'ऊ' आफ्नी प्रियसीलाई सम्भन्छ । चुलीमा पुगेर उसले प्रियसीको मन जित्नुछ र आफ्नी बनाउनुछ  । यही अवस्थामा 'ऊ' एउटा सानो, सुखी परिवार सम्भन्छ जसमा आफू, श्रीमती र छोराछोरी भएको सोच्छ र कल्पनामै प्रियसीलाई चुम्बन गर्छ । प्रियसी र घरको कल्पना गरेर आफू मान्छे भएको अनुभव गर्छ । यस्तै सोचाइहरूसँगै 'ऊ' विभिन्न अप्ठ्यारा बाटाहरू, उकाला अनि सानासाना चुलीहरूलाई पार गर्दै जान्छ । विभिन्न जोखिम पार गरेर थकाइ मार्न बसेको समयमा पुनः 'ऊ' प्रियसीलाई सम्भन्छ । कायरहरू हिमाल चढ्दैनन्, त्यसलाई मुर्खता भन्छन् तर म कायर बन्दिनँ, हिमालको चुलीमा पुगेर सफलताको सुन्दर उपहार लिई म आफ्नी प्रियसी छेउ आउँछु भन्दै प्रियसीको न्यानो सम्भना लिएर हावाहुरी, हिमचट्टानका अप्ठ्याराहरूसित जुध्दै अघि बढिरहँदा अकस्मात् हिमपहिरो आएर उसलाई पुरिदिन्छ । उसले समातेको ठूलो हिमचट्टानमाथिबाटै हिउँ थुप्रदै जान्छ । हिमपहिरो शान्त भएपछि 'ऊ' हिमथुप्रोबाट टाउको बाहिर निकालेर लामोलामो सास फेर्छ । हिमालयमा सबैथोक जमे पनि हृदय जम्दैन । 'ऊ' आफू बाँचेको, आफ्ना सपनाहरू जिउँदै रहेका र आफ्नो मायाको घरलाई कुनै पनि हिमपहिरोले ध्वस्त नपार्ने र मायाको सानो घर संसारको सबैभन्दा ठूलो गगनचुम्बी भवनभन्दा बलियो हुन्छ भन्दै प्रियसीलाई आफू बाँचेको खबर दिन्छ र कठिनसाथ आफूलाई हिमपहिरोबाट मुक्त गर्छ । क्रेम्पोनका किलाहरू र लठ्ठीको सहारा लिँदै माथिको चुली हेर्छ र त्यहाँ पुग्ने अठोट गर्छ ।

'ऊ' क्याम्प तीन ल्होत्सेमुखको ढलानतर्फको यात्राको सुरुवातमा आइपुगिसकेको हुन्छ । खैरो रङ्गको, असाध्य साह्रो हिउँ भएको यो स्थानबाट नै अधिकांश आरोहीहरू अक्सिजनको प्रयोग गर्छन् तर 'ऊ'सँग अक्सिजनको सिलिण्डर पनि हुँदैन । प्रकृतिले मानिसलाई सास फेर्ने

प्राणी बनाइदिएको हो, सास फेर्न चाहिने अक्सिजन हिमालमा पनि हुन्छ तसर्थ अक्सिजनका सिलिण्डर बोकेर हिँड्नु मानिसले आफूले आफैंलाई नचिन्नु र विश्वास नगर्नु हो तर मानिसले आफैंलाई चिन्न र विश्वास गर्न सक्नु पर्छ भन्ने सोचाइसँगै हिमालको हावाको पातलो अक्सिजनसँग मितेरी लगाउँदै उकालिन्छ । ठाउँठाउँमा बढी उचाइको खाना खाएर आवश्यक आराम गरी ल्होत्सेको ढलानतर्फ अगाडि बढ्दै जाँदा फेरि मौसम बिग्रन्छ तापनि 'ऊ' तम्बु टाँगेर बस्न चाहदैन । जीवनमा यात्रा अनवरत रहनुपर्छ भन्ने उसको सोचाइ छ । आराम गरीगरी यात्रा गर्नेहरू जहाँ गए पनि कहीँ पुगेका हुँदैनन् भन्दै सङ्घर्षरत पाइला अगाडि बढाइरहन्छ । अत्यन्तै कठिन तर आकर्षकपूर्ण चढाइमा उसले आदिम पुर्खाहरू सम्झन्छ । आदिम पुर्खाहरूलाई इतिहास र सभ्यताको आधारशिला स्थापना गर्न कति कठिन चुनौतिहरू खेप्नुपर्‍यो होला तर ती चुनौति आकर्षक पनि हुनुपर्छ नत्र मनुष्यताको हिमाल ठडिन कठिन हुन्थ्यो । हामी आदिम सभ्यता, संस्कृति र ढुङ्गे युगमा नै रहिरहेका हुने थियौं होला, अझ बर्बर र जङ्गली अवस्थामा मात्रै रहने थियौं होला तसर्थ पुर्खाहरूले उठाएको कदम चुनौतिपूर्णका साथै आकर्षक पनि हुनुपर्छ भन्ने ठान्दछ । कृष्ण, बुद्ध, यशु, महावीर, मोहम्मद, सुकरात, कन्फ्युसियस, लाओत्सु, मार्क्स, डार्बिन, फ्रायड एक-एक हिमाल हुन् भन्ने सोच्दै 'ऊ' खुसी हुन्छ, यही खुशियालीमा 'ऊ' आफ्नो प्रेमको घरलाई राम्रो पृथ्वीको दुनियाँमा बसाउन चाहन्छ । 'ऊ' सोच्छ इतिहास र सभ्यताका पनि केही खराबी त छन् नै तर ती खराबीहरू हिमालमा बिग्रने मौसमजस्तै हुन् कि ? हामी असल र खराबका लागि अभिषप्त नै छौं कि ? तर होइन जीवनमा जति अभिशापहरू आइपरे पनि जीवन आफैंमा अभिशाप होइन, यो त केवल एक अहङ्कारमात्र हो । मान्छेको अहङ्कार जति महान् हुन्छ उसले गर्ने प्रगतिहरू पनि महान् हुन्छन् । 'ऊ' यस्ता कुराहरू सोच्दै कठिन ल्होत्सेको चढाइमा डोरी र हिमबञ्चरोका सहायताद्वारा अगाडि बढ्न थाल्छ । उसलाई अगाडि बढ्न गाह्रो भइरहेको हुन्छ तर 'ऊ' आत्मविश्वास र धैर्यका साथ जीवनका हिमालहरूमा एकएक पाइला सारी नचढे शिखरमा चढ्न सकिँदैन भन्दै क्रेम्पोन पाइलाहरू चालिरहन्छ । कडा परिश्रम र खराब मौसमका कारण उसलाई गाह्रो भइरहेको बेला शारीरिक अस्वस्थता पनि थपिदै जान्छ । जे भए पनि सङ्घर्षद्वारा ल्होत्सेमुखलाई पार गर्छ । अत्यन्त कठिन स्थानमा हिमपहिरोको त्रास र खराब मौसमसँग चुनौती दिदै 'ऊ' केहीबेर थकाइ मार्छ । 'ऊ' आधारशिविरमा भरिया साथीहरूले भनेका शेर्पाभूत र यतिका कथाहरू सम्झन्छ । हिमालमा मात्र होइन मैदानमा पनि भूतका कथाहरू, अरेका कथाहरू हुन्छन् र अधिकांशतः मानिसका मनमा हुन्छन् भन्दै 'ऊ' साहसी

भएर अगाडि बढ्छ । उसका पइलाहरू शिथिल हुन्छन् । ज्ञानविज्ञान, संस्कृति-सभ्यताहरू पक्कै पनि शिथिल मनबाट उत्पन्न भएका होइनन् भन्ने सोच्दै पाइलाहरूमा जोश भरेर नयाँ उत्साहका साथ अगाडि बढ्न खोज्छ । यही बेला अकस्मात् हिमपहिरो गइदिन्छ । 'ऊ' चिप्लिएर लड्छ । प्रयत्नपूर्वक हिमबन्चरो गाड्छ र बाँच्न सफल हुन्छ तर 'ऊ' धेरै तल खसिसकेको हुन्छ । उसको केही समयको असावधानीले हिमाल आरोहणको यात्रामात्र होइन झन्नै जीवनसमेत समाप्त भएको हुन्छ । 'ऊ' आफ्नो बेहोसीपनप्रति आफैँलाई धिक्कार्दै चुलीको यात्रा भनेको बेहोसीको, विक्षिप्तताको, अकर्मण्यताको र कोरा कल्पनाको यात्रा नभएर हजारौँ लाखौँ समस्याहरूको यात्रा हो भन्ने ठान्छ । हिमपहिरोमा पर्दा 'ऊ' घाइते हुन्छ, शरीर थिलथिलो हुन्छ, हिमचस्मालगायतका अन्य सामानहरू पनि हिउँमा हराइसकेका हुन्छन् । उसलाई रुन मन लाग्छ तर रोएर हिमाल चढिँदैन भन्दै प्राथमिक उपचार गर्छ र बाँकी सामानहरू प्रयोग गर्छ अनि यही भूलबाट धेरै पाठहरू सिकेर पुनः अगाडि बढ्छ । उसको शरीर दुखे पनि उसको उत्साह दुखेको हुँदैन परिश्रमका साथ येलोकैपड, जेनेभा स्पर हुँदै क्याम्प तीनको यात्रा पूरा गर्छ र साउथ कोल या दक्षिण घाँटी आइपुग्छ ।

क्याम्प चारतर्फको चढाइमा 'ऊ' आइपुगेको छ । यो स्थान पनि अत्यन्त कडा हिउँ र तीव्र हावाको गर्जनले कष्टप्रद बनेको छ । 'ऊ' दक्षिणघाँटीलाई पर्वतारोहीहरूले डम्पिङ साइट बनाएको देख्छ । त्यहाँ अक्सिजनका सिलिण्डर, लुगाफाटा, खानेकुराका बट्टा फालिएका छन् । हिमाललाई माया गरेर हिमाल चढ्न आउने र हिमालसँगै यस्तो फोहोर फाल्ने मान्छेको स्वार्थीपन, नीचताप्रति आश्चर्य प्रकट गर्दै 'ऊ' अघि बढ्छ । उसले आधारशिविर छाडेको पन्ध्र घण्टा बितिसकेको छ । 'ऊ' गलित अवस्थामा आइपुगिसकेको छ । क्याम्प तीनदेखि दक्षिण घाँटीसम्मको उकालो बाटोले उसलाई हैरान पार्छ । केहीबेरको आरामपछि डरलाग्दो चिसो र बेगिलो हावासँग जुध्दै चुलीतर्फ लाग्दा 'ऊ' एउटा तम्बुलाई बेहालतावस्थामा देख्छ । कोही मरिरहेको छ कि भन्ने सम्भावित दुर्घटनाको आशङ्काले 'ऊ' गएर हेर्छ तर त्यो हिमालमा छोडी गएको फोहोरमात्र हुन्छ । हावाको वेगले अगाडि बढ्न नसकेपछि हिमबञ्चरोले हिउँलाई काटी 'ऊ' रुकस्याकबाट एयरमेट्रेस झिकी बिछ्याएर बस्छ । मानिस हिमालका धर्तीका बासिन्दा भएकाले आफ्नो हिमाल आफैँले छान्न सक्नुपर्छ भन्ने सोच्दासोच्दै 'ऊ' निदाउन थाल्छ । हिमालमा निदाउनु सबभन्दा खतरनाक क्षण हो भन्दाभन्दै उसका आँखा बन्द हुन्छन् । 'ऊ' आँखा खोल्ने प्रयास गर्छ तर सक्दैन । यही बेला उसको स्मृतिपटबाट उसकी प्रियसी आँखा सामु आइदिन्छे र सम्झाउन थाल्छे- जीवनको महान् यात्रामा हिँड्नेहरूलाई यसरी

बाटोमा निदाउन सुहाउँदैन प्रिय । उसका आँखाहरू अकस्मात् खोलिन्छन् । यही बेलामा हावाको वेग पनि केही कम भइसकेको हुन्छ । 'ऊ' संवेदनामा प्रियसीलाई चुम्बन गर्दै अघि बढ्न उत्तेजित हुन्छ तर उत्तेजनाले होइन बुद्धिमताले मात्र हिमाल चढ्न सकिन्छ भन्दै तुरुन्त सम्हालिन्छ । हिमाल चढ्न शरीर र मन दुवै स्वस्थ हुनुपर्छ । उसको मन स्वस्थ भए पनि शरीर केही अस्वस्थ छ । त्यसको परवाह नगरी केही पेयजन्य खानेकुरा खाएर टाउकामा फ्लाशलाइट बाँधेर संवेदनामा प्रियसीलाई चुम्छ । चुलीमा पुग्नु नै महानता हो भनी 'ऊ' क्रेम्पोन पाइलाहरू चालिरहन्छ । 'ऊ' अगाडि बढ्दै जाँदा मानिसको शव फेला पर्छ । नजिकमा गएर हेर्दा उसलाई केही पुरानोजस्तो लाग्छ । कुन देशको मानिस, कसको छोरा या बाबु, कसको प्रेमी होला, कुन कारणले यस हिमालको चिसो हावामा मरिरहनुपरेको छ, चुली पुगेर फर्क्यो वा पुग्न बाँकी नै थियो होला, मेरोजस्तै उसका पनि त अनेक भावनाहरू थिए होलान्, के उसँगै उसका भावनाहरू मरे त आदि कुराहरू सोच्छ । मानिस मरे पनि मानवता मर्दैन, हिमालभन्दा पनि हिमाल चढ्ने इच्छा झन् महान् हुन्छ भन्दै 'ऊ' शवलाई सलामी अर्पण गरेर हिँड्छ । केही घण्टाको अथक प्रयासस्वरूप 'ऊ' २७,६०० फिटको उचाइको सगरमाथाको बल्कोनी अर्थात् बार्दलीमा आइपुग्छ । यस बार्दलीबाट हेर्दा उसले धेरैधेरै चुलीहरूलाई तल पारिसकेको हुन्छ । 'ऊ' खुसी भएर सगरमाथाको चुली हेर्छ तर देख्दैन र आश्चर्य मान्छ । जीवनका लक्ष्यहरू नदेखिनु भनेको जीवनका लक्ष्यहरू नहुनु होइन । त्यस्तै हिमालको चुली नदेखिनु भनेको चुली नदेखिनु होइन भनेर बल्कोनीको रमणीयतामा नअल्मलिई डोरी र खुँटीका सहायताले रेजर्स एजमा पुग्छ । रेजर्स एज अर्थात् पत्तिको धारजस्तो स्थानलाई पार गर्नु  जोखिमपूर्ण कार्य हुन्छ । एकएक पाइलामा एकएक मृत्यु हुन्छ तर पार गर्न जान्यो भने एकएक जीवन पनि हुन्छ भन्दै 'ऊ' औजारहरूका सहायताले कहिले घस्रेर हिँडेर, कहिले घुँडाले टेकी, कहिले पेटले घस्री अगाडि बढ्छ करिब पाँचसय गज जतिको कहालीलाग्दो बाटो पार गर्छ । यस प्रकारको कहालीलाग्दो यस यात्रालाई पार गरे पनि पुनः अर्को त्यस्तै खतरापूर्ण यात्रा गर्नुपर्ने परिस्थिति आउँछ । यही समयमा रात पर्छ । हावाको वेग तीव्र हुन्छ । हिमालमा मध्यान्हपछि यात्रा गर्नुहुन्न भन्ने जान्दाजान्दै 'ऊ' एक खतरापछि अर्को खतरा पार गर्नु नै जीवन हो भन्ने ठानी अगाडि बढेको हुन्छ । हिउँमा चिप्लँदै, मृत्युसित लुकामारी खेल्दै अगाडि बढ्दै जाँदा 'ऊ' बाटो भुलिएको हो कि भन्ने दोधारमा पर्छ । अनिर्णित भई बस्नुभन्दा गलत भए पनि निर्णय गर्नु राम्रो हुन्छ तापनि 'ऊ' आफ्नो गन्तव्यमा पुग्न हतारिइरहेको हुन्छ । 'ऊ' दक्षिण चुलीसम्म आइपुगेको छ । यहाँबाट चुली जम्मा तीनसय फिटमात्र टाढा छ । उसले दक्षिण घाँटीबाट चुलीसम्म पुग्ने

सोझो बाटो नभएकोले केही तल झरी पुनः उकालिनु पर्ने हुन्छ । 'ऊ' होशियारीसाथ तल झर्छ र हावाको वेग केही मन्द भएको अनुभूति गर्छ । 'ऊ' केही क्षण आराम गर्छ । उसलाई पानी खान मन लाग्छ तर थर्मस फुटिसकेको हुनाले त्यसबाट पानी आउँदैन । पानी जमिसकेकोले उसले खान पाउँदैन । हिमालमा सबै थोक जमे पनि हृदय जम्दैन भन्ने धारणाअनुसार 'ऊ' हतोत्साही नभई पानीको सट्टा फलफूलको रस पिउँछ । पानीको तिर्खा अरू चीजले कहाँ मेटिन्थ्यो र ? तापनि शारीरिक तिर्खालाई चुलीमा पुग्ने तिर्खाको बाधक नबनाइकन 'ऊ' होशियारीपूर्वक क्रेम्पोन पाइलाहरू अगाडि बढाएर हिलारी स्टेपमा पुऱ्याउँछ । यहाँबाट चुली अलिकति मात्र माथि छ भन्ने उसलाई थाहा हुन्छ । 'ऊ' उत्साहित भएर हिलारी स्टेपको चालीस फिटको बाटो पार गर्छ । परिश्रमले चुली आफैँ नुहिदिन्छ, अब केवल दुईसय फिटमात्र माथि छ । त्यो दुईसय फिट अत्यन्तै डरलाग्दो भीर छ । त्यहाँबाट खस्यो भने हजारौं फिट तल खसेर जीवन बेपत्ता हुनजान्छ । हिमाल चढ्न आउने अधिकांश आरोहीहरू जीवनप्रतिको मोहले यहाँबाट फर्किन्छन् रे ! तर 'ऊ' हिमाल खोज्दै चुली टेक्न आएको मान्छे भएकाले हिमाललाई शत्रुतापूर्ण दृष्टिले नहेरी शारीरिक र मानसिक रूपमा सबल भएर अगाडि बढ्न तम्तयार हुन्छ ।

आधा तयारीले मान्छेलाई आधा मान्छे बनाउँछ भन्ने उसलाई थाहा छ । अन्तिम सङ्घर्षको लागि मनभरि उत्साह, उमङ्ग र साहस बटुलेर खुँटी, डोरी र हिमबञ्चरोसहित आफूलाई पूर्ण तयारी बनाउँछ । शरीरमा केही समस्या भए पनि 'ऊ' पूर्णतः तयारी भएर त्यो खतरनाक भीरतर्फ अगाडि बढ्छ । उसलाई त्यो भीरले पहिले नै चुनौति दिँदै बोलाइरहेकोले यो समयमा जीवन र मुत्यु होइन लक्ष्य सम्झेर त्यस चुनौतिमाथि विजय प्राप्त गर्नैपर्छ भन्ने लाग्छ । क्रेम्पोन पाइलाहरू सङ्घर्षमय तरिकाले सारिरहेकै बेलामा त्यहाँ कसैले स्थायी रूपले डोरी बाँधिदिएको देख्छ तापनि उसको चेतनशील मनले अरूले बनाएको बाटोबाट अगाडि बढ्न दिदैन र 'ऊ' आफैँ डोरी बाँध्दै अगाडि बढ्छ । त्यस खतरनाक चढाइको समयमा 'ऊ' शारीरिक अस्वस्थताले ग्रस्त हुन्छ । उसलाई उच्चताको थकान, अक्सिजनको कमी, तीव्र हावाको वेग आदिले सताएर उसका क्रेम्पोन पाइलाहरू चिप्लिन थाल्छन् । 'ऊ' निराश बन्न थाल्छ तर निराशाभित्रै आशा लिएर आफ्नै तरिका निकालेर हिमबञ्चरो हिउँमा गाड्दै त्यसमा समाएर घस्रेर अगाडि बढ्न थाल्छ । अरूको तरिकाभन्दा भिन्नै तरिका अपनाउँछ र सोच्छ- चुली चढ्ने सबैको आफ्नो तरिका हुन्छ र हरेकले आफ्नो तरिका अपनाउने अधिकार पाउनुपर्छ, हनन् हुनुहुँदैन । यस्तै सोचाइ मनमा लिदै, हिमबञ्चरो हिउँमा गाड्दै, घस्रदै प्रतिकूल वातावरणसँग जुध्दै अगाडि बढ्दै जाँदा 'ऊ' यस्तो ठाउँमा आइपुग्छ, जहाँबाट कतै उकालो

जाने स्थान हुँदैन । 'ऊ' अलमलमा परेर दायाँबायाँ हेर्छ अनि थाहा पाउँछ 'ऊ' त चुलीमा आइपुगेछ । सगरमाथाको चुली, पृथ्वीको सर्वोच्च ठाउँ २९,०२८ फिटको उचाइ, ८,८४८ मिटरको उचाइ, उसको लक्ष्यमा आइपुगेको क्षण, विजयको सफलता प्राप्त गरेको यो क्षणमा 'ऊ' खुसीले गद्‌गद् हुन्छ । 'ऊ' खुसीले रुन्छ पनि हाँस्छ पनि । आफ्ना हातहरू माथि उचाली चुलीभन्दा पनि माथि पुऱ्याएर घुम्दै 'ऊ' आफ्नी प्रेमिकालाई सम्झन्छ । आफू चुलीमा आइपुगेको खबर कल्पनामै दिन्छ, सगरमाथाको चुलीमा हेर्न आह्वान गर्छ र आफूले पाएको सम्पूर्ण सफलता प्रेमोपहार दिन्छ । सम्पूर्णतः आफ्नी भइनसकेकी प्रेमिका आफ्नो यत्रो सफलतामा मुस्कुराइरहेकी र अँगालोमा बाँध्न अघिल्तिर बढ्दै गरेकोजस्तो उसलाई लाग्छ र आफूले पनि प्रियसीलाई अँगालोमा बाँधी चुम्बन गरेको अनुभव गर्छ । उसको पीडा, चोट, थकाइ यसरी हटेर जान्छ कि मानौँ त्यो दुखाइमा प्रेमिकाले सुम्सुम्याइरहेकी छ । 'ऊ' पुनः भावनामा बग्छ । सगरमाथाको चुलीलाई जति नै माया प्रियसीलाई गर्ने, आफ्नो प्रेमको इतिहासलाई पृथ्वीका अन्य इतिहाससँगै राख्ने, पृथ्वीभित्र पनि सुन्दर पृथ्वी र त्यसभित्र सुन्दर घर, परिवार, इतिहास, सभ्यता बसाउने कल्पना गर्छ । यही समयमा 'ऊ' मौसम पनि केही सफा भएको देख्छ । सफलतामा खुसी हुनु परे पनि चाहेभन्दा बढी खुसी हुनुहुँदैन । जीवन एउटा सफलताका लागिमात्र होइन तसर्थ अन्य सफलताका लागि पनि खुसीहरू साँचेर राख्नुपर्छ भन्ने सोचेर आफूलाई सम्हाल्दै 'ऊ' चुलीबाट देखिने ल्होत्से, मकालु, नुप्से, कञ्चनजङ्घा, थ्याङबोचे गुम्बाको छतलगायतका अन्य हिमाली दृश्यहरू हेर्छ र चुलीमा नअल्मलिई पुनः तल ओर्लन चाहन्छ । यति बेला बिहानको चार बजेको हुन्छ । आधारशिविरबाट सगरमाथाको चुली टेक्दासम्ममा बाइस घण्टा बितिसकेको हुन्छ । 'ऊ' आधारशिविरका साथीहरू सम्झन्छ । तिनीहरूसँग खुसीयाली बाँड्न चाहन्छ र बिस्तारै तल झर्ने तयारी गर्न थाल्छ । चुलीबाट हिलारी स्टेप, त्यसपछिको केही चढाइ, त्यसपछिको दक्षिण चुली, रेजर्स एज, बल्कोनी, दक्षिणघाटी, जेनेभा स्पर, यलोब्याण्ड, ल्होत्सेमुख, खुम्बु आइसफल आदि ठाउँहरूलाई उसले पार गर्नुछ । हिमाल चढ्नमात्र गाह्रो होइन ओर्लन पनि त्यति नै गाह्रो हुन्छ । चुलीमा पुग्नु भनेको आधा विजय प्राप्त गर्नु हो, पूरा होइन । 'ऊ' सचेत भएर चुलीमा हेर्छ, त्यो अर्धचन्द्रकारको छ । यहाँ पाँचसातजना मानिसहरू एकै पटकमा उभिन सक्छन् । 'ऊ' सोच्छ- यो सानो कुरा होइन । मानवताको चुलीमा यति धेरै मान्छे आए संसारमा ईश्वरको कल्पना गर्नुपर्दैन । अझ एक युगमा एकदुईजनाले मात्र मानवताको चुली टेके पुग्छ । चुलीबाट बिदा हुनुअघि 'ऊ' फलफूलको रस खान्छ अनि बिस्तारै क्रेम्पोन पाइलाहरू ओर्लने क्रममा हुन्छन् ।

अधिकांश मानिसहरू सफलतामा दुर्घटित हुन्छन् । 'ऊ' क्रमशः तलतिर झरिरहेको हुन्छ, उसमा अस्वस्थताका पीडाहरू देखापर्न थाल्छन् तापनि हरेश नखाइकन 'ऊ' चुलीबाट टाढा हुँदैछ । 'ऊ' रेजर्स एज पार गर्दै दक्षिणपूर्वी धारमा आइपुग्छ र त्यहाँ पहिले देखेको शव सम्झन्छ । आफूले चुली टेकेर फर्केको, त्यसले नटेकेको भए उसको नाममा पनि अनि सम्पूर्ण मानवता, इतिहास र सभ्यताका नाममा चढेर फर्केकाले आफ्नो विजय नै उसको पनि विजय हो भन्दै त्यस शवलाई हार्दिक बधाई दिन्छ र मानवताका नाममा मुस्कुराइदिन्छ । यसरी भावनामा तरङ्गिँदै जाँदा 'ऊ' पात्रले बल्ल हिमालको मौसम बिग्रेको थाहा पाउँछ । उसलाई तुफान आएर यात्रा बिथोलिने हो कि भन्ने डर मनमा लाग्छ तर मनको डरलाई साहसले जितेर नहतारिइकन संयम, सुरक्षित तरिकाले 'ऊ' तल झर्दै छ । हिमालमा र जीवनमा यस्ता तुफानहरू आइरहन्छन् तर हटेर होइन डटेर सामना गर्नुपर्छ भन्ने ठान्दै विस्तारविस्तार ओर्लंदै गरेको बेला हावाको गति तीव्र भएर आउँछ । 'ऊ' हावाको गतिसँग सङ्घर्ष गर्न असमर्थ भइसकेको छ तापनि जीवनमा आएका तुफानहरू रोकिएर नबसी गुज्रनका लागि आएजस्तै हिमालको यो तुफान पनि एकछिनमा गुज्रेर जाने र शान्त हुने आशमा 'ऊ' हिमचट्टान समातेर बसिरहन्छ । उसको आशाको विपरीत हावाको गतिले हिमतुफानको गति लिन्छ । 'ऊ' टाउको उठाएर चारैतिर हेर्न चाहन्छ तर सक्दैन । भगवान्लाई सम्झे पनि उसले सहारा पाउँदैन । भएभरको शक्तिले हिमचट्टानलाई समातिरहेको बेलामा अकस्मात् उसका हातहरू हिमचट्टानबाट छुट्टिन्छन् र 'ऊ' उछिट्टिन्छ । क्रेम्पोनका सहायताले अडिने प्रयास गर्दा पनि 'ऊ' असफल हुन्छ । उसका पञ्जा, रुकस्याकलगायतका सम्पूर्ण सामग्री 'ऊ'बाट टाढा हुन्छन् । 'ऊ' जतातते पछारिन्छ । उसका सम्पूर्ण अङ्गप्रत्यङ्ग ठोकिन्छन्, दुख्छन् । 'ऊ' आँखा खोलेर हेर्न खोज्छ तर आफैँलाई देख्न सक्दैन । 'ऊ' अब जीवनको महातुफानमा परिसकेको छ । क्रमशः बढ्दै गएको हिमतुफानले उसलाई ठूलो हिमपहिरोबाट खसाइदिन्छ । उसको टाउको ठोकिन्छ, ढाड भाँचिन्छ, उठ्न नसक्ने हुन्छ र बाँच्न नसक्ने अवस्थामा पुग्छ । उसका संवेदनाहरू गुम्दै गइरहेका छन् । बाँकी रहेको संवेदनाले सगरमाथासँग बिदा माग्छ तर यो बिदा सम्पूर्ण मानवताको नभएर व्यक्तिगत हो । जीवन समाप्त भए पनि उसले राखेको कीर्ति र पाएको सफलता गुम्नेछैन भन्ने कामनाका साथ अन्तिम संवेदनामा प्रियसीलाई चुमेर यात्रा स्थगित गर्छ । 'ऊ' अब प्रियसीलाई भेट्नेछैन, आधारशिविरका साथीहरूसँग खुसियाली बाँड्नेछैन, नयाँ साथी कुकुरले उसको स्वागत गर्नेछैन, जीवनका अन्य चुलीहरू उक्लन सङ्घर्ष गर्नेछैन । 'ऊ' सगरमाथामा विलिन भएको छ । यही दुःखद अवस्थामा आएर कथावस्तु समाप्त भएको छ ।

## ३.३ "चुली" उपन्यासको संरचना

संरचना भनेको बनावट हो । उपन्यासमा संरचनाले त्यसको बनावट ढाँचा, आयामको साङ्गोपाङ्गो रूपलाई बुझाउँछ । **चुली** उपन्यासको संरचनालाई हेर्दा यो जम्मा ५२ पृष्ठमा संरचित रहेको देखिन्छ । 'ऊ' पात्रको हिमाल आरोहण गर्ने सङ्घर्षलाई केन्द्रबिन्दु बनाएर लेखिएको यो उपन्यासमा कुनै शीर्षक उपशीर्षकहरू छैनन् । अङ्क, परिच्छेदजस्ता खण्डहरूमा पनि विभाजित नभएको यो उपन्यास यात्रा वृत्तान्तजस्तो देखिन्छ र आकारका दृष्टिले मझौला आकारमा संरचित छ ।

## ३.४ कथानक

उपन्यासमा कथानकको महत्त्वपूर्ण भूमिका रहन्छ । कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो (बराल र एटम, २०५८: पृ. २२) । कथानकभित्र घटना, वस्तु र क्रियाकलाप अटाएका हुन्छन् । यिनीहरू एकअर्कामा शृङ्खलित भएका हुन्छन् । कथानकलाई विभिन्न आधारबाट हेर्न सकिन्छ । जस्तै :

### ३.४.१ कथानक स्रोतका आधारमा "चुली" उपन्यास

जुनसुकै उपन्यासमा कुनै न कुनै विषयवस्तु रहेको हुन्छ । ती विषयहरू विभिन्न स्रोतबाट आएका हुन्छन् । उपन्यासकारले ती स्रोतहहरूमध्ये कुनै एकलाई ग्रहण गरेर आफ्नो लेखनको उद्देश्यअनुरूप कलात्मक तरिकाले आफ्नो उपन्यासमा प्रस्तुत गरेका हुन्छन् । यस्ता कथानकका स्रोतहरू मूलतः पाँच प्रकारका छन् । (बराल र एटम, २०५८: पृ.२५) र ती हुन् –

१. **इतिहास**

२. **यथार्थमूलक अनुभव**

३. **मिथक**

४. **रागात्मक सौन्दर्य**

५. **स्वैरकल्पना ।**

नेपाली उपन्यास लेखनको यात्रामा समकालीन रूपमा देखापरेका उपन्यासकार सरूभक्तद्वारा लिखित **चुली** (२०६०) उपन्यासको स्रोतका रूपमा यथार्थमूलक अनुभव रहेको छ । हिमालैहिमालले घेरिएको सुन्दर देश नेपालको सर्वोच्च शिखर सगरमाथाको चुलीमा पुग्नका लागि अपनाइने सम्पूर्ण प्रयासलाई यस उपन्यासमा यथार्थ रूपमा वर्णन गरिएको छ ।

परिच्छेद, अङ्क वा भाग आदिमा विभाजन नगरिएको जम्मा ५२ पृष्ठमा संरचित **चुली** उपन्यासमा आत्मसंस्मरणात्मक शैलीमा 'ऊ' पात्रद्वारा हिमाल आरोहणका लागि अपनाउनु पर्ने सतर्कता, पालना गर्नुपर्ने नियम र भोग्नुपर्ने विवशतालाई जस्ताको तस्तै उतारिएको छ । आधारशिविरमा साथीहरूसँगको रमाइलो, हिमाल चढ्न चाहिने सामग्रीहरू- तम्बु, डोरी, खुँटी, फ्लासलाइट, हिमबन्चरो, पुली, पन्जा आदिको वर्णन यथार्थ रूपमा गरिएको छ । त्यसैगरी हिमाल आरोहण गर्दा आइपर्ने समस्याहरू, हिमालमा बिग्रने मौसम, हिमपहिरो, आँधीतुफान आदिबाट झेल्नुपर्ने समस्याहरू, हिमालको उचाइअनुसारका खानेकुराहरू आदिका बारेमा यस उपन्यासमा जस्ताको तस्तै चित्रण गरिएको छ । दुःखमा आत्तिने र सुखमा उत्साही हुने मानवीय भावनाहरू, एउटा सुखी घरसंसारको कल्पना, यहाँ अङ्कित प्राकृतिक छटाहरू सगरमाथाको विकरालता, जोखिमहरू, दुर्घटनाहरू, आशङ्कित मृत्यु, आरोहण वृत्तान्त, वातावरणीय चापको प्रसङ्ग, सगरमाथा आरोहण गर्दा वर्णन गरिएका स्थानका नामहरू- साउथकोल, वेष्टरिज, नर्थकोल आदि पनि यथार्थकै प्रतिबिम्बन हुन् । त्यस्तै हिमाल आरोहणमा विभिन्न देशबाट आउने आरोहीहरूको प्रसङ्ग, नेपालीहरू भरिया बन्नुपर्ने बाध्यात्मक परिस्थिति, भरियाहरूको जीवनकहानी आदि पनि यथार्थका उदाहरण नै हुन् । यसरी सरूभक्तले आफ्नो निरीक्षण क्षमताबाट ग्रहण गरेका कुराहरूलाई यथार्थमूलक ढङ्गले प्रस्तुत गरेका हुनाले यो उपन्यासको कथानक यथार्थमूलक बन्न पुगेको छ ।

### ३.४.२ कथानकको आ□क विकासका आधारमा □चुली❑ उपन्यास

आदि, मध्य र अन्त्यको समुचित विन्यास नै कथानकको आङ्गिक विकास हो । कथानकको आङ्गिक विकासलाई हेर्न कथानकलाई आदि, मध्य र अन्त्यका रूपमा हेर्नुपर्ने हुन्छ । आदि, मध्य र अन्त्यमा रूपमा मिलेको कथानक आङ्गिक रूपले पूर्ण भएको ठहरिन्छ । कथावस्तुको आदि भागमा एउटा जटिल समस्याका साथ मूल घटनाक्रमको प्रारम्भिक उल्झिने क्रिया प्रारम्भ हुन्छ । मध्य भागमा सो घटनाक्रमको प्रारम्भिक उल्झिने क्रिया अझ व्यापकता र गतिशीलताका साथ फुक्दैफैलदै चरमोत्कर्षतर्फ उन्मुख हुन्छ र अन्तिम भागमा चाहिँ सो घटनाक्रमको उल्झिने प्रक्रिया एउटा समाधानका साथ सुल्झिने प्रक्रियातर्फ सीमित र साँघुरो हुन जान्छ, यसैमा अन्तिम परिणति पनि प्राप्त हुन्छ (प्रधान, २०४०: पृ.४५) । **चुली** उपन्यासमा पनि आदि, मध्य र अन्त्यको समुचित निर्वाह भएको छ । यस उपन्यासको आदि, मध्य र अन्त्य भागमा आएका मुख्य-मुख्य घटनाहरूलाई बुँदागत रूपमा यसरी देखाइन्छ :

**आदिभाग**

आदिभागमा 'ऊ' पात्रको हिमाल चढ्ने मानसिक तयारीदेखि चुली आरोहण गर्न हिँडेसम्मका घटनाहरूलाई लिइएको छ । 'ऊ' पात्रका क्रियाकलापमा केन्द्रित आदिभागमा भएका घटनाहरू यसप्रकार छन् :

- 'ऊ' पात्रले हिमाल चढ्ने मानसिक तयारी गरी आधारशिविरसम्मको यात्रा गर्नु,
- समाजमा बसे पनि मानिसले हिमाल एक्लै चढ्नुपर्छ भन्ने भावना लिनु,
- 'ऊ' पात्र आधारशिविरबाट देखिने आकर्षक दृश्यहरूमा लोभिनु,
- भरियाहरूको कुराकानी र ठट्टासँगै तम्बु गाडी बास बस्नु,
- विभिन्न आरोही दलहरूको समूह देखेर छक्क पर्नु,
- तपाई एक्लै हिमाल चढ्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा 'ऊ' पात्रले जीवनका सबै हिमाल एक्लै चढेको र सर्वोच्च हिमाल पनि एक्लै चढ्ने जवाफ दिनु,
- साँझमा भरियाहरूले 'ऊ' पात्रको आरोहण सफल होस् भनी चोमोलोङ्मा देवीलाई सम्झनु,
- भरिया र गाइडहरूको कथाव्यथा सुन्दै भोटे चिया खानु,
- पाँचपटक सगरमाथा चढिसकेको गाइडको अनुभव 'ऊ' पात्रले सुन्नु,
- सबैजना मिलेर खाना खाई स्लिपिङ ब्यागभित्र हिमपहिरोको आवाज सुन्दै निदाउनु,
- भोलिपल्ट बिहान भोटेकुकुरको भुकाइसँगै ब्यूँझेर केहीबेर कुकुरसँग खेल्नु,
- 'ऊ' पात्र आफ्नो उद्देश्य सम्झेर उद्देश्यविहिन जीवन मृत्यु हो भन्दै पदयात्राको तयारीमा लाग्नु,
- सगरमाथाको क्रेम्पोन प्वाइन्ट खुम्बु आइसफलमा पुगेर हिमाल चढ्ने प्रयास गर्नु,
- खुम्बु आइसफमा केहीबेरमा थकाइ मार्दै हिमालमा हुने दुर्घटनाहरू सम्झनु तर दुर्घटनाहरूसित लुकामारी खेल्नुको नाम नै जीवन हो भन्दै हिम्मतिलो बन्नु,
- आधारशिविरमा फर्केर भरिया साथीहरूसँग कुराकानी गर्नु र बास बस्नु,

- भोलिपल्ट बिहान छोर्तेनमा खाता चढाउनु र दिउँसो आधारशिविरको एउटा चट्टान चढ्नु,
- उसले सफलतापूर्वक चट्टान चढेको देखेर एक युवतीले प्रशंसा गर्नु र एक्लै हिमाल नचढ्ने सल्लाह दिनु,
- आधारशिविरको मौसम बिग्रनु, दुईदिनसम्म पनि मौसम सफा नहुनु,
- 'ऊ' पात्रले सपनाको चुली र हिमालको सर्वोच्चताको चुली चढ्ने मानसिक तयारी र योजना बनाउनु,
- दुई दिनपछि मौसम सफा हुनु र भरिया साथीहरूसँग देवीसँग प्रार्थना गरी सफल आरोहणको कामना गर्नु,
- भरिया साथीहरूले उसलाई खाता दिँदै चोमोलोङ्मा देवीसँग प्रार्थना गरी सफल आरोहणको कामना गर्नु,
- 'ऊ' पात्र शुभकामना लिँदै आरोहणका लागि प्रस्थान गर्नु,

**मध्यभाग**

मध्यभागमा 'ऊ' पात्रले खुम्बु आइसफलदेखि सगरमाथाको सफल आरोहण गरी फर्कँदा भएको दुर्घटनासम्मका घटनाहरूलाई दिइएको छ । ती घटनाहरूलाई बुँदागत रूपमा यसरी देखाइन्छ :

- मनमा विभिन्न कल्पना र सम्झनाहरू राख्दै आइसफल पुग्नु,
- आइसफलको खतरनाक बाटो सतर्कतापूर्वक पार गर्नु,
- मौसम सफा हुँदै जानु, मनमा विभिन्न सङ्घर्षका कुराहरू सोच्दै केहीबेर थकाइ मार्नु,
- पेययुक्त खानेकुरा खाई पुनः क्याम्प एक क्षेत्रतर्फ लाग्नु,
- ताजा हिउँ र पुराना हिउँका उकाली ओरालीमा क्रेम्पोन पाइला चाल्दै अगाडि बढ्नु,
- ६१०० मिटरको उचाइमा भएको क्याम्प एक क्षेत्रमा पुग्दा थकित हुनु,

- जीवनमा कोही हिमाल चढेर थाक्छन्, कोही नचढेर थाक्छन्, हिमाल चढ्नेहरूका जीवनमा थकाइ हुन्छ, थकाइमा जीवन हुन्न भन्ने सोच्दै फ्रुटकेक खानु र अन्य आरोहीहरूका झैँ आराम गर्न नचाहनु,
- कतिपय मानिसहरू थोरै परिश्रम गरेर धेरै आराम खोज्छन् । अल्छीहरू जीवनका सुनौला अवसरहरूलाई शत्रुतापूर्ण दृष्टिले हेर्छन् तर हिमाल चढ्नेलाई यस्ता कुरा नसुहाउने र अल्छीले हिमाल नचढ्ने ठान्दै क्याम्प दुईतर्फ लाग्नु,
- क्याम्प दुईतर्फको चढाइ केही सजिलो लाग्नु र यहाँ पनि नयाँ पुराना हिउँका उकाली ओरालीसँग सङ्घर्ष गर्नु,
- खरपसहरू हिमाल र जीवन दुवै ठाउँमा हुन्छन्, तिनलाई देखेर जोगिन सक्नुपर्छ भन्दै उसले लठ्ठीको सहाराले खरपस पत्ता लगाएर सतर्कतापूर्वक बाटो काट्नु,
- केहीबेरको आराम र आवश्यक खानेकुरा खाई क्याम्प तीनतर्फ लाग्नु,
- हिउँका फाटाहरूमा सतर्कता अपनाउँदै अगाडि बढ्नु,
- बाटोमा आफ्नी प्रियसी सम्झनु,
- हिमाल चढेर आफ्नी प्रियसीको मन जित्ने अनि पत्नी बनाउने र छोराछोरी सहितको एउटा सानो, सुखी परिवारको कल्पना गर्नु,
- प्रियसी र घर मानिसका पहिला सपना हुन् भन्दै खतरनाक उकालो चढाइमा हिमबञ्चरोको सहायताले अगाडि बढ्नु,
- हिमालले गल्तीहरू माफ गर्दैन भन्दै पूर्ण सचेत भई त्यो खतरनाक उकालो पार गरेर एक समतल स्थानमा आइपुगी थकाइ मार्नु,
- अप्ठ्यारा चढाइहरू हिमालमा धेरै हुने र डराएर हिमाल नचढिने कल्पना गर्दै आफ्नी प्रियसीलाई चुलीमा पुगेर सफलता प्राप्त गरी सुन्दर उपहार लिएर आउने बाचा गर्नु,
- प्रियसीको न्यानो सम्झना लिएर अगाडि बढ्दै जाँदा बिष्फोटन भएजस्तो आवाज सुनी माथितिर हेर्दा हिमपहिरो आएको देख्नु,
- हिमपहिरोबाट बच्न 'ऊ' पुनः ओरालो दगुर्नु तर हिमपहिरोले उसलाई आक्रमण गर्नु,

- हिमपहिरो सकिएपछि हिउँबाट निस्कँदै प्रियसीलाई आफू बाँचेको खबर दिनु र मायाको सानो घर संसारको सबैभन्दा ठूलो गगनचुम्बी भवनभन्दा बलियो हुने भएकाले आफ्ना सपना र मायाको घरलाई कुनै पनि हिमपहिरोले ध्वस्त पार्न नसक्ने कुरा सोच्नु,
- पुरिएको हिउँबाट आफूलाई मुक्त गरी चुलीमा पुगेरै छाड्ने अठोट गर्नु र पुनः क्याम्प तीनतर्फको चढाइमा लाग्नु,
- 'ऊ' पात्रलाई उचाइको असर देखिन थाल्नु, उसँग अक्सिजन नहुनु र मानिसलाई प्रकृतिले सास फेर्ने प्राणी बनाइदिएकोले जान्यो भने सास फेर्न सकिन्छ भन्दै  आफैँमा विश्वास लिएर अगाडि बढ्नु,
- बढी उचाइको खाना खाएर ल्होत्सेको ढलानतर्फ अगाडि बढ्नु,
- यही समयमा मौसम बिग्रिए पनि आराम नगरी सङ्घर्षरत पाइला चाल्नु,
- ल्होत्से ढलानको चढाइ अत्यन्तै गाह्रो तर आकर्षक हुन्छ र यही समयमा आदिम पुर्खाले मानवता र सभ्यताको विकास गरेका महान् चुनौतीहरू सोच्नु,
- पुर्खाहरूले खतरा तर आकर्षकपूर्ण चुनौती खेपेर नै समाज आजको युगमा आइपुगेको हो भन्नु,
- बुद्ध, कृष्ण, यशु, महावीर, मोहम्मद, सुकरात, कन्फ्यूसियस, लोओत्सु, मार्क्स, डार्विन, फ्रायडजस्ता व्यक्तिहरू एकएक हिमाल हुन् भन्ने ठान्दै डोरी र हिमबञ्चरोको सहायताद्वारा क्रेम्पोन पाइलाहरू बढाउनु,
- जीवनको हिमाल चढ्नु एकएक पाइला अघि सार्नुपर्छ, आत्मविश्वास धैर्य र निर्णय गर्ने क्षमता नभएको कोही पनि व्यक्ति अघि बढ्न सक्दैन भन्दै प्रतिकूल मौसमसँग जुध्दै अगाडि बढ्नु,
- उत्साह र जोसले अगाडि बढिरहेको बेला हिमपहिरोको आवाज आउनु र त्यसलाई हेर्ने हुँदा चिप्लिएर लड्नु,
- बल्लबल्ल अडिएर आफैँसँग झोक्किनु र क्षणभरको असावधानीले गर्दा झन्नै मर्नुपरेको तितोसत्यलाई स्विकार्दै चुलीको यात्रा बेहोसीको, विक्षिप्तताको र कल्पनाको नभएर चुनौतिपूर्ण हो भन्ने ठान्नु,

- प्राथमिक उपचारपछि हराएका सामानका सट्टामा अन्य सामानहरू प्रयोग गरी आत्मबल बढाएर अघि बढ्नु,
- शारीरिक दुखाइ भए पनि उत्साह नदुखेकाले येलोकैपड, जेनेभा स्पर हुँदै साउथकोल आइपुग्नु,
- क्याम्प चारतर्फको चढाइमा लाग्नु, त्यहाँ प्रदूषण देख्नु र पवित्र विश्वास र समर्पणको यात्रामा हिमाललाई माया गर्नेहरूले नै यस्तो फोहोर पारेकोमा आश्चर्य प्रकट गर्नु,
- बाटोमा एउटा तम्बु देखिनु र कोही दुर्घटित मृत्यु मरिरहेको छ कि भन्दै गएर हेर्नु तर खाली तम्बु देखेर ढुक्क हुनु,
- हावाको वेग बढी भएकोले मेट्रेस झिकी ओछ्याएर सुरक्षित ठाउँमा बस्नु,
- मनमा विभिन्न कुरा खेलाउँदा खेलाउँदै निदाउन लाग्नु,
- निदाउनु हुन्न भन्ने थाहा पाउँदापाउँदै उसका आँखा बन्द हुनु र तत्कालै संवेदनामा प्रियसी आएर जीवनबोध गराउनु,
- अकस्मात् आँखा खोलिनु, हावा मत्थर भएको हुनु, कल्पनामा प्रियसीलाई चुम्नु र खुसी हुनु अनि केही खानेकुरा खाएर अघि बढ्नु,
- शारीरिक अस्वस्थता भए पनि मानसिक उत्साहले अघि बढिरहेको बेला अकस्मात् शव देख्नु र मनमा विभिन्न कुरा खेलाउँदै शवलाई समवेदना दिँदै अगाडि बढ्दा सगरमाथाको बल्कोनीमा आइपुग्नु,
- बल्कोनीबाट देखिने रमणीय दृश्यहरू केहीबेर हेरेर दक्षिणपूर्वी धारको बाटो हुँदै रेजर्स एजमा पुग्नु,
- रेजर्स एजको कष्टपूर्ण यात्रा एकएक पाइला सार्दै अघि बढेर दक्षिण चुलीसम्म आइपुग्नु,
- केहीबेर आराम गर्नु, तिर्खा लाग्नु, पानी खान खोज्दा थर्मस फुटिसकेकोले पानी नआउनु,
- शारीरिक तिर्खा बिर्सदै हिलारी स्टेप आइपुग्नु,

- पूर्ण तयारीले मानिसलाई पूर्ण बनाउँछ भने आधा तयारीले आधा बनाउँछ भन्दै आफूलाई सम्पूर्ण रूपमा तयारी गरेर हिलारी स्टेपको खतरनाक भीर चढ्न थाल्नु, बाटोमा अरूले बाँधेका डोरीहरू नसमाती आफैँ डोरी बाँधी अगाडि बढ्नु,
- यही बेलामा शारीरिक अस्वस्थताले ग्रस्त भई निराश बन्नु,
- निराशाभित्रै आशा राखेर हिउँमा बञ्चरो घ्वापघ्वाप गाड्दै जाँदा थाहै नपाई चुलीमा पुग्नु,
- पृथ्वीको सर्वोच्च ठाउँ २९,०२८ फिट बराबर ८,८४८ मिटरको उचाइमा विजय र सफलता प्राप्त गरेपछि हर्षविभोर हुनु,
- खुसियालीमा प्रेमिकालाई सम्झनु, चुलीमा टेकेको सफलता प्रेमको उपहार दिनु र आफ्नी भइनसकेकी प्रेमिकाले मुस्कुराउँदै अँगालो मार्न आएजस्तो ठान्नु र आफूले पनि प्रेमिकालाई बाहुपासमा बाँधेर चुम्बन खाएको अनुभव गर्दै पीडा बिर्सनु,
- सगरमाथाको चुलीभन्दा पनि बढ्ता आफ्नी प्रेमिकालाई माया गर्ने र सुन्दर पृथ्वीमा सुन्दर घर बसाउने कल्पना गर्नु,
- असाध्यै भावविह्वल हुनु तर चाहिनेभन्दा बढी खुसी हुनु मुर्खता हो भनी तुरुन्त सम्हालिनु,
- चुलीबाट देखिने दृश्यहरू हेर्नु र तल ओर्लने तयारी गर्नु,
- चुलीमा पुग्नु आधा विजय हो भने चुलीबाट सकुशल तल झर्नु आधा विजय हो भन्दै आफू चढेर आएका स्थानहरू सम्झँदै सोही बाटो तल झर्नुपर्ने सम्झी सगरमाथाको चुलीमा बसी फलफूलको रस पिउनु,
- होसियारपूर्वक आफैँले बनाएका पदचिह्नहरू पहिल्याउँदै क्रेम्पोन पाइलाहरू क्रमशः पछाडि सार्नु र रेजर्स एज आइपुग्नु,
- दक्षिणपूर्वी धारमा आइपुगेपछि पहिलेको शव सम्झी आफू सगरमाथाको चुली टेकेर फर्केको र त्यो सफलता पूरै सभ्यता, इतिहास र मानवताका नाममा भएकाले उसको पनि सफलता भएको ठान्नु,
- पुनः हिमालको मौसम बिग्रनु र तुफान चल्ने हो कि भनेर डराउनु,

- हिमालमा तुफानहरू जीवनमा जस्तै आइरहन्छन् तर हटेर होइन डटेर सामना गर्नुपर्छ भन्ने अठोटका साथ अगाडि बढिरहनु,
- हावाको वेग तीव्र हुनु, हिमढिक्काहरू खस्न थाल्नु, भगवान् सम्झनु तर सहारा नपाउनु,
- एक्कासी उछिटिनु, आफूसँग भएका सामानहरू हराउनु, उठ्न प्रयास गर्नु तर असफल हुनु र हिमपहिरोमा पर्नु,

**अन्त्यभाग**

- हिमपहिरोमा टाउको बजारिनु, ढाड भाँचिएर उठ्न नसक्ने हुनु,
- संवेदना शून्य बन्दै जानु,
- सगरमाथासँग सम्पूर्ण मानवताको नभएर व्यक्तिगत बिदा माग्नु,
- अन्तिम संवेदनामा प्रियसीलाई चुम्बन गरेर हिमालमा विलिन हुनु ।

यसरी शृङ्खलाबद्ध घटनाहरूले यो उपन्यासको कथावस्तु आदि, मध्य र अन्त्यको ढाँचामा रहेको स्पष्ट हुन्छ ।

### ३.४.३ कथानक ढाँचाका आधारमा 'चुली' उपन्यास

कथानक ढाँचा भनेको उपन्यासमा सुरुदेखि अन्त्यसम्मका घटनाहरूको संयोजनको अवस्था हो । यसले उपन्यासलाई प्रभावकारी, कौशलपूर्ण, कौतूहलपूर्ण बनाउनुका साथै सरल र सहज पनि बनाउँछ । उपन्यासकारको रुचि, उद्देश्य, कौशलक्षमता र चेतनाका आधारमा भिन्नभिन्न ढाँचाको प्रयोग गरिन्छ । एउटै कथावस्तुलाई पनि विभिन्न ढाँचामा प्रयोग गरेर उपन्यासकारले विशिष्टता प्रदान गर्दछ । उपन्यासमा कथानक ढाँचा मूलतः दुई प्रकारका हुन्छन् (बराल र एटम, २०५८: पृ.२८)-

**रैखिक ढाँचा**

**वृत्ताकारीय ढाँचा**

कथानकमा भएका घटनाहरू आदि, मध्य र अन्त्यका रूपमा रहेका छन् भने त्यसको ढाँचा रैखिक हुन्छ । वृत्ताकारीय ढाँचामा कथानक आदि, मध्य र अन्त्यका रूपमा नरही क्रमबद्धतामा विचलन भएको हुन्छ । **चुली** उपन्यासको कथानक ढाँचा रैखिक रूपको छ । यस उपन्यासको कथावस्तु हिमाल आरोहणसँग सम्बन्धित रहेकाले निश्चय नै यसमा सिलसिला र

क्रमबद्धताले स्थान पाएको छ । सरसर्ती हेर्दा यात्रा वृत्तान्तजस्तो लाग्ने **चुली** उपन्यासमा सगरमाथाको चुलीसम्म पुग्दाका एकएक जोखिमपूर्ण पाइलाहरू क्रमशः अगाडि बढेका छन् । 'ऊ' पात्रको मानसिक तयारीदेखि आधारशिविरसम्मको यात्रा, भरिया साथीहरूसँगको सम्बन्ध र त्यसपछिको यात्राको क्रममा क्रमशः आएका आधारशिविर, खुम्बु आइसफल, क्याम्प एक, क्याम्प दुई, क्याम्प तीन, ल्होत्सेमुखको ढलान, यलो कैपड, जेनेभा स्पर, दक्षिण घाँटी, सगरमाथाको बल्कोनी, रेजर्स एज, दक्षिणचुली, हिलारी स्टेप हुँदै सगरमाथाको चुलीसम्मको यात्रा क्रमशः अगाडि बढेको छ । त्यसरी नै यी स्थानहरूको यात्राका क्रममा अपनाउनु पर्ने सतर्कताहरू स्थानअनुसार खाने खानेकुराहरूको पालना पनि क्रमशः अपनाएको छ । चुलीको आरोहण गरिसकेपछि पनि 'ऊ' सोही बाटो क्रमशः तल झर्दै गरेको र बीच बाटोमा आइपुगेपछि दुर्घटनाग्रस्त भएर  मरेको छ र यहीँ  कथावस्तु पनि अन्त्य भएको छ । यसरी उपर्युक्त सम्पूर्ण घटनाहरू हेर्दा **चुली** उपन्यासले रैखिक ढाँचालाई अवलम्बन गरेको छ ।

### ३.४.४ कथानकको प्रकारका आधारमा ❑चुली❑ उपन्यास

उपन्यासमा प्रयुक्त कथानकहरू विभिन्न प्रकारका हुन्छन् । जस्तैः मुख्यकथा, सहायक कथा, सुसङ्गठित कथा, असङ्गठित कथा, सरल कथा, जटिल कथा, सुखान्त कथा, दुःखान्त कथा आदि (खड्का, २०६२ः पृ४६) । यीमध्ये मूलतः उपन्यासका कथानकलाई मुख्य कथा र सहायक कथाका आधारमा छुट्ट्याएर हेरिन्छ । सरूभक्तद्वारा लिखित **चुली** उपन्यासको कथावस्तुले एउटा मुख्य कथालाई आत्मसाथ गरेर अगाडि बढेको छ । यसको सुरुदेखि अन्त्यसम्म एउटै मूल विषयवस्तु सलल बगेको छ । 'ऊ' पात्रको हिमालचुली पुग्ने रहर, कल्पना र उद्देश्यबाट सुरु भएको यस उपन्यासको कथावस्तु हिमालका आरोह-अवरोह पार गरेर चुलीमा पुगी बीच बाटोसम्म फर्कदासम्म तन्किएको छ । 'ऊ' पात्र शारीरिक एवम् मानसिक रूपले तयारी हुँदै आधारशिविरमा बसी अगाडि बढेको र त्यहाँबाट भरिया साथीहरूलाई छोडेर एक्लै हिमाल आरोहणमा लागेको देखिन्छ । 'ऊ' पात्रले हिमाल आरोहणका क्रममा सम्झेको प्रियसीको प्रसङ्गलाई लिएर हेर्दा यसमा प्रणयमूलक कथा पनि देख्न सकिन्छ तर यो केवल 'ऊ' पात्रका मनमा उब्जेको क्षणिक कल्पना र भावना मात्र हो । त्यसैगरी भरियाहरूको कहानी, हिमालमा सम्झेका यति र भूतका कथाहरूले पनि यस उपन्यासको कथावस्तुमा कुनै असर पारेका छैनन् । तसर्थ यस उपन्यासमा केवल हिमाल आरोहणका क्रममा गरेका सङ्घर्षहरू, प्रयासहरू र सफलता अनि दुर्घटना नै मुख्य कथाका रूपमा आएका छन् । यसरी उपन्यास 'ऊ' पात्रका केन्द्रीयतामा रहेर आरम्भदेखि अन्त्यसम्म नै डोहोरिएको पाइन्छ । एक स्टेपको चढाइदेखि अर्को

स्टेपको चढाइसम्मका घटनाहरू सिलसिलाबद्ध रूपमा अगाडि बढेको छ । यस उपन्यासको कथामा  बीचबीचमा नयाँ कथाहरू आएर बीचैमा हराएका वा अन्त्यसम्म पुगेका छैनन् । उपन्यास केवल संस्मरणात्मक रूपमा लेखिएको घटनाप्रधान उपन्यासका रूपमा रहेको छ । शैलीका दृष्टिकोणले हेर्दा यो वर्णनात्मक शैलीको छ ।

### ३.४.५ चुली उपन्यासको कथानकमा प्रयुक्त कुतूहलता

सफल उपन्यास बन्नका लागि कुतूहलता आवश्यक हुन्छ । उपन्यासमा विविध कथा, उपकथा, घटनाहरू प्रस्तुत भएका हुन्छन् । तिनीहरूलाई एकअर्कामा अन्वित गराउने काम कुतूहलताले गर्छ । कुतूहलता भनेको पाठकमा जिज्ञासु भावना जगाइराख्न मद्दत गर्ने तत्त्व हो (सुवेदी, २०५३ः पृ.२०) । जिज्ञासु पाठकहरूलाई उपन्यासको सुरुदेखि अन्त्यसम्म पढ्न बाध्य बनाउने तत्त्व कुतूहलता हो ।

**चुली** उपन्यासमा पनि कुतूहलताको सफल प्रयोग भएको छ । 'ऊ' पात्रको एक्लो चुली चढाइले नै पाठकमा जिज्ञासा उत्पन्न गराउँछ । सगरमाथाको चुलीमा पुग्नु सानो कुरा होइन, के 'ऊ' पात्र एक्लै चुलीमा पुग्न सक्छ त भन्ने प्रश्न पाठकका मनमा उब्जन्छ । आधारशिविरका भरिया साथीहरूले चोमोलोङमाकी देवी पुकार्दा, छोर्तेनमा खाता चढाउँदा साँच्चै 'ऊ' पात्रको यात्रा सफल हुन्छ त, त्यस्तै 'ऊ' पात्र सुरुमा भरिया साथीहरूसँग बिदा मागेर हिँडेपछि 'ऊ' चुलीकै यात्राका लागि हिँडेको हो त भन्ने भाव पाठकका मनमा उब्जन्छ । त्यसैगरी 'ऊ' खुम्बु आइसफलसम्म पुगेर फर्कदा 'ऊ' किन फर्केको होला भन्ने कौतूहल जाग्छ । आधारशिविरको चट्टान चढेको देखी "हेर्नुहोस् महाशय, तपाईंले चट्टान चढेको देख्दा तपाईं एक दक्ष र अनुशासित आरोही हुनुहुन्छ भन्ने कुरा थाहा हुन्छ तर पनि एक्लै हिमाल चढ्नुहुँदैन । एकपल्ट सोच्नुहोला है...म अनुरोध गर्छु... प्लिज... ।" भन्ने युवती को हो, उसले किन जवाफ नपर्खी गई, उसले के कुराको सङ्केत गरेकी होला, के त्यो युवतीको भनाइबाट 'ऊ' पात्र एक्लै हिमाल चढ्ने आँट गर्दैन त भन्ने कुराले पिरोल्छ । त्यस्तै आधारशिविरमा बस्दा बिग्रेको मौसमले कतिसम्म झुलाउने हो भन्ने कुरा पनि कुतूहलपूर्ण नै छ ।

'ऊ' पात्र हिमाल आरोहणका क्रममा अगाडि बढ्दै जाँदाका प्रत्येक क्रेम्पोन पाइलाहरूमा कुतूहलता पाइन्छ । कहिल्यै नहिँडेको मान्छे चुली चढ्न जाँदा बाटो कसरी थाहा हुन्छ होला, हिमालमा भएको पुरानो हिउँ र नयाँ हिउँको बाटो कसरी काट्छ होला, क्याम्प

दुईको चढाइमा  उसले प्रथम पटक सम्झेकी  प्रियसी को हो, हरेक क्रेम्पोन पाइलाहरूमा हौसला प्रदान गर्न सक्ने युवतीसँग 'ऊ' पात्रको कस्तो सम्बन्ध छ, किन 'ऊ' कहिले पनि प्रियसीसँग गरेको दोहोरो कुराकानी सम्झँदैन, उसले आफ्नो प्रेमलाई व्यक्त नगरी एकोहोरो रूपमा आफूसँगमात्रै पो राखेको हो कि, के सफलतापूर्वक चुली पुगेर फर्कन सक्यो भने उसले सोचेको घरसंसार बसाउन सक्छ त भन्नेजस्ता थुप्रै कौतूहलता पाठकका मनमा उब्जन्छन् । क्याम्प दुई क्षेत्रकै चढाइमा गएको हिमपहिरोले कतै 'ऊ' पात्र आफैँ विलिन हुने त होइन, 'ऊ' हतारहतार तलतिर झर्दा कतै चिप्लिएर लड्ने त होइन, हिमपहिरोबाट बाँच्न सफल त भयो तर पुरिएको हिउँबाट निस्कन सक्छ त अनि निस्केपछि शारीरिक रूपमा स्वस्थ हुन्छ त भन्ने प्रश्न पाठकका मनमा आइरहन्छन् ।

क्याम्प तीनतर्फको चढाइका क्रममा ल्होत्सेको ढलानतर्फ जाँदा पुनः बिग्रको मौसमले के गर्ला, प्रतिकूल मौसमसँग जुध्दै अगाडि बढ्दै जाँदा 'ऊ' लड्खडाउँछ, चिप्लन्छ, हुत्तिन्छ र हावाको जोडले उभिन नसकी घोप्टो पर्छ  र उसलाई सास फेर्न गाह्रो हुन्छ । यो बेलामा 'ऊ' पात्रको अवस्था के होला भन्ने भाव पाठकका मनमा जाग्छ । यसरी नै हिमपहिरो गएको आवाज सुनी हिमपहिरो हेर्न हुँदा हिमचट्टानबाट 'ऊ' पात्र खस्छ । त्यो बेलामा उसलाई के भयो होला भन्ने प्रश्नले पाठकलाई तानिरहन्छ । हिमालमा निदाएको 'ऊ' पात्रलाई हेर्दा ऊ अब कतिबेला, कसरी ब्युँझिन्छ होला भन्ने भाव उब्जन्छ । अन्तिम चढाइ अर्थात् चुलीको चढाइतर्फ लाग्दा 'ऊ' पात्रको अस्वस्थता, बाटोमा भेटेको शव आदिले पनि कुतूहलता थपेको छ । सगरमाथाको बल्कोनी पुगेर चुली हेर्दा देखिँदैन । यो बेलामा कतै 'ऊ' पात्रले बाटो त भुलिएको छैनजस्तो लाग्छ । त्यसपछि चुलीमा पुग्ने बेलासम्म उसको अस्वस्थताले के गर्ने होला ? पानीको थर्मस फुटेर पानी खान नपाएपछि उसले एकएक  जोखिमपूर्ण पाइलाहरू अगाडि बढाउन सक्ला त ? हिलारी स्टेपमा बाँधिएका डोरीहरूको प्रयोग नगर्दा आफैँ डोरी बाँध्न सक्छ कि सक्दैन ? त्यसपछि अगाडि बढ्दा हिउँमा घ्वापघ्वाप गाडेको बञ्चरो चिप्लिन्छ कि भन्ने डर पाठकलाई लाग्छ । त्यसैगरी सगरमाथाको चुलीमा रमाउनसम्म रमाएपछि चुलीबाट तल झर्दा उसको शिथिल शरीरले धोका दिने हो कि ? दक्षिण चुलीमा आइपुग्दा बिग्रिएको मौसममा 'ऊ' पात्रले के गर्छ होला ? भन्नेजस्ता कुतूहलता भइरहेको अवस्थामा 'ऊ' खराब मौसमको शिकार भइदिन्छ । यसरी यस उपन्यासको कथावस्तु कुतूहलतैकुतूहलताभित्र 'ऊ' पात्र सगरमाथाको चुलीमा पुगेर केही तलसम्म फर्केपछि दुःखद अन्त्य भएको छ । 'ऊ' पात्रको मृत्युपछि पनि

पाठकका मनमा 'ऊ' पात्र मरेको उसका शुभचिन्तकले थाहा पाए कि पाएनन्,उसका अरू परिवारहरू थिए कि थिएनन् भन्ने उत्सुकता जागिरहन्छ ।

### ३.४.६ चुली उपन्यासको कथानकमा प्रयुक्त द्वन्द्व

द्वन्द्व कथानकमा अति आवश्यक हुन्छ । यसले कथानकलाई अगाडि बढाउँछ । द्वन्द्वका कारणले नै कथानकका क्रियाकलापहरू अगाडि बढेका हुन्छन् । कथानकमा द्वन्द्व दुई प्रकारका हुन्छन् (बराल र एटम, २०५८ः पृ. २६)-

**बाह्य द्वन्द्व**

**आन्तरिक द्वन्द्व**

मानिस-मानिसका बीचमा, मानिस र समाजका बीचमा, समाज र समाजका बीचमा अथवा मानव र मानवेत्तर पात्रका बीचमा भएको द्वन्द्व बाह्य द्वन्द्व हो भने मानिसको मनभित्र हुने द्वन्द्व आन्तरिक द्वन्द्व हो (बराल र एटम, २०५८ः पृ २६) । कथानकमा द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले द्वन्द्वको आवश्यकता पर्छ । द्वन्द्व रचनामा प्रस्तुत भएका जीवनका अन्तर्जटिलताहरूलाई देखाउने तत्त्व हो ।

**चुली** उपन्यासमा पनि द्वन्द्वको प्रयोग भएको छ । यो उपन्यास सङ्घर्षैसङ्घर्षमा अगाडि बढ्दै गएर सङ्घर्षमै अन्त्य भएको छ । यस उपन्यासमा प्रस्तुत भएको द्वन्द्वलाई यसरी देखाइन्छ :

**बाह्य द्वन्द्व**

यस उपन्यासमा मानव र मानवेतर पात्रका बीचमा भएका द्वन्द्वहरू आएका छन् । 'ऊ' पात्र र हिमालका बीचमा विभिन्न सङ्घर्ष भएका छन् । 'ऊ' पात्र एक्लै हिमाल चढ्न तयार भएको पात्र हो भने हिमाल त्यससँग सम्बन्धित मानवेतर पात्र हो । यिनै दुई पात्रका बीचमा भएको सङ्घर्ष र 'ऊ' पात्रले भोग्नुपरेको अन्तर्जटिलता नै यस उपन्यासको बाह्य द्वन्द्व हो । 'ऊ' पात्र हिमालको प्रतिकूल मौसमसँग निरन्तर सङ्घर्ष गरिरहन्छ । कथानकको आदि भागमा भरियाहरूले विभेदात्मक प्रथाप्रति आक्रोश पोखेका छन् । आरोहण दलका मानिसहरू 'ऊ' पात्रलाई एक्लै हिमाल नचढ्न सल्लाह दिन्छन् भने 'ऊ' पात्र मानिसहरू हिमाल चढ्दा पनि समाजै बोकेर हिँडेकोमा आश्चर्य प्रकट गर्दै सगरमाथाको चुली एक्लै चढ्नुपर्छ भन्छ । यहाँ पनि द्वन्द्व देखिन्छ । आधारशिविरबाट हिँडेपछि खुम्बु ग्लेशियरमाथि देखापरेका काला बादलको पर्वाह नगरी 'ऊ' खराब मौसमसँग जुझारु भएर अगाडि बढ्छ । हिमाल चढ्ने क्रममा

हिमालमा भएका हिमखाल्डा र हिउँका आतङ्कसँग सङ्घर्ष गर्दै र हराएको बाटो खोज्दै 'ऊ' अगाडि बढ्छ । विभिन्न ठाउँमा प्रयोग गर्ने डोरी, हिमबञ्चरो, खुँटीसहित क्रेम्पोन पाइलाहरू चाल्दै हिमालसँग सङ्घर्ष गरिरहन्छ । 'ऊ' आफूलाई कायर ठान्दैन र हिमालसँग जुधिरहन्छ । यो नै हिमाल र 'ऊ' पात्रका बीचको द्वन्द्व हो ।

हिमाल चढाइका क्रममा बीच बाटोमा गएको हिमपहिरोसँग भएको सङ्घर्ष पनि एक दरिलो द्वन्द्व हो । प्रकृतिसँग जुध्दा सुरुमा त यसले सफलता हासिल गरेकै देखिन्छ तर अन्तिममा गएर प्रकृति र मानवको द्वन्द्वमा मानवको हार र प्रकृतिकै जीत देखाइएको छ । गगनचुम्बी हिमाल चढाइका बेला आएका हिमतुफान, हिमआँधीहरू, कम अक्सिजन भएको अवस्थाको हिमाल चढाइ, हिमपहिरोसँगको लडाइँ, चढाइका क्रमका सङ्घर्षहरू र झराइका क्रममा भएको दुर्घटना आदि नै यस उपन्यासको कथानकमा देखिएका बाह्य द्वन्द्वहरू हुन् ।

**आन्तरिक द्वन्द्व**

यस उपन्यासमा आन्तरिक द्वन्द्व पनि रहेको छ । उपन्यासको आदि भागमा नै भरियाहरूका मनमा 'ऊ' पात्र कसरी एक्लै हिमाल चढ्छ होला, एक्लै हिमाल नचढे हुन्थ्यो भन्ने भाव आउँछ । 'ऊ' पात्र हिमाल चढेका बेलामा यतिका कथाहरू सम्झेर मानसिक द्वन्द्वमा फसेको छ तर अरेका कुराहरू हुन् भनी सम्हालिएको छ । 'ऊ' पात्रका मनमा प्रियसीसम्बन्धीका कुराहरू पनि द्वन्द्वात्मक रूपमा देखिएका छन् । हिमाल चढाइका क्रममा आइपरेका कठिनाइका क्रममा पनि 'ऊ' निकै आन्दोलित भएको छ । "यस्तो बेलामा हवाक् हवाक् गरी रगत छाडिदियो भने के गर्ने ? आँखाले देख्न छाड्यो भने के गर्ने ? ... "(पृ.२७) । यसैगरी सगरमाथाको बल्कोनीबाट अगाडि बढ्दा 'ऊ' बाटो अल्मलिएर द्वन्द्वात्मक स्थितिमा आइपुगेको छ । हिलारी स्टेपमा क्रेम्पोन पाइलाहरू असफल बन्न थालेपछि अब के गर्ने ? भन्ने छटपटी उसमा आएको छ । यसरी यस उपन्यासमा 'ऊ' पात्रका सङ्घर्षशील पाइलाहरूमा उसले गरेका सङ्घर्षहरू आन्तरिक द्वन्द्वका रूपमा आएका छन् ।

## ३.४.७ अन्त्यका दृष्टिले चुली उपन्यास

अन्त्यका दृष्टिले उपन्यासलाई मूलतः दुई प्रकारमा बाँड्न सकिन्छ :

**सुखान्त**

**दुखान्त**

उपन्यासको अन्त्य कसरी भएको छ त्यसैका आधारमा उपन्यासको प्रकार छुट्याउन सकिन्छ । उपन्यासको अन्त्य सुखात्मक किसिमले प्रेम, प्रणय, खुसीमा भएको छ भने त्यस्तो उपन्यासलाई सुखान्त उपन्यास भनिन्छ । उपन्यासको अन्त्य विछोड, मृत्यु आदिमा भएको छ भने त्यस्तो उपन्यासलाई दुःखान्त उपन्यास भनिन्छ । यस आधारबाट हेर्दा सरूभक्तद्वारा लिखित **चुली** उपन्यास दुःखान्त उपन्यासका रूपमा रहेको देखिन्छ । आधारशिविरमा भएका साथीहरूसँगको क्षणिक हाँसो र रमाइलो अनि कल्पनामा गरिएका प्रियसीसँगको मिठो क्षण र चुलीमा पुगेको सुखद क्षणबाहेक अन्य सम्पूर्ण कथानकमा सङ्घर्ष, दुर्घटना, जोखिम र मृत्युको भयावह रूप देखिन्छ । हिमाल चढ्ने काम सुखपूर्ण होइन, त्यसमा पनि यस उपन्यासको 'ऊ' पात्रले एक्लै सङ्घर्षमय पाइला अगाडि बढाउँदै जाँदा ठाउँठाउँमा भएका दुर्घटना, हिमपहिरोले दिएको पीडा, शारीरिक अस्वस्थता, आफूसँग भएका सामानहरूको क्षति, पानीसम्म खान नपाएर छट्पटाएको अवस्था, उसले चुलीको नजिकैमा फेला पारेको बेहालतावस्थाको शवको उपस्थिति, हिमालका हिमतुफान, आँधीहुरीसँगको सङ्घर्ष, खतरनाक बाटो र भीरको चढाइलगायत अन्त्यमा हिमालकै हिमतुफानमा परी उसको जीवन समाप्त हुनु दुःखान्त हुनका मूल घटनाका रूपमा देखापरेको छ । यी बाहेक 'ऊ' पात्र प्रियसीलाई सम्पूर्णतः आफ्नी बनाइनसकेको पीडामा छ । अक्सिजनको कमी भएको बेला अक्सिजनको सिलिण्डर नहुनु, बल्लबल्ल एकएक सङ्घर्षमय पाइलाहरू अगाडि बढाउँदै गएको बेला चिप्लिएर पुनः तल खस्नु पनि दुःख र पीडाकै कारक बनेका छन् । हिमालको चुलीमा पुगेर प्राप्त गरेको सफलता आफ्नी प्रियसीलाई प्रेमोपहार दिन नपाई 'ऊ' पात्र मर्नुपरेको पीडा झन् कहालीलाग्दो छ । यो उपन्यास दुखैदुःख र पीडैपीडामा समाप्त भएको छ, तसर्थ यो दुःखान्त उपन्यास हो ।

## ३.५ चरित्र र चरित्रचित्रण

उपन्यासमा पात्र वा चरित्रको महत्त्वपूर्ण भूमिका हुन्छ । पात्र वा चरित्रले उपन्यासलाई गतिशील बनाउँछ । पात्रविना उपन्यास प्राणहीन हुने गर्छ । उपन्यासमा मानव जीवनको कुनै न कुनै क्षण प्रतिबिम्बित भएको हुन्छ । मानव जीवनको सम्पूर्ण यथातथ्य उतार्ने तत्त्व चरित्र हो (सुवेदी, २०५३: पृ.१७) । विभिन्न युग, परिवेश आदि अनुसार उपन्यासमा पात्रहरू भिन्नाभिन्नै प्रकारका हुने गर्छन् । उपन्यासका चरित्रहरू निर्मित हुन्छन्, यति भएर पनि यिनीहरूले सांसारिक जीवनको बाह्य एवम् आन्तरिक प्रवृत्तिहरूको मूल स्वरूपलाई पक्रिएको हुन्छ ।

उपन्यासमा चित्रण गरिएका चरित्रहरू सांसारिक जीवनका विभिन्न पाटाबाट लिइएका हुनाले तिनमा विविधता अवश्य नै पाइन्छ । देश, काल, परिस्थिति अनुरूप पात्रका गुणहरू फरक-फरक हुन पुग्दछन् । उपन्यासका पात्रहरूलाई पात्रको कार्य वा भूमिका, प्रवृत्ति, स्वभाव, जीवनचेतना, लिङ्ग, आसन्नता, आबद्धता आदिका आधारमा वर्गीकरण गरेर हेर्न सकिन्छ । **चुली** उपन्यासमा वर्णित पात्रहरूलाई पनि यिनै प्रकारहरूमा आधारित रहेर अध्ययन गर्न सकिन्छ :

### ३.५.१ कार्य वा भूमिकाका आधारमा “चुली” उपन्यासका पात्रहरू

यस आधारअनुसार उपन्यासमा वर्णित पात्रहरूलाई तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ- प्रमुख पात्र, सहायक पात्र र गौण पात्र । उपन्यासमा पात्रहरूको स्थान, भूमिका, उपन्यासको कथानकलाई ती पात्रहरूले डोऱ्याएको कुरा र उपन्यासको उद्देश्य प्राप्तिका लागि ती पात्रहरूले खेलेको भूमिकालाई दृष्टिगत गरी उपन्यासमा पात्रहरूको स्थान निर्धारण गरिन्छ । प्रमुख पात्र उपन्यासको आदिदेखि अन्त्यसम्म समेटिएको हुन्छ । उपन्यासको उद्देश्य प्राप्तिका लागि उसको महत्त्वपूर्ण भूमिका हुन्छ । यस्ता पात्रहरूलाई उपन्यासका नायक वा नायिका मानिन्छ । कथानकमा यिनीहरूको महत्त्वपूर्ण स्थान रहन्छ । सहायक पात्रहरू उपन्यासका प्रमुख पात्रहरूलाई उद्देश्य प्राप्तिसम्म पुऱ्याउनका लागि सहायक हुन्छन् । गौण पात्रहरू पनि उपन्यासकारले आफ्नो उद्देश्यअनुरूप सफलता प्राप्त गर्न सांसारिक यथार्थको चित्रण गर्न उपन्यासलाई रोचक बनाउन प्रयोग गरेको हुन्छ ।

#### ३.५.१.१ “चुली” उपन्यासमा प्रमुख पात्र “ऊ”

चुली उपन्यासको केन्द्रीय वा प्रमुख पात्र 'ऊ' हो । यो वा त्यो भनी किटेर नाम नलिई सर्वनामी रूपमा प्रस्तुत गरिएको 'ऊ' पात्रकै केन्द्रीयतामा **चुली** उपन्यासको कथानक बुनिएको छ । हिमालको चुलीमा पुग्ने उच्च मनोबल लिएर नाम्चेमा देखापरेको 'ऊ' पात्र थ्याङ्बोचे, लोबुचे, फेरिचेमा केही दिन केही समय व्यतित गर्दै एक्लै हिमाल आरोहण गर्ने सफल पात्रका रूपमा चित्रित छ । हिमालका जोखिमहरूसँग कहीँ लुकामारी खेल्दै, कहीँ मितेरी लगाउँदै साहसी पाइलाहरू चालेर सगरमाथाको चुलीमा पुगी फर्कने क्रममा हिमतुफानमा परी मृत्युको मुखमा होमिन पुगेको 'ऊ' पात्रको जीवन समाप्त हुनासाथ उपन्यासको कथावस्तु टुङ्गिएको छ । यसरी हेर्दा उपन्यासको सम्पूर्ण कथानकको केन्द्रबिन्दुमा 'ऊ' पात्र नै रहेको छ । उसको भौतिक संसारमा कोही छैन तर मानसिक संसारमा 'ऊ'सँग सुन्दर प्रियसी छ । उसले हरेक सफलता प्राप्त गर्नासाथ मनमनै आफ्नी प्रियसीलाई खबर दिन्छ र रमाउँछ भने

सङ्कटावस्थामा प्रियसी आएर सद्भाव र सहानुभूति बाँडेको कल्पना गर्दै अगाडि बढ्न प्रोत्साहित भएको छ । काल्पनिक प्रियसीकै सहारामा एक्लै साहसिक क्रेम्पोन पाइलाहरू अगाडि बढाउँदै चुलीमा पुग्न सफल 'ऊ' पात्र यस उपन्यासको केन्द्रीय पात्र हो । कथानकको सुरुवात 'ऊ'बाटै भएर उसकै यात्रावृत्तान्तजस्तो लाग्ने उपन्यासको अन्त्य पनि उसको मृत्युसँगै भएकोले 'ऊ' नै प्रमुख पात्र बनेको छ । उपन्यासका विभिन्न घुम्ती र मोडलाई समेट्दै 'ऊ' उपन्यासकारको उद्देश्यप्राप्तिको अन्तिम बिन्दुसम्म रहेको छ ।

### ३.५.१.२ 'चुली' उपन्यासको सहायक पात्र प्रियसी

**चुली** उपन्यासमा सहायक पात्रका रूपमा प्रियसी रहेकी छ । यस उपन्यासमा अनुपस्थित रहेर पनि 'ऊ' पात्रको हरेक क्रेम्पोन पाइलाहरू अगाडि बढाउनमा 'ऊ' सहायक बनेकी छ । 'ऊ' पात्र मानसिक जगत्मा प्रतिबिम्बित प्रियसीसँग सफल जीवन बिताउने सुखद् कल्पना गर्दै जोखिमपूर्ण पाइलाहहरू अगाडि बढाउँछ । यस उपन्यासका अनुसार 'ऊ' पात्रले आफ्नी प्रियसीको मन जितेर सम्पूर्णतः आफ्नो बनाइसकेको छैन तसर्थ चुलीमा पुगेर प्राप्त गरेको सफलता प्रियसीलाई प्रेमोपहार दिने र प्रियसीको मन जिती सुन्दर संसारभित्र रमाइलो घरजम गर्ने अभिलाषाले कठिनभन्दा कठिन पाइलाहरू चालेर 'ऊ' चुलीमा पुग्न सफल भएको छ । यसरी यस उपन्यासमा अदृश्य भएर पनि उपन्यासकारको उद्देश्य प्राप्तिका लागि प्रियसीले सहायक भूमिका खेलेकी छ ।

### ३.५.१.३ 'चुली' उपन्यासमा गौण पात्रहरू

यस उपन्यासमा केही गौण पात्रहरू पनि रहेका छन् । जस्तैः भरियाहरू, गाइडहरू, आरोहण दलका मानिसहरू आदि । यी पात्रहरू उपन्यासमा अनिवार्य रूपमा नआएर उपन्यासलाई रोचक बनाउँदै उपन्यासको उद्देश्य प्राप्तिका लागि पृष्ठभूमिको कार्य गर्न सफल भएका छन् ।

## ३.५.२ प्रवृत्तिका आधारमा 'चुली' उपन्यासका पात्रहरू

प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल गरी दुई प्रकारका पात्रहरू रहेका हुन्छन् । उपन्यासमा उपन्यासकारले सकरात्मक र नकरात्मक दुवै प्रवृत्तिको भूमिका भएका पात्रहरूको सिर्जना गर्न सक्छ । सकरात्मक भूमिका भएका पात्रहरूलाई अनुकूल पात्र भनिन्छ । यस्ता पात्रहरूप्रति पाठकको सहानुभूति रहन्छ । खासगरी यस्ता पात्रहरू सत्यमा अडिग रहने खालका

हुन्छन् । नकारात्मक भूमिका भएका पात्रहरू प्रतिकूल प्रवृत्तिका ठहरिन्छन् । यस्ता पात्रहरूप्रति पाठकको कुनै सहानुभूति रहँदैन ।

सरूभक्तद्वारा लिखित **चुली** उपन्यासमा एकदमै थोरै पात्रको प्रयोग गरिएको छ । आत्मसंस्मरणजस्तो लाग्ने यस उपन्यासमा मूलतः एउटै पात्र 'ऊ' रहेको छ । 'ऊ' यस उपन्यासमा अनुकूल प्रवृत्तिको रहेको छ । 'ऊ' हिमाल आरोहणको यात्रामा एक्लै सरिक भएको छ । उसले कसैको केही बिगार गरेको छैन । यस उपन्यासमा 'ऊ' असल प्रेमीको रूपमा चित्रित भएको छ । उसले प्रियसीलाई अत्याधिक माया गरेको छ भने भरियाहरूसँग मित्रवत् व्यवहार गरेको छ । चुली चढ्ने क्रममा निरन्तर लागिपर्ने 'ऊ' पात्रले अन्य व्यक्तिलाई समेत पथप्रदर्शन गरेको छ । हिमालको प्रतिकूल वातावरणसँग जुध्दै अगाडि बढ्ने 'ऊ' पात्र यस उपन्यासमा अनुकूल चरित्रकै रूपमा रहेको छ । यस उपन्यासका सहायक र गौण पात्रहरू पनि अनुकूल प्रवृत्तिकै देखिन्छन् । भरियाहरू भारी बोकेर हिँड्ने, अर्कालाई सहयोग गर्ने खालका छन् भने गाइडहरू हिमाल आरोहीहरूलाई पथप्रदर्शन गर्छन् । आरोहण दलका सहभागीहरू निष्क्रिय भएर पनि अनुकूल नै देखिन्छन् । यसरी समग्रमा हेर्दा यस उपन्यासका पात्रहरू अनुकूलमात्र देखिन्छन् ।

### ३.५.३ स्वभावका आधारमा 'चुली' उपन्यासका पात्रहरू

स्वभावका दृष्टिले उपन्यासमा गतिशील र स्थिर दुई प्रकारका पात्रहरू हुन्छन् । उपन्यासमा कुनै परिस्थितिअनुसार बदलिने पात्र गतिशील हुन्छ जो आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी सुहाउँदो बन्छ । परिस्थिति बदलिए पनि आद्यान्त उस्तै जीवन बिताउने र विचलन नआउने स्वभावको पात्र गतिहीन हुन्छ । 'ऊ' आदर्शमा दृढ हुन्छ (बराल र एटम, २०५८: पृ.३३०) । यस आधारमा **चुली** उपन्यासका पात्रहरू गतिशील रहेका छन् । यहाँको प्रमुख पात्र 'ऊ' गतिशील छ । 'ऊ' समय र परिस्थितिअनुसार आफूलाई बदल्न सक्छ । हिमाल चढ्ने उद्देश्य लिएर हिँडेको 'ऊ' पात्र आधार शिविरका भरियाहरूका बीचमा भरियाजस्तै बनिदिन्छ भने हिमाल आरोहणका क्रममा प्रतिकूल अनुकूल मौसमअनुसार आफूलाई सजग बनाउँछ । हिमाल आरोहणका क्रममा अनावश्यक आराम गर्न नचाहने 'ऊ' पात्र तम्बु टाँगेर बस्नुका सट्टा सङ्घर्षशील क्रेम्पोन पाइलाहरू अगाडि बढाउँछ । 'ऊ' आफूले चाहेकी प्रेमिकालाई समपूर्णतः आफ्नी बनाउन सर्वोच्च चुलीमा पुगेर कीर्ति राख्ने र त्यही कीर्तिलाई प्रेमोपहार सुम्पन चाहन्छ । वर्तमानमा एक्लै भए पनि प्रेमलाई विवाहमा परिणत गरी सुन्दर घरसंसार बसाउने र छोराछोरीसहितको जीवन बिताउने कल्पना गर्छ । हिमाल

आरोहणका क्रममा 'ऊ' अरूले बनाएको बाटो हिँड्दैन । 'ऊ' आफैँलाई भन्छ- 'आफ्नो बाटो आफैँ बना, आफ्नो चुली आफैँ बन' (पृ.४१) । बाटोमा आँधीबेहरी र तुफानहरू आउँदा 'ऊ' त्यसलाई जीवनसँग तुलना गर्छ । जीवनमा र हिमालमा तुफानहरू आइरहन्छन् तर तिनीहरूसँग हटेर होइन डटेर सामना गर्नुपर्छ भन्ने भावना बोकेर अगाडि बढ्ने 'ऊ' पात्र धर्तीभित्र सुनौलो संसार बसाउन चाहन्छ । 'ऊ' भन्छ-'मायाको सानो घर संसारको सबैभन्दा ठूलो गगनचुम्बी भवनभन्दा बलियो हुन्छ' (पृ.२३) । यसरी विभिन्न परिस्थितिसँग सामना गर्दै, जुझ्दै र विजय प्राप्त गर्दै चुलीसम्म पुग्ने पात्र गतिशील हो ।

यस उपन्यासका अन्य पात्रहरूमा भरियाहरू पनि गतिशील रहेका छन् । उनीहरू आफ्नो व्यवहारलाई अर्काको भारी बोकेर भए पनि परिवर्तन गर्न चाहन्छन् । आफ्ना बिरामी बाबुआमालाई उपचार गर्न र आफ्ना छोराछोरीहरूलाई पढाएर भरियाको जीवनस्तरबाट माथि उठाउन चाहन्छन् । त्यसैगरी यस उपन्यासमा वर्णित गाइडहरू पनि गतिशील छन् । उनीहरू विदेशीहरूले समिट विड् नगरी गरेँ भन्दै कीर्ति राखेको कुरा मन पराउँदैनन् र त्यसलाई बदल्न चाहन्छन् । मूल्याङ्कनकर्तालाई त्यसप्रति सचेत रहन उनीहरू सङ्केत गर्छन् ।

### ३.५.४ जीवनचेतनाका आधारमा 'चुली' उपन्यासका पात्रहरू

जीवनचेतनाका आधारमा उपन्यासका पात्रहरूलाई व्यक्तिगत र वर्गीय गरी दुई प्रकारमा बाँड्न सकिन्छ । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गर्ने पात्र वैयक्तिक हुन्छ (बराल र एटम, २०५८ः पृ.३३) । यस उपन्यासमा वर्गीय र व्यक्तिगत दुवै थरिका पात्रहरूको प्रयोग गरिएको छ । 'ऊ' पात्र यस उपन्यासमा व्यक्तिगत जीवनचेतना अँगालेको पात्र हो । 'ऊ' एक्लै हिमाल चढ्ने उद्देश्य राखेर हिँडेको छ । उसले समाजका कुनै पनि वर्गको प्रतिनिधित्व गरेको छैन । 'ऊ' सहयात्रीका साथ हिमाल चढ्नु कायरपन हो भन्छ । 'ऊ' एकोहोरो प्रेममा फसेको छ । उपन्यासभरि नै उसले आफ्नी प्रेमिकासँग एकोहोरो रूपमा कुराकानी गरिरहेको छ तर कुनै पनि ठाउँमा प्रेमिकासँग भएको दोहोरो कुराहरू सम्झेको छैन । जीवनमा एक्लै सङ्घर्ष गर्नुपर्छ, धेरैधेरै प्रगति गर्नुपर्छ र सफलता अनवरत रूपमा हात पारिरहनुपर्छ भन्ने सोचाइ भएको व्यक्तिगत पात्रका रूपमा 'ऊ' यस उपन्यासमा चित्रित छ । मानिस समाजमा बाँच्नुपर्छ तर हिमाल चढ्दा एक्लै चढ्नुपर्छ, एक्लै सङ्घर्ष गर्नुपर्छ भन्नेजस्ता सोचाइहरू पनि उसका नितान्त व्यक्तिगत सोचाइहरू हुन् ।

यस उपन्यासमा वर्णित भरियाहरू वर्गीय पात्र हुन् । उनीहरूले नेपाली समाजका निम्नवर्गीय जनजीवनको प्रतिनिधित्व गरेका छन् । जीवनभर परिश्रम गरेर पनि दुई छाक राम्ररी खान नपाउने र जीवनस्तर उकास्न नसकेका नेपाली जनजीवनका यथार्थ प्रतिबिम्ब भरियाहरू भएका छन् । त्यसैगरी हिमाल आरोहणका क्रममा गाइडहरूले पाएको दुःख, पीडाको अनुभूति यस उपन्यासमा वर्णित गाइडहरूले दिएका छन् । उनीहरू जति दुःख गरेर समिट विड् गरे पनि विदेशीको तुलनामा फिक्का रहने र आफू चुलीनेर पुगे पनि कुनै विदेशी बिरामी भएमा हात लाग्न आँटेको सफलता समेत गुमाएर पुनः आधारशिविरतर्फ झर्नुपर्ने बाध्यता रहेको बताउँछन् । यसरी यस उपन्यासमा व्यक्तिगत र वर्गीय दुवैथरिका पात्रहरूको प्रयोग भएको छ ।

### ३.५.५ लिङ्गका आधारमा 'चुली' उपन्यासका पात्रहरू

उपन्यासमा लिङ्गका आधारमा पात्रहरूलाई दुई प्रकारमा वर्गीकरण गरिन्छ- स्त्री र पुरुष पात्र । उपन्यासमा यी दुवैथरी पात्रहरूको प्रयोग गरिएको हुन्छ । **चुली** उपन्यासमा पनि स्त्री र पुरुष दुवैथरीका पात्रहरूको उपस्थिति रहेको छ । 'ऊ' पात्र यस उपन्यासको केन्द्रीय पात्र पनि हो र पुरुष पात्र पनि हो । 'ऊ' यस उपन्यासमा सुरुदेखि नै एक दृढविश्वास भएको पात्रका रूपमा देखिएको छ । आत्मविश्वास लिएर 'ऊ' एक्लै चुलीमा पुगेको छ । सगरमाथाको चुलीसम्म पुग्दा उसले जीवन, इतिहास, पुर्खा, आदिका बारेमा सोचेको छ । यस्ता सम्पूर्ण घटना हेर्दा 'ऊ' पात्रमा यथेष्ट मात्रामा पुरुष गुणहरू रहेका छन् । 'ऊ' जीवनमा धेरै प्रगति गर्न चाहन्छ । जीवनमा धेरैधेरै चुलीहरू छन्, एउटामात्र चुली चढेर जीवन सार्थक भएको ठान्नु हुँदैन भन्ने 'ऊ' एउटामात्र चुली चढेर विश्राम गर्नेहरू जहाँ पुगे पनि कहीँ पुगेका हुँदैनन्, तसर्थ चुलीको यात्रा अनवरत हुनुपर्छ भन्ने जागरुक पुरुष पात्र हो । 'ऊ' आफूले पाएको सफलता प्रेमिकालाई प्रेमोपहार दिएर खुसी पार्न चाहन्छ । आफ्नी प्रियसीलाई हृदयदेखि नै चाहने 'ऊ' पात्र सुनौलो भविष्यको कल्पनासमेत गर्छ ।

यसैगरी उपन्यासमा स्त्री पात्रको पनि प्रयोग भएको छ । अदृश्य रूपमा 'ऊ' पात्रका कल्पनामा आएकी प्रियसी र आधारशिविरमा 'ऊ' पात्रले चट्टान चढेको देखी प्रशंसा गर्दै एक्लै हिमाल नचढ्न आग्रह गर्ने नारी गरी जम्मा दुईजना स्त्रीपात्रहरू यस उपन्यासमा आएका छन् । उपन्यासमा आएकी प्रियसी 'ऊ' पात्रलाई हरेक पाइलापाइलामा हौसला प्रदान गर्ने शक्ति

बनेकी छ । यसैगरी यस उपन्यासमा भरिया, गाइडहरू र आरोहण दलका मानिसहरू पनि पुरुष पात्रका रूपमा रहेका छन् ।

### ३.५.६ आसन्नताका आधारमा 'चुली' उपन्यासका पात्रहरू

आसन्नताका आधारमा उपन्यासका पात्रहरूलाई मञ्चीय र नेपथ्य गरी दुई प्रकारबाट हेर्न सकिन्छ । उपन्यासमा उपस्थित भई संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिता वा अन्य पात्रले नामोच्चारणमात्र गरेको पात्र नेपथ्य पात्र हुन्छ (बराल र एटम, २०५८: पृ ३३) । **चुली** उपन्यासमा पनि यस्ता दुवै खालका पात्रहरूको प्रयोग भएका छन् । यस उपन्यासको नायक 'ऊ' पात्र मञ्चीय हो । 'ऊ' उपन्यासको सुरुदेखि अन्त्यसम्म नै देखापरेको छ । आधारशिविरमा भरिया साथीहरूसँगको कुराकानीदेखि लिएर सगरमाथाको चुली आरोहण गरी फर्कँदा भएको दुर्घटनासम्म 'ऊ' उपन्यासमा देखापरिरहेको छ । हिमाल आरोहणका हरेक क्रेम्पोन पाइलाहरू र सङ्घर्षका चित्रहरू 'ऊ' पात्रबाटै प्रस्तुत गरिएका छन् । हिमाल आरोहण गर्न कति कष्टपूर्ण हुन्छ भन्ने कुराको दृश्यावलोकन 'ऊ' पात्रकै माध्यमबाट स्पष्ट देख्न सकिन्छ । 'ऊ' पात्रकै केन्द्रीयतामा अन्य पात्रहरू पनि आएका छन् । यस उपन्यासमा आएका भरिया र गाइडहरू पनि मञ्चीय पात्र नै हुन् । 'ऊ' पात्रले आधारशिविरमा चट्टान चढेको बेला आएर 'ऊ' पात्रलाई सचेत पार्ने नारी पनि मञ्चीय पात्र हो । आरोहण दलका मानिसहरू र प्रियसी नेपथ्यमा रहेका छन् । यिनीहरू उपन्यासमा वर्णित भए पनि प्रत्यक्ष उपस्थित भएका छैनन् ।

### ३.५.७ आबद्धताका आधारमा 'चुली' उपन्यासका पात्रहरू

आबद्धताका दृष्टिले उपन्यासमा बद्ध र मुक्त गरी दुई प्रकारका पात्रहरू हुन्छन् । उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ । बद्ध पात्रलाई झिक्दा कथाको संरचना भत्किन्छ तर मुक्त पात्रलाई झिक्दा कथानकमा खासै हलचल हुँदैन (बराल र एटम, २०५८: पृ.३३) । सरूभक्तद्वारा लिखित **चुली** उपन्यासमा पनि बद्ध र मुक्त दुवैथरीका पात्रहरूको प्रयोग भएको छ । यस उपन्यासको 'ऊ' पात्र बद्धपात्र हो । 'ऊ' नभए **चुली** उपन्यासको संरचनाको कल्पनासमेत गर्न सकिँदैन । उपन्यासको आदिदेखि अन्त्यसम्मको सम्पूर्ण कथानक 'ऊ' पात्रकै केन्द्रीयतामा अगाडि बढेको छ । उपन्यासका सम्पूर्ण कथानक 'ऊ' पात्रमै आधारित छन् । 'ऊ'बाहेक यस उपन्यासमा आएका सम्पूर्ण पात्र मुक्त हुन् । उनीहरू यस उपन्यासमा नआए पनि कथानकको संरचनामा त्यति आघात पुग्दैन ।

### ३.६ 'चुली' उपन्यासको पर्यावरण

उपन्यासमा पर्यावरणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । पर्यावरणभित्र देश, काल र वातावरण पर्दछन् । उपन्यासमा पात्रहरूको क्रियाकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ (बराल र एटम, २०५८: पृ. ३६) । यसै आधारमा **चुली** उपन्यासको पर्यावरणलाई यसप्रकार देखाइन्छ :

#### ३.६.१ परिवेश

कुनै पनि घटना घट्नका लागि उपयुक्त स्थान र समयको आवश्यकता हुन्छ । उपन्यासमा पनि कथानकमा भएका घटनाहरू घटी शृङ्खलाबद्ध रूपमा अगाडि बढाउन उपयुक्त देश, कालको आवश्यकता पर्छ । उपन्यासमा कुनै देशको सन्दर्भमा मिल्ने कुनै निश्चित समयको जीवनगाथा प्रकट गरिएको हुन्छ (बराल र एटम, २०५८: पृ. २६) । **चुली** उपन्यासमा वर्णित स्थानलाई हेर्दा नेपालको हिमाली भू-भाग र सगरमाथा हिमालको सेरोफेरो रहेको छ । यो उपन्यासको सुरुवात सोलुखुम्बु जिल्लाको नाम्चे बजारबाट भएको छ । 'ऊ' पात्र सगरमाथाको चुलीमा पुग्ने अभिलाषा लिएर यहीँ आएपछि विषयवस्तुको उठान भएको छ । नाम्चे बजार, थ्याङ्बोचे, लोबुचे, सगरमाथाको आधारशिविर, सगरमाथा हिमालका विभिन्न स्थान आदि यस उपन्यासमा वर्णित स्थानहरू हुन् । यस उपन्यासको 'ऊ' पात्र यिनै स्थानहरूमा रहेर विभिन्न क्रियाकलाप गर्दागर्दै उपन्यास सकिएको छ । आधारशिविरसम्म आइपुग्न लागेको समय, आधारशिविरमा बिताएका दिनहरू र सगरमाथा चढ्न र फर्कन लागेको समयलाई हेर्दा यो उपन्यासमा लगभग एक महिनाको समयावधि रहेको छ ।

#### ३.६.२ वातावरण

उपन्यास पढिसकेपछि त्यसमा भएका कार्यव्यापार, घटनाक्रम आदिले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ (बराल र एटम, २०५८: पृ. २६) । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकको मनमा उत्पन्न हुने विभिन्न परिस्थिति, सुख-दुःख, घृणा, क्रोध आदि भावनाको विकास र तिनको परितृप्ति नै वातावरण हो । यस **चुली** उपन्यासमा प्रयुक्त वातावरण हेर्दा सङ्घर्षमय रहेको देखिन्छ । हिमाल चढ्ने काम पक्कै पनि सजिलो छैन, त्यसमा पनि 'ऊ' पात्र एक्लै हिमाल चढ्ने कार्यमा लागिपरेको छ । विभिन्न स्थानका खतरनाक बाटाहरू, हिमपहिरो, हिमतुफान, भीर, आदिको वर्णनले उपन्यास त्रासदीपूर्ण रहेको छ । यही सङ्घर्षमय वातावरणमा सङ्घर्ष गर्दागर्दै 'ऊ' पात्रको मृत्युसमेत भएकाले यस उपन्यासको

परिवेश दु:खान्त बन्न पुगको छ । 'ऊ' पात्रले कल्पना गरेकी प्रियसीसँग पनि भेट हुन सकेको छैन । यस दृष्टिकोणबाट पनि यो उपन्यास कारुणिक बन्न पुगको छ । चुलीको नजिकै देखापरेको शवको उपस्थितिले पनि यस उपन्यासको वातावरणलाई थप कारुणिक बनाएको छ । यसरी **चुली** उपन्यासको पर्यावरणलाई हेर्दा जम्माजम्मी एक महिनाको समयावधिभित्र सोलुखुम्बुको नाम्चे बजारदेखि सगरमाथाको चुलीसम्ममा विभिन्न घटना घटी कारुणिक बन्न पुगेको देखिन्छ ।

## ३.७ '**चुली**' उपन्यासको उद्देश्य

जुनसुकै कार्य गर्नुको पछाडि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । उद्देश्य विनाको कार्य निरर्थक हुन्छ, तसर्थ हरेक साहित्यकारले साहित्य रचना गर्नुका पछाडि पनि कुनै न कुनै उद्देश्य रहेको हुन्छ । त्यस उद्देश्यको परिपूर्तिका लागि रचनामा विचारको शृङ्खला प्रवाहित गरिएको हुन्छ । यस विचार यात्राका निष्कर्षमा प्राप्त हुने उद्देश्यलाई रचनाको प्राप्ति भनिन्छ (सुवेदी, २०५३: पृ. १९) । उपन्यासमा यही प्राप्ति नै उद्देश्य हुन्छ । लेखकको खास जीवनदर्शनबाट साहित्यिक रचनाहरू प्रभावित हुने हुनाले साहित्यिक कृतिको उद्देश्यले लेखकको जीवनदर्शन, मूल विचार र चिन्तनलाई प्रष्ट पारेको हुन्छ ।

हिमाली वातावरण र हिमाल आरोहणसँग सम्बन्धित विषयवस्तुमा आधारित भएर **चुली** उपन्यासको सिर्जना गरिएको छ । यस दृष्टिकोणबाट हेर्दा यो उपन्यासको मूल उद्देश्य साहित्यको उपन्यास विधामा हिमाल आरोहणसँग सम्बन्धित विषयवस्तुको प्रयोग गरेर साहित्यानुरागीहरूलाई नवीन रसास्वादन गराउनु रहेको छ । मानव जीवनका सङ्घर्ष गाथाहरूलाई हिमालले भन्दा बढी अन्य केहीले अभिव्यक्ति दिन सक्दैनन् । हामीकहाँ हिमालहरू धेरै भए पनि हिमालसँग सम्बन्धित साहित्यहरू त्यति नभएकाले त्यही अभाव पूर्तिका लागि यो उपन्यासको सिर्जना भएको हो (सापेक्ष, २०६०: पृ.ज) । यसका साथै उपन्यासमा अन्य उद्देश्यहरू पनि रहेका छन् । हिमाल आरोहणसम्बन्धीको ज्ञान हासिल गर्न यो उपन्यास सहयोगी र उपयोगी बनेको छ । जीवन र हिमालको समतुल्यता यस उपन्यासमा पाइन्छ । हिमाल हेर्दा जति सुन्दर छ, त्यसको आरोहण गर्न त्यति नै कठिनाइ छ । त्यसैगरी जीवन हेर्दा सुन्दर लाग्छ तर भोग्दा सङ्घर्षमय र कहालीलाग्दो छ । सरूभक्त भन्छन्- पृथ्वीको इतिहासमा एक युगमा एकदुई जनाले मात्र मानवताको चुली टेके भने मुक्तिका लागि मान्छेहरूले ईश्वरको कल्पना गरिरहनुपर्दैन (पृ.४६) । कृष्णचन्द्रसिंह प्रधान उपन्यासको भूमिकामा यसै वाक्यलाई उपन्यासको निष्कर्ष ठान्छन् । मानिसमा मानवताको भावना हुनुपर्छ भन्ने आशय यहाँ रहेको

पाइन्छ । **चुली** उपन्यासमा प्राकृतिक सुन्दरताको वर्णन त छ नै, यसका साथै सगरमाथाका विकरालता, जोखिमहरू, दुर्घटनाहरू देखाउनु र आरोहण वृत्तान्तसम्बन्धी जानकारी दिनु पनि यसको उद्देश्य रहेको छ ।

आधार शिविरमा भएका भरिया र गाइडहरूको कुराकानीबाट निम्नस्तरीय नेपाली ग्रामीण जनजीवनको यथार्थता झल्कन्छ । जीवनभर परिश्रम गरेर पनि आफ्नो जीवनस्तर उकास्न नसकेका निम्नवर्गीय नेपाली जनजीवनको चित्रण गर्नु यस उपन्यासको अर्को पक्ष हो । मानिस बाँच्नको लागि एउटा आधार चाहिन्छ । उत्साहजनक परिस्थितिबाट नै मानिस अगाडि बढ्न सक्छ । यो कुरा 'ऊ' पात्रको प्रियसीको सम्झनाले स्पष्ट पारेको छ । त्यस्तै आत्मिक प्रेमका अगाडि भौतिक चीजहरू तुच्छ हुन्छन् भन्ने कुरा 'मायाको सानो घर संसारको सबैभन्दा ठूलो गगनचुम्बी भवनभन्दा बलियो हुन्छ' (पृ.२३) भनेबाट थाहा हुन्छ । यसैगरी यस उपन्यासमा मानिसले सङ्घर्ष गरिरहनुपर्छ, सफलता हात पारिरहनुपर्छ, एउटा सफलता प्राप्त गर्दैमा खुसी भएर बस्नु हुँदैन । जीवन धेरै खुसीहरूका लागि हो । सङ्घर्षमय पाइलाहरू अगाडि बढाउँदै जाँदा उद्देश्य आफैँ नजिक भइदिन्छ भन्ने आशय पनि पाइन्छ । यस उपन्यासको 'ऊ' पात्र जस्तै उत्साही र साहसी पाइलाहरू चालेर हरेक मान्छे अगाडि बढ्ने हो भने जो सुकै मानिस पनि उद्देश्यमा सजिलै पुग्ने कुरा यस उपन्यासमा देखाइएको छ ।

यसरी यस उपन्यासमा प्राकृतिक सौन्दर्यको उद्घाटन हुनुका अतिरिक्त कष्टमय जीवनको यथार्थता झल्किएको छ । हरेक मानिसले सचेत भएर एउटा उद्देश्य बनाई अगाडि बढेमा उद्देश्यमा नपुगी विचलित भएको अवस्था आउने छैन र मानवताले सर्वोच्चताको शिखर टेक्नेछ भन्ने आशय यस उपन्यास छ ।

## ३.८ 'चुली' उपन्यासको दृष्टिबिन्दु

उपन्यासमा दृष्टिबिन्दुको महफ्वपूर्ण स्थान रहेको हुन्छ । उपन्यासमा कथयिताले कथा वाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो (बराल र एटम, २०५८: पृ. ३९) । यसैबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन गर्छ भन्ने कुराको निर्धारण हुन्छ । यसले कथाको वर्णन कसले गरिरहेको छ भन्ने पनि देखाउँछ । यही दृष्टिबिन्दुको माध्यमबाट उपन्यासकारले आफ्ना धारणाहरूलाई पाठक वर्गसमक्ष पुऱ्याउँछ । उपन्यासकार र पाठक वर्गबीचको सम्बन्धसूत्र नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दु बिना उपन्यासमा प्रयुक्त पर्यावरण, चरित्रचित्रण, भाव आदिमा सजीवता आउन सक्दैन ।

दृष्टिबिन्दु दुई प्रकारका हुन्छन्- आन्तरिक र बाह्य । आन्तरिक दृष्टिबिन्दुमा कथयिता प्रथम पुरुषको रूपमा रहन्छ । आन्तरिक दृष्टिबिन्दुमा पनि केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन् । केन्द्रीय दृष्टिबिन्दुमा 'म' पात्रको स्थान गौण रूपमा वा तटस्थ रूपमा रही कथाको मुख्य पात्र अर्कै पात्र बनेको हुन्छ । यसमा 'म' पात्र केवल प्रस्तुत गर्ने माध्यममात्र बनेको हुन्छ ।

बाह्य दृष्टिबिन्दुमा कथयिता तृतीय पुरुषका रूपमा रहेको हुन्छ । बाह्य दृष्टिबिन्दु पनि सर्वदर्शी र सीमित गरी दुई प्रकारका हुन्छन् । सर्वदर्शी दृष्टिबिन्दुमा उपन्यासकारले प्रायः सबै पात्रका भावना, प्रतिक्रिया, विचार आदि समावेश गर्दै ती पात्रहरूको आन्तरिक जीवनको चिनारी दिन्छ भने सीमित दृष्टिबिन्दुमा चाहिँ केवल एकमात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ ।

**चुली** उपन्यासमा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उपन्यासको सम्पूर्ण कथानक 'ऊ' पात्रका मध्यमद्वारा प्रस्तुत भएको छ । यस उपन्यासको प्रमुख पात्र 'ऊ'का माध्यमबाटमात्र उपन्यासकारले कथाको वर्णन गरेकाले यसमा बाह्यअन्तर्गतको सीमित दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ । यस उपन्यासमा प्रयुक्त अन्य पात्रहरूको दरिलो स्थान छैन । उपन्यासकारले केवल 'ऊ' पात्रको मात्रै मानसिक विचरण गरेका छन् । उपन्यासकार उपन्यासको कथानकभन्दा बाहिर बसेर 'ऊ' पात्रका मनका भावना थाहा पाई प्रस्तुत गर्ने र हरेक घटनाको टिप्पणी गर्ने गर्दछन् । उपन्यासभरि नै 'ऊ' पात्र एक्लै हिमाल आरोहण गरिरहेको छ भने कथयिताले यसरी वर्णन गरिदिएका छन् –"हिमाल चढ्नु भनेको बाँच्नु हो । हिमाल नचढी म बाँच्न सक्तिनँ । सानो थकाइ मार्दै 'ऊ' सोच्छ पनि ।" यसरी हरेक घटनाहरू घट्दै जाँदा प्रत्येक ठाउँमा कथयिताले वर्णन गरिदिएका छन् । त्यसैगरी उपन्यासको अन्त्यमा पनि "अनि ऊ सम्वेदनामा प्रियसीलाई म्वाई खान्छ" भनी 'ऊ' पात्रकै मनको भावनालाई उपन्यासकारले प्रस्तुत गरिदिएका छन् । यसरी यस उपन्यासमा बाह्य सीमित दृष्टिबिन्दु रहेको छ ।

## ३.८ भाषा

भाषा अभिव्यक्तिको महत्त्वपूर्ण माध्यम हो । साहित्यमा यसको महत्त्वपूर्ण स्थान रहन्छ । साहित्यका अन्य विधाझैँ उपन्यास विधा पनि आफ्नै साहित्यिक विशेषता भएको विधा हो । जीवनजगत्का विस्तृत आयामहरूलाई उपन्यासले समेटेको हुन्छ भने त्यसलाई अभिव्यक्त गर्ने माध्यम भाषा रहेको हुन्छ । उपन्यास यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकोले यसमा

गद्य भाषाको प्रयोग गरिन्छ (बराल र एटम, २०५८ः पृ. ४२) । भाषाले उपन्यासका सबै तत्त्वहरूलाई सङ्गठित गर्ने र अभिव्यक्त गर्ने काम गर्दछ ।

उपन्यासमा मूल रूपमा दुईप्रकारबाट भाषाको प्रयोग गरिन्छ- एउटा समष्टिगत र अर्को व्यष्टिगत । समष्टिगत भाषाको प्रयोग भएको उपन्यासमा सम्पूर्ण उपन्यासमा प्रयोग भएको भाषाको प्रयोग भएको हुन्छ भने व्यष्टिगत भाषाको प्रयोग भएको उपन्यासमा सोही उपन्यासमा प्रयोग भएको देश, काल, परिवेश र चरित्रअनुरूपको भाषाको प्रतिनिधित्व हुन्छ ।

भाषा प्रयोगका दृष्टिले **चुली** उपन्यासलाई हेर्दा यो एक उत्कृष्ट साहित्यिक कृतिका रूपमा देखिन्छ । सरूभक्त कवितात्मक र तार्किक भाषाको प्रयोगकर्ता मानिन्छन् । उनका उपन्यासमा नाटकीय कथन र प्रस्तुतिको सबल प्रयोग भएको हुन्छ । तसर्थ सरूभक्तको भाषिक प्रस्तुति तुलनात्मक सत्य र मानवीय अहम्का स्वरूपलाई तार्किक कथनमा ढाल्न सफल रहेको देखिन्छ । **चुली** उपन्यासमा प्रयोग भएको भाषा कसिलो र खँदिलो रहेको छ । भाषिक विचलन पनि उनका उपन्यासमा पाइन्छ । यसबाट उपन्यास अझ बढी रोचक बनेको छ । विभिन्न स्रोतबाट आएका शब्दहरूको चयन गर्नुका साथै ठाउँठाउँमा ठेट नेपाली अनुकरणात्मक शब्दहरूको प्रयोग भएको पाइन्छ । उपन्यासको आदि भागमा भरिया साथीहरूका माध्यमबाट स्थानीय नेपाली भाषाको प्रयोग पनि उनले गरेका छन् । जनजिब्रोमा झुण्डिएका शब्दहरूलाई टपक्क टिपेर उपन्यासमा राख्न सक्नु उनको भाषिक विशिष्टता हो । त्यसैगरी उपन्यासमा विभिन्न दार्शनिक र नैतिक सूक्तिहरूको प्रयोगले उपन्यास रोचक र बौद्धिक बनेको छ । उपन्यास वर्णनात्मक एवम् चित्रात्मक शैलीमा अगाडि बढेको छ । 'ऊ' पात्र सगरमाथा चढाइको वर्णन गर्दा पाठकलाई आफैँले दृश्य देखेझैँ अनुभूति हुन्छ भने 'ऊ' पात्रलाई सङ्कट आइपरेको बेला पाठक आफैँ पिरोलिन्छन् । यसरी उपन्यासमा सरल, सहज र रोचक तरिकाको भाषा प्रयोग भएको छ ।

### ३.८.१ 'चुली' उपन्यासभित्र प्रयुक्त नैतिक तथा दार्शनिक सूक्तिहरू

नैतिक तथा दार्शनिक सूक्तिहरूको प्रयोगले उपन्यासमा रोचकता थप्छ र यसले उपन्यासलाई बौद्धिक र गरिमायुक्त बनाउँछ । **चुली** उपन्यासभित्र सङ्घर्षमय जीवनका बारेमा विभिन्न दृष्टिकोणबाट दार्शनिक सूक्तिहरूको प्रयोग गरिएको छ । त्यस्ता केही सूक्तिहरू यसप्रकार छन् :

"हिमालमा जोखिमहरू हुन्छन्, जीवनमा हिमालहरू हुन्छन्" (पृ.३) ।

"जीवन भनेको जोखिमहरूको एक सुन्दर कविता हो । जोखिमहरूदेखि तर्सनेहरू सधैँ कुरूप कविता रच्छन्" (पृ. ८) ।

"जिन्दगीको अर्को नाम विवशता हो तर विवशताको अर्को नाम जिन्दगी होइन" (पृ.७) ।

"जीवनमा दुःख छ तर जीवन दुःख होइन" (पृ.८) ।

"उद्देश्यहीन जीवन मृत्यु हो, मुत्यु कुनै उद्देश्य होइन" (पृ.१०) ।

"जीवन सक्न एउटै दुर्घटना पर्याप्त हुन्छ" (पृ.११)

"दुर्घटनाहरूसित लुकामारी खेल्नुको नाम नै जीवन हो" (पृ.११०) ।

"जीवन सौर्यको महान् यात्रा हो" (पृ. १५) ।

"जीवन भनेको कहिले हावाहुरी, कहिले आँधीतुफान, कहिले चकमन्न शान्ति र सुन्दरता हो" (पृ.१५) ।

"जीवनमा कोही हिमाल चढेर थाक्छन्, कोही हिमाल नचढेर थाक्छन् । हिमाल चढ्नेहरूका जीवनमा थकाइ हुन्छ । थकाइमा जीवन हुँदैन" (पृ. १८) ।

"जीवनको सतहमा उभिएको मान्छेले जीवनको होचाइ र पुड्काइ अनुभव गर्न सक्दैन । जीवनको महानता बोध गर्न मान्छेले पखेटा लगाई उड्नु पर्दैन" (पृ.१८) ।

"जो जीवनको अर्थ बुझ्दैनन् उनीहरू भनिठान्छन् हामीहरू असुरक्षित जीवन बाँचिरहेछौं"

(पृ.२०) ।

"मान्छेले जीवनहीन जीवन होइन मृत्युहीन मृत्यु रोज्नुपर्छ" (पृ.२०) ।

"जीवन लक्ष्यको महान् यात्रा हो भने त्यो अनवरत हुनुपर्छ । आराम गरीगरी सुविधा हेरीहेरी यात्रा गर्नेहरू जहाँ पुगे पनि कतै पुग्दैनन्" (पृ.२५) ।

"जीवनमा कोही हिमाल चढेर आफैं हिमाल बन्छन्, कोही दलदलमा फसेर आफैं दलदल बन्छन्" (पृ.२६) ।

"जीवन एक अहङ्कार हो, मान्छेको अहङ्कार जति महान् हुन्छ, उसले चढ्ने हिमाल पनि त्यति नै महान् हुन्छ"(पृ.२६) ।

"जीवनको हिमाल चढ्न एकएक पाइला अघि सार्नुपर्छ" (पृ.२७) ।

“जो यात्रा गर्छन् उनैका पाइला शिथिल हुन्छन् तर जीवनमा जो कुनै यात्रा गर्दैनन् उसका मन शिथिल हुन्छन्” (पृ.२८) ।

“जीवन भूल होइन तर जीवनमा भूलहरू हुन्छन् । मान्छेका भूलहरू मान्छेकै कर्मले महान् वा तुच्छ हुन्छन्” (पृ.३०) ।

“जीवनको घाटी सुन्दर सपनाहरूको घाटी हो” (पृ.३३) ।

“जीवनका लक्ष्यहरू नदेखिनुको अर्थ जीवनका लक्ष्यहरू नहुनु होइन” (पृ.३६) ।

“गलत निर्णय गर्नेहरू एक दिन जीवनको सही बाटो पत्ता लगाउन सक्छन् तर अनिर्णित भई बस्नेहरूले जीवनको कुनै बाटो पत्ता लगाउन सक्दैनन्” (पृ.३८) ।

“जब लक्ष्य महान् हुन्छ, जीवन मृत्युका प्रश्नहरू समस्या बन्दैनन्” (पृ.४१) ।

“चुली चढ्नेहरूको आ-आफ्नो तरिका हुन्छ । त्यसैले जीवनमा सबैलाई आ-आफ्नो तरिकाले चुली चढ्ने अधिकार हुनुपर्छ”(पृ.४२) ।

“जीवन एउटा चुलीका लागि होइन, धेरैधेरै चुलीहरूका लागि हो” (पृ.४५) ।

“जीवनमा तुफानहरू आइरहन्छन् । तुफानहरू आए डटेर मुकाबिला गर्नुपर्छ । तुफानसित भागेर तुफानसँग बाँच्न सकिँदैन” (पृ.४९) ।

“जीवनमा तुफानहरू गुज्रनका लागि आउँछन् रोकिई बस्नका लागि आउँदैनन्” ( पृ.५०) ।

त्यस्तैगरी यस उपन्यासमा मानिस के हो ? ‘ऊ’ समाजमा कसरी बस्छ र उसले कसरी अगाडि बढेमा जीवन सफल बन्छ भन्ने आशयका सूक्तिहरू पनि आएका छन् । ती हुन् :

“मान्छे समाजमा बस्नुपर्छ तर हिमाल चढ्दा एक्लै चढ्नुपर्छ” (पृ.१) ।

“हिमालयमा सबै थोक जम्छ तर हृदय जम्दैन” (पृ.६) ।

“हिमाल कर्मले चढिन्छ भाग्यले चढिँदैन” (पृ.८) ।

“मान्छे एक साहस हो । साहस आफैँमा एक प्रतिभा हो” (पृ.१७) ।

“मान्छेले सबैभन्दा पहिले आफैँलाई चिन्न र विश्वास गर्न जान्नुपर्छ” (पृ.२४) ।

“मान्छे आफैँ आफ्नो समस्या भएपछि अरू समस्याहरू नगण्य हुन्छन्” (पृ.३०) ।

“मान्छे मरे पनि मानवता कहिल्यै मर्दैन” (पृ.३५) ।

"पूरा तयारीले मान्छेलाई पूरा मान्छे बनाउँछ, आधा तयारीले मान्छेलाई आधा मान्छे बनाउँछ" पृ. ४५) ।

"जो चुलीमा अलमलिई बस्छन्, उनीहरू चुली टेक्दैनन्, चुलीले उनीहरूलाई टेक्छन्" (पृ४५) ।

"पृथ्वीको इतिहासमा एक युगमा एक दुईजनाले मात्र मानवताको चुली टेके भने मुक्तिका लागि मान्छेहरूले ईश्वर कल्पना गरिराख्नु पर्दैन" पृ. ४६) ।

"धेरैजसो मान्छेहरू असफलतामा दुर्घटित हुँदैनन्, सफलताहरूमा दुर्घटित हुन्छन्" (पृ. ४७) ।

"मान्छेको भावुकता मान्छेको बाटो हुनुपर्छ, मान्छेको बाधा होइन" (पृ. ४७) ।

"मान्छेले जीवनमा गतिला पदचिह्नहरू छाडे भने ती आफ्नै लागि र अरूका लागि पनि मार्गदर्शक बन्न सक्छन्" (पृ. ४८) ।

यसरी नै आत्मिक प्रेमसम्बन्धका सूक्तिहरू पनि यस उपन्यासमा आएका छन् । जस्तैः "प्रियसीको सम्झना जहिले पनि न्यानो हुन्छ, चाहे मान्छे हिमालमा होस् चाहे उत्तरी-दक्षिणी ध्रुवहरूमा" (पृ. २२) ।

"महासङ्कटका बेला भगवान् सधैँ अनुपस्थित हुन्छ" (पृ. ५१) ।

यस उपन्यासमा प्रस्तुत गरिएका अन्य दार्शनिक सूक्तिहरू :

"काँडाले अरूलाई घोच्छन्, आफैँलाई घोच्दैनन्" (पृ. ५) ।

"राम्ररी योजना गरिएन भने सपना सधैँ सपना नै रहन्छ" (पृ. १४) ।

"कायरहरूलाई कायरताका गीत गाउन सजिलो हुन्छ" (पृ. २०) ।

"हिमालले कहिले पनि गल्तीहरू माफ गर्दैन" (पृ. २१० ।

"महान् लक्ष्यहरू महान् समस्याहरू र महान् सङ्घर्षले नै महान् बन्छन्" (पृ. २४) ।

"महान् लक्ष्यको यात्रा भनेको फोहोरी स्वार्थको यात्रा होइन, पवित्र विश्वास र समर्पणको यात्रा हो"(पृ. ३१) ।

"हिमालहरू महान् छन् तर हिमाल चढ्ने इच्छा हिमालहरूभन्दा महान् हुन्छ" (पृ. ३५) ।

"यो पृथ्वीमा पानी जम्छ तर तिर्खा जम्दैन"(पृ३९) ।

"अभाव बढी तिर्खालाग्दो हुन्छ" (पृ. ३९) ।

"सत्य ज्ञानले अज्ञानहरू त केही मेटिन्छन् तर आवश्यकताहरू सबै मेटिँदैनन्" (पृ.३९) ।

यस्ता नैतिक तथा दार्शनिक सूक्तिहरूको प्रयोगले उपन्यास बौद्धिक र रोचक बनेको छ ।

### ३.८.२ 'चुली' उपन्यासभित्र प्रयुक्त अनुकरणात्मक शब्दहरू

**चुली** उपन्यासमा अन्य शब्दहरूका साथमा अनुकरणात्मक शब्दहरू पनि प्रयोग भएका छन् । यी शब्दहरूले स्थितिको अनुभूतिको बोध गराउँछन् । यस उपन्यासमा प्रयोग भएका अनुकरणात्मक शब्दहरू यसप्रकार छन् :

| | |
|---|---|
| खुर्खुर्ती पृ.३८ | फटाफट पृ.७ |
| ग्वाम्मै पृ.१९ | फनफन्ती पृ.९ |
| घ्वाप्पघ्वाप पृ. ३६ | रल्ल पृ.२ |
| चरर पृ.३२ | सुइँसुइँ पृ. ३६ |
| भ्वाट्भ्वाट् पृ. ५० | ह्वाक्ह्वाक् पृ. २७ |
| भ्वाम्म पृ. ४२ | हलल्ल पृ.२ |
| ढ्याक्क पृ.३७ | हाहाहाहा पृ. ६ |
| पकापक् पृ. ८ | होहोहोहो पृ.६ |

यस्ता विविध अनुकरणात्मक शब्दहरूको प्रयोगले उपन्यासको भाषामा मिठास ल्याएकोछ ।

### ३.८.३ 'चुली' उपन्यसभित्र प्रयुक्त आगन्तुक शब्दहरू

आगन्तुक शब्द भन्नाले अन्य विभिन्न भाषाबाट प्रयोगमा आएका शब्दहरू भन्ने बुझिन्छ । **चुली** उपन्यासभित्र अङ्ग्रेजी, अरबी, फारसी आदि भाषाका शब्दहरू प्रयोग भएका छन् । यस उपन्यासमा प्रयोग भएका केही अङ्ग्रेजी शब्दहरू यसप्रकार छन् :

| | |
|---|---|
| अक्सिजन पृ.२७ | आइसएक्स पृ. १० |
| आइस पृ.१० | आइसफल पृ.११ |
| आयोडिन पृ.३० | थर्मस पृ. ३८ |

आल्मुनियम पृ. १२

एक्लिमेटाइजेशन पृ. १२

एयर मेट्रेस पृ.१०

कटिङ्ग पृ..२१

क्लाइम्बि् पृ. १०

कारोबार पृ. १०

किलोमिटर पृ.५०

क्रिष्टली पृ. १७

क्रेम्पोन प्वाइन्ट पृ. ११

खरपस पृ. १९

खुम्बुत्से पृ. १६

गर्मपैन्ट पृ. १०

गाइड पृ. ७

गेरक सेप पृ. १६

गेर्टस पृ. १०

ग्याँस पृ. ७

ग्लेशियर पृ.११

जर्ज ग्यालोरी पृ. ११

जर्सी पृ. १०

ज्याकेट पृ. २

टर्च पृ. ४०

टिसर्ट पृ. ४०

डम्पिङ्ग साइट पृ.३२

डाक्टर पृ. १२

दुर्बिन पृ.१९स

नर्थकोल पृ. ११

नाइलन पृ. १२

पाउडर पृ.१७

प्लिज पृ.१४

फिट पृ. २४

फ्रुटकेक पृ. १९

फेडर सुट पृ.१०

फ्रोष्टबाइट पृ. ५

फ्लाशलाइट पृ. २४

बल्कोनी पृ.४३

बिकट पृ. ४३

बिड चिटर पृ. १०

ब्रेकफाष्ट पृ. १०

ब्लिच पृ.२०

माइल पृ.२७

रङ्गबुक पृ.११

रुकस्याक पृ.१०

लास्ट पृ.५

लेडर पृ.१०

बेसक्याम्प पृ.१

समीड बिड पृ. ५

साउथकोल पृ.५

सिजन पृ. ५

डिग्री पृ. २२

डिब्बा पृ. २५

स्लिपिङ्ग ब्याग पृ. ८

सेरिक्स पृ. ११

सेल्सियस पृ. ३२

स्टेपकटिङ्ग पृ. १८

स्लेट पृ. ३७

सिलिङ्ग पृ. १

सिलिण्डर पृ. २४

हाइपोथर्मिया पृ. ३४

हेप पृ. ३४

हेलिकोप्टर पृ. २५

ह्याङ्गिगङ ग्लेशियर पृ. २

**'चुली' उपन्यासभित्र प्रयोग भएका अरबी शब्दहरू**

कीला पृ. १३

जिम्मेवार पृ.४७

तुफान पृ. ४९

फुर्सद पृ ४८

मुकाबिला पृ. १४

मौसम पृ. १६

मौका पृ. २९

साइत पृ. १३

सल्लाह पृ. १५

**'चुली' उपन्यासभित्र प्रयोग भएका फारसी शब्दहरू**

कमजोर पृ. ५०

जोखिम पृ. ३

जोस पृ.२९

तेज पृ. १४

पन्जा पृ.१०

पुल पृ. १२

बरफ पृ. १७

बिरानो पृ. ३०

रफ्तार पृ. ३६

**'चुली' उपन्यासभित्र प्रयोग भएका संस्कृत स्रोतका शब्दहरू**

कठिन पृ. १७

कायर पृ. २०

कुरूप पृ. ३

खेद पृ. ३२

जीवावशेष पृ. २३

डिब्बा पृ. २५

डोल पृ. १८

दल पृ. ४९

| | |
|---|---|
| गन्तव्य पृ. ३५ | दुर्घटना पृ. ४२ |
| घात पृ. ४७ | दृष्टिभ्रम पृ. ३४ |
| छटा पृ. ४५ | नगण्य पृ. ३० |
| जलन पृ. ३७ | पठार पृ. ३१ |
| पदचिह्न पृ. ४८ | योद्धा पृ. ४३ |
| पर्यावरण पृ. १७ | रहस्य पृ. १४ |
| पवित्र पृ. २५ | रुई पृ. ३० |
| प्रचण्ड पृ. ५१ | वातावरण पृ. १७ |
| प्रियसी पृ. १० | वायुमण्डल पृ. २३ |
| पावन पृ. १० | विक्षिप्त पृ. २९ |
| बञ्जर पृ. १९ | विवशता पृ. ४ |
| भूत पृ. २८ | विश्रान्ति पृ. ३८ |
| भव्य पृ. ३५ | शव पृ. ३४ |
| भावुक पृ. ४७ | शीतदंश पृ. १८ |
| भयानक पृ. ५१ | संवेदना पृ. ५२ |
| माप्पा पृ. २ | सङ्घर्ष पृ. ४१ |
| मुठ पृ. ४२ | सन्तोष पृ. ३८ |
| मुक्ति पृ. ४६ | सर्वत्र पृ. ९ |
| मोह पृ. ४० | स्वप्नद्रष्टा पृ. २० |
| मार्ग पृ. ४८ | हिमपहिरो पृ. २२ |
| याम पृ. ११ | |

यसरी नै यस उपन्यासमा हिन्दी स्रोतका शब्दहरूका साथै स्थानीय बोलीचालीका शब्दहरू पनि प्रयोगमा आएका छन् । जस्तै : छोर्तेन ।

## ३.१० प्रतीक र बिम्ब

उपन्यासमा प्रतीक र बिम्बको प्रयोग आवश्यक हुन्छ । कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न प्रयोग गरिने वस्तु वा घटना नै प्रतीक हो । प्रतीकले एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मिठोसँग भन्दछ (बराल र एटम, २०५८: पृ. ४३) । उपन्यासमा प्रयोग गरिने प्रतीकहरू वैयक्तिक र सार्वभौमिक गरी दुई प्रकारका हुन्छन् । वैयक्तिक प्रतीक लेखकको मौलिक सिर्जना हो । यसलाई बुझ्न लेखकीय सिर्जनाको परिवेश, अनुभूति र विचारधारालाई बुझ्नुपर्ने हुन्छ भने सार्वभौम प्रतीक चाहिँ सर्वत्र लगभग एउटै अर्थमा प्रयोग गरिन्छन् (बराल र एटम, २०५८: पृ. ४४) । **चुली** उपन्यास मूलतः यथार्थमूलक भए पनि यसमा केही वैयक्तिक प्रतीकहरूको पनि प्रयोग भएको छ । **चुली** उपन्यासको शीर्षकलाई प्रतीकात्मक रूपमा पनि लिन सकिन्छ । यहाँ प्रस्तुत गरिएको चुली सगरमाथाको शिखर भए पनि यसले जीवनको सङ्घर्षपछिको प्राप्तिलाई समेत बुझाएको छ । हिमालको चुलीमा पुग्ने कार्य निश्चय नै कठिन छ । त्यसरी नै जीवनका लक्ष्यहरू भेट्टाउनु पनि अत्यन्तै गाह्रो छ भन्ने आशय यस उपन्यासमा झल्किएको छ । हरेक मानिसका भिन्नाभिन्नै लक्ष्यहरू हुन्छन् र ती लक्ष्यमा पुग्ने बाटाहरू पनि भिन्नाभिन्नै हुन्छन् र मानिस ती लक्ष्यमा पुग्न आफ्नै तरिका अपनाउँछन् भन्ने आशय यहाँ प्रतीकात्मक रूपमा आएको छ –"चुली चढ्नेहरूको आ–आफ्नो तरिका हुन्छ, त्यसैले जीवनमा सबैलाई आ–आफ्नो तरिकाले चुली चढ्ने अधिकार हुनुपर्छ" (पृ. ४२) । त्यसैगरी मानिस आफ्नो लक्ष्यमा पुग्छ र सफलता हासिल गर्छ नै भन्ने कुनै निश्चितता छैन भन्ने कुरालाई 'ऊ' पात्र सगरमाथा पुगेर फर्कदा भएको दुर्घटना र मृत्युले यस उपन्यासमा प्रतीकात्मक अर्थ दिएको छ । यहाँ खोज्दैमा सबै कुरा पाइँदैन किनभने जीवन सम्पूर्णताको नाम होइन भन्ने कुराको पुष्टि 'ऊ' पात्रको प्रियसीलाई पाउने चाहना अधुरो रहेबाट पुष्टि हुन्छ । त्यसैगरी यस उपन्यासमा हिमालका जोखिमहरूको वर्णन गरेर मानवीय जीवनका जोखिमहरूलाई देखाउन खोजिएको छ- "हिमालमा जोखिमहरू हुन्छन्, जीवनमा हिमालहरू हुन्छन् । जीवन भनेको जोखिमहरूको एक सुन्दर कविता हो "(पृ. ३) । यसरी यस उपन्यासमा हिमालको सुन्दरता, हिमाल आरोहणको प्रस्तुतिका साथसाथै मानवीय जीवनका कष्टसाध्य कुराहरू पनि प्रतीकात्मक रूपमा आएका छन् ।

बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छाया हो । उपन्यासमा यस्तो छाया बसाउने माध्यम भाषा हुन्छ । बिम्बले शब्दहरूका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा

कुनै स्थिति, स्थान, घटना वा पात्रको यथार्थ छाया पारिदिन्छ (बराल र एटम, २०५८: पृ. ४५) । बिम्बको भाषा संवेदनाको निकट हुनुका साथै अभिव्यञ्जनात्मक पनि हुन्छ । यसले पाठकको हृदयलाई छोई कलात्मक आनन्द दिन्छ । बिम्बले भाषा र कथ्यलाई एकाकार पार्दछ । **चुली** उपन्यासमा पनि बिम्बात्मक प्रस्तुति पाइन्छ । यस उपन्यासमा 'ऊ' पात्रका एकएक सङ्घर्षमय पाइलाले पाठकका मस्तिष्कमा गहिरो छाप बसाइदिएको छ । 'ऊ' पात्र चुलीमा पुग्दासम्मका घटनाहरू पढ्दा पाठकलाई आफ्नै आँखाले हरिरहेजस्तो लाग्छ । यस उपन्यासमा 'ऊ' पात्र चुलीमा पुग्दाको खुसीको क्षणलाई देखाउन आएको भाषिक बिम्ब यसप्रकार छ- "चुली । हो ऊ सगरमाथाको चुलीमा आइपुगेको हुन्छ । उसले थाहै नपाई ऊ सगरमाथाको चुली टेकिसकेको हुन्छ । ...ऊ आफूलाई अत्यन्त ठूलो कष्टपूर्वक उठाउँछ । त्यसपछि धेरैबेरसम्म लड्खडाउँदै, हिक्हिकाउँदै सास फेरिरहन्छ । अनि जब उसको लखतरान परेको जीउसहित सम्पूर्ण अस्तित्व र अस्तित्वको पनि अस्तित्व याने अहम्मा महान् विजय, महान् सफलताको लहर दौडन्छन् तब उसलाई अपार खुसीको अनुभूति हुन्छ । उसलाई थाहा हुँदैन कि ऊ हाँसिरहेछ कि रोइरहेछ । यही मनःस्थितिमा ऊ अतिशय चिसो र थकाइले कक्रिएका दुवैहातमाथि उचाली चारैतिर घुम्छ- प्रियसी ! मेरी प्रियसी ! हेर म चुली टेक्दै ! म सगरमाथामा आएँ, मैले सगरमाथा देखेँ, मैले सगरमाथा टेकेँ ! यो तिमीलाई मेरो प्रेमको उपहार हो ।"

यस परिवेशमा पाठक स्वयम् 'ऊ' पात्र चुलीमा पुगेको देखेर रमाएको छ । यसरी सरूभक्तले **चुली** उपन्यासमा भाषिक बिम्बको प्रयोग गरेका छन् ।

## ३.११ गति र लय

उपन्यास सफल र मिठास हुनमा अन्य तत्त्वहरूका अतिरिक्त गति र लयको पनि प्रत्यक्ष प्रभाव पर्दछ । उपन्यासमा प्रयुक्त कथानकको विकास रहेको वेगलाई गति भनिन्छ (बराल र एटम, २०५८: पृ. ४६) । उपन्यासमा समयको सचेत निर्वाह पनि हुने हुँदा गतिको आवश्यकता पर्दछ । उपन्यासमा दृश्यात्मक र सङ्क्षेप गरी दुई पद्धतिबाट गतिको निर्धारण गरिन्छ । दृश्यात्मक पद्धतिमा पात्रहरूको संवाद गराएर उपन्यासका घटना वा कार्यव्यापारलाई अगाडि बढाइन्छ । यसले गर्दा उपन्यासको गति मन्द हुन्छ । संक्षेप पद्धतिमा भएगरेका सम्पूर्ण घटना र कार्यहरूको सार खिचिन्छ, जसले गर्दा घटनाको गति तीव्र हुन्छ । **चुली** (२०६०) उपन्यासमा यी दुवै पद्धतिका गतिको प्रयोग भएको पाइन्छ । उपन्यासको आदि भागमा सगरमाथाको आधारशिविर वरपरको पर्यावरणमा दृश्यात्मक पद्धति अपनाइएको छ । यहाँ

विभिन्न पात्रका बीचमा संवाद गराइएकाले उपन्यास नाटकीय बन्न पुगेको छ । यसका साथै गतिमा मन्दतासमेत आएको छ । यस्ता संवादहरू उपन्यासको कथानक र पात्रअनुरूप सुहाउँदो हुनुका सथै पाठकका लागि सजिलो स्वस्थ, हलचल मचाउने र रोचक छन् । यस उपन्यासमा प्रस्तुत भएका केही संवादहरू यसप्रकार छन् :

बेसक्याम्पमा भरियाहरूले आ-आफ्नो परिस्थितिका बारेमा गरेका कुराकानी :

-एकजना भरिया भन्छ- "दुई चार पैसो कमाम्ला, घरगृहस्थी गर्जो टारम्ला भनी भारी बोकेर आ'को, दुई महिना नाघिसक्यो, कुइरेहरू माथि चढ्ने नामै लिदैनन् । स्वास्नी छोर्छोरीलाई दुई महिनाभित्रै घर आइपुग्छु भनी हिँडेको... सुर्तैले मर्ने भए ती ! क्यार्नु त्यत्तिकै भाग्नु पनि भ'न..." (पृ.४८) ।

-अर्को एकजना भरिया भन्छ- "आफ्नो त गाँठे छोर्छोरी पढौने धोको छ । आफूले पढ्न भनेसी पाइदै पाइएन । भरियाकै जुनी बित्यो । अब छोर्छोरीलाई यो जुनीबाट अल्लीमाथि उठाम् भनेर ला'को सक्किएलाजस्तो छैन । यसपाली जाडाले ह्यैं मरिन्छ कि क्या !" (पृ.४) ।

यी संवादहरूबाट उपन्यासको गतिमा मन्दता आउनुका साथै नाटकीयपना र पात्रहरूको यथास्थितिको जानकारी पाइन्छ । त्यसैगरी आधारशिविरको चट्टान चढेको देखी युवतीले 'ऊ' पात्रलाई भनेका कुराहरू- "हेर्नुहोस् महाशय तपाईंले चट्टान चढेको देख्दा तपाईं एक दक्ष, अनुभवी अनुशासित आरोही हुनुहुन्छ भन्ने कुरा थाहा हुन्छ तर पनि एक्लै हिमाल चढ्नु हुँदैन । एकपल्ट सोच्नुहोला है ... म अनुरोध गर्छु ... प्लिज ।" को प्रत्युत्तर 'ऊ' पात्रले दिन नपाउँदै युवती कुहिरोभित्र हराएपछि एकालापीय बन्न पुगेको छ । यसले पनि गतिमा मन्दता ल्याएको छ । यसरी पात्रहरूका विभिन्न संवादले उपन्यासको आदि भाग नाटकीय बन्न गई उपन्यासको गति मन्द बन्न पुगेको छ तर उपन्यासको मध्य र अन्त्य भागमा 'ऊ' पात्र एक्लै हिमाल आरोहण गरिरहेको छ र उपन्यासकारले उपन्यासबाहिर बसेर वर्णन गरिरहेका छन् तसर्थ यसको गतिमा तीव्रता आएको छ । यहाँ पाठकले उपन्यासमा भएगरेका घटनाहरूको सारसङ्क्षेप मात्र पाउँछ । यसरी दुवै पद्धतिका गतिका साथ लगभग एक महिनाको समयावधिमा उपन्यास सकिएको छ ।

गद्य भाषामा आफ्नै छन्द वा लय हुन्छ । गद्य भाषामा लय भनेको भाषिक ध्वनिबाट उत्पन्न हुने साङ्गीतिकताभित्र निहित सुमधुर ध्वनि हो (बराल र एटम, २०५८: पृ. ४७) । उपन्यासमा गतिको उतारचढावबाटै लयको सिर्जना हुन्छ । लयले उपन्यासमा मिठासपन थप्छ ।

**चुली** उपन्यासभित्र प्रयुक्त भाषामा गतिका साथै लयको पनि प्रयोग भएको छ । यस उपन्यासमा बिम्बात्मक प्रयोगले आन्तरिक लयको मोहकता सिर्जना गरेको छ भने भाषागत मिठासबाट पनि ध्वनिगत लय सिर्जना भएको छ । यस उपन्यासका आदिभागमा संवादहरूका माध्यमबाट लयको मिठास पाइन्छ  भने अन्य भागमा नैतिक तथा दार्शनिक सूक्तिहरूले पनि लय उत्पन्न गराएका छन् । समग्रमा हेर्दा **चुली** उपन्यासभित्र गति र लयको समुचित विन्यास भएको पाइन्छ ।

## ३.१२ 'चुली' उपन्यासको शीर्षकको सार्थकता

यस उपन्यासको शीर्षक **चुली** भनेको हिमालको टुप्पो हो । उपन्यासमा सगरमाथा हिमालको टुप्पोमा पुग्ने अनि कीर्ति राख्ने उद्देश्यले 'ऊ' पात्र लागिपरेको छ । अभिधात्मक अर्थमा हिमालको शिखरलाई जनाएको **चुली**ले प्रतीकात्मक अर्थमा जीवनका लक्ष्यलाई समेत जनाएको छ । हिमालको चुली र मानवीय लक्ष्यमा शादृश्य भाव देखाउँदै यस उपन्यासको सिर्जना गरिएको छ । हिमाल हेर्दा सुन्दर देखिन्छ तर त्यसमा चढेर शिखरमा पुग्न अत्यन्त कठिन हुन्छ । त्यसैगरी जीवन हेर्दा सुन्दर लागे पनि त्यसलाई भोग्दा र अगाडि बढ्दै जाँदा आइपर्ने समस्याहरूले लक्ष्यमा पुग्न बाधा पुऱ्याइरहेका हुन्छन् भन्ने आशय यहाँ देखिन्छ– "सगरमाथाको चुली नदेखिनु भनेको सगरमाथाको चुली नहुनु होइन । जीवनका चुलीहरू पनि यस्तै हुन्छन् । ती देखिदैनन् । तर जीवनका चुलीहरू नदेखिनुको अर्थ जीवनका चुलीहरू नहुनु होइन । जीवनका लक्ष्यहरू नदेखिनुको अर्थ जीवनका लक्ष्यहरू नहुनु होइन" (पृ. ३६) ।

सगरमाथाको शिखरमा पुग्ने अभिलाषाले सगरमाथा बेशक्याम्पमा आइपुगेदेखि 'ऊ' पात्रको जीवनको अन्तिम क्षणसम्म पनि चर्चा भइरहेको छ । त्यसैगरी चुली सबभन्दा माथि हुन्छ र त्यहाँ पुग्न धेरै सङ्घर्ष गर्नुपर्छ । सङ्घर्ष गर्दैमा चुलीमा पुगिन्छ नै या सफलता प्राप्त हुन्छ नै भन्ने केही छैन । चुली केवल चुली हो, थोरैले मात्र सफलता पाउन सक्ने ठाउँ हो । थोरै मानिसले मात्र मानवताको चुली टेक्न सके पनि यो संसार स्वर्ग बन्ने थियो भन्ने सन्देशसमेत यस उपन्यासले प्रदान गरेकाले यस उपन्यासको शीर्षक सार्थक रहेको छ ।

# परिच्छेद चार

## ४.१ उपसंहार

समकालीन साहित्यकार सरूभक्त बहुमुखी प्रतिभाका धनी हुन् । उनी उपन्यासकारका साथै नाटककार, कवि, गीतकार, कथाकार, मुक्तककार, सम्पादकसमेत हुन् । साहित्यमा यथार्थताका साथै स्वैरकल्पनाको समेत प्रयोग गरेर सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर गर्न उनी खप्पिस छन् । उनी शून्यवादी अवधारणालाई अवलम्बन गर्दछन् र साहित्य सिर्जना गर्छन् । त्यस्तै उनी विज्ञानजस्तो विषयलाई साहित्यमा उतार्न सक्ने खुबी भएका साहित्यकार पनि हुन् ।

**चुली** (२०६०) सगरमाथा प्रथम आरोहणको पचासौँ वर्षको अवसरमा मनाइँदै गरेको 'सगरमाथा महोत्सव'को बेलामा प्रकाशन भएको हो । हिमालैहिमालले भरिएको देश नेपालमा हिमालसम्बन्धीका साहित्य र रचनाहरूमा कविताले मात्र प्रश्रय पाएको तर अन्य विधामा त्यसले स्थान नपाएको अवस्थामा सगरमाथा आरोहणको विषयलाई लिएर सरूभक्तले यो उपन्यास सिर्जना गरेका छन् ।

हिमालसँग मानवीय जीवनको समतुल्यता देखाउनु यस उपन्यासको विशेषता हो । जीवनमा हिमालहरू हुन्छन्, हिमालमा जीवनहरू हुन्छन् । हिमालमा भएका आकर्षण र खतराहरू मानव जीवनमा पनि रहेका छन् अनि हिमालका जोखिमहरू जस्तै जीवनमा पनि जोखिमहरू हुन्छन् भनी यस उपन्यासले देखाएको छ । यस उपन्यासको 'ऊ' पात्रलाई एक्लै हिमाल चढाएर सरूभक्तले जीवन एक्लै गर्नुपर्ने सङ्घर्ष हो भन्ने कुरा देखाउन खोजेका छन् । सफलताको चुलीमा पुग्न निकै सङ्घर्ष गर्नुपर्छ भन्ने कुरा पनि 'ऊ' पात्रले हिमाल आरोहण गर्दा आइपरेका सङ्कट र सङ्घर्षले पुष्टि गरेका छन् । हिमाल आरोहण गर्दा 'ऊ' पात्रले पार गरेका हरेक स्टेपहरू जीवनका विभिन्न मोड हुन् र ती हरेक मोड पार गर्न उत्तिकै कष्टपूर्ण छ ।

यस उपन्यासमा प्रमुख पात्र बनेर 'ऊ' आएको छ । 'ऊ' उपन्यासको सुरुदेखि अन्त्यसम्म आएर विविध क्रियाकलाप गरेको छ । अन्य पात्रहरू उसकै केन्द्रीयतामा केही क्षणसम्म अटाएका छन् । अदृश्य रूपमा आएकी प्रियसी 'ऊ' पात्रलाई चुलीसम्म पुऱ्याउने हौसला र प्रेरणा हो । आधारशिविरमा देखापरेका भरियासाथीहरू र गाइड नेपाली ग्रामीण जनजीवनका प्रतिबिम्बन हुन् । उनीहरू पनि 'ऊ' पात्रको भलो चाहन्छन् र छोर्तेनमा खाता चढाउँदै चोमोलोङ्मा देवीसँग प्रार्थना गर्छन् । 'ऊ' पात्रको सफलताको कामना गर्छन् ।

मानिस लक्ष्यका लागि लम्कन्छ तर 'ऊ' लक्ष्यमा पुग्न सक्छ नै भन्ने केही पनि छैन यो कुरालाई 'ऊ' पात्र सगरमाथाको आरोहण गरेर फर्कँदा भएको दुर्घटनापछिको मृत्युले पुष्टि गर्छ । यसैबाट जीवन सम्पूर्णता होइन, अपूर्णता हो भन्ने जानकारी पनि मिल्छ । यस उपन्यासमा अर्को महवत्त्पूर्ण पक्ष पनि अटाएको छ । त्यो हो- पृथ्वीको इतिहासमा एक युगमा एकदुईजनाले मात्र मानवताको चुली  टेके भने मुक्तिका लागि मान्छेले ईश्वरको कल्पना गरिरहनुपर्दैन । यहाँ चुली भनेको केवल सगरमाथाको चुलीमात्र नभएर मानवताको चुली पनि हो भन्ने पुष्टि हुन्छ ।

यस उपन्यासमा प्राकृतिक सुन्दरताले स्थान पाउनुका साथै यसमा सगरमाथाका विकरालता, जोखिमहरू, दुर्घटनाहरू, आशङ्कित मृत्यु आदिको अनुभूति र सगरमाथाको भौगोलिकता, आरोहण वृत्तान्त, आरोहणमा प्रयोग हुने औजारहरू, दुर्गम स्थलका नामहरू, वातावरण, वायुमण्डलीय चाप आदिको जानकारी पाइन्छ । जीवन सङ्घर्षमय छ । सानातिना असफलताहरूबाट विचलित नभई सङ्घर्ष गरिरहेमा अवश्य पनि एक दिन लक्ष्यमा पुग्न सकिन्छ भन्ने सन्देश यस उपन्यासले दिएको छ ।

अङ्क, परिच्छेद आदिमा नछुट्याई केवल ५२ पृष्ठमा संरचित यस उपन्यासमा जम्माजम्मी एक महिनाको समयावधि रहेको छ । यही समयावधिभित्र 'ऊ' पात्रले आधारशिविरमा महत्त्वपूर्ण क्षण बिताउनुका साथै सङ्घर्षमय चढाइद्वारा चुलीमा पुगेको छ र चुलीबाट ओर्लने क्रममा भएको दुर्घटनामा परी जीवनलीला समाप्त भएको छ । आरोहण वृत्तान्तजस्तो लाग्ने यो उपन्यासमा सरल भाषाशैलीको प्रयोग छ भने कहीँकतै बौद्धिक-दार्शनिक सूक्तिहरूको पनि प्रयोग गरिएको छ । दृश्यात्मक र सङ्क्षेप दुवै प्रकारका पद्धतिहरूलाई अवलम्बन गरिएको यस उपन्यासमा सङ्घर्ष नै जीवन हो भन्ने कुरा देखाइएको छ ।

## ४.२ शोधकार्यको सीमाहरु

प्रस्तुत शोधकार्य चुली उपन्यासलाई औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गर्नमा नै सीमित रहेको छ । अन्य उपन्याससँग तुलनात्मक रुपमा नहेरिनु, आधुनिक उपन्यास परम्परामा चुलीले ओगटेको स्थान निर्धारण नहुनु यस शोधकार्यका सीमाहरु हुन् ।

## ४.३ शोधकार्यको लागि सम्भावित शीर्षक

चुली उपन्यासको अन्य उपन्याससँग तुलनात्मक अध्ययन ।

# सन्दर्भसामग्रीसूची

## (क) पुस्तकसूची


उपाध्याय, केशवप्रसाद (२०६१), **नेपाली नाटक र नाटककार,** काठमाडौँ : साझा प्रकाशन ।

एटम, नेत्र(२०६२), सीमान्त आकाश : **स्रष्टासितको अन्तर्यात्रा**, काठमाडौँ : तन्नेरी प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दार्जिलिङ : दीपा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास**, दो.सं., काठमाडौँ :साझा प्रकाशन ।

सरुभक्त (२०३५), **बन्द स्वामभित्र**, पोखरा : युवा नाटक परिवार ।

_______ (२०३९), **युद्ध उही ग्यााँस च्याम्बरभित्र**, पोखरा : युवा नाटक परिवार ।

_______ (२०४०), **बोक्सीको आह्वान र घोषणापत्र**, पोखरा : युवा नाटक परिवार ।

_______ (२०४२), **शिशिरका अन्तिम दिनहरु**, काठमाडौँ : ने.रा.प्र.प्र.।

_______ (२०४४), **एक अविनवको आत्मकथा**, पोखरा : पोखरा जेसिस नालमुख प्रकाशन ।

_______ (२०४७), **छोरी ब्रह्माण्ड**, काठमाडौँ : भारद्वाज प्रकाशन ।

_______ (२०५०), **कवि, प्रेमी र पागल**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

_______ (२०५४), **यामागल**, काठमाडौँ : तन्नेरी प्रकाशन ।

_______ (२०५४), **असमय अमौसम**, काठमाडौँ : भारद्वाज प्रकाशन ।

_______ (२०६०), **चुली**, पोखरा : पोखरेली युवा साँस्कृतिक परिवार ।

_______ (२०६०), **पागलबस्ती**, चौ. सं., काठमाडौँ : साझा प्रकाशन ।

_______ (२०६०), **ज्यानमाया**, दो.सं., पोखरा : युवा नाटक परिवार ।

_______ (२०६१), **झुमा**, पोखरा : साहित्यकार सरुभक्त सरोकार केन्द्र ।

_______ (२०६१), **हजार बुद्धहरु**, पोखरा : साहित्यकार सरुभक्त सरोकार केन्द्र ।

_______(२०६१), **मनभरि माटोभरि**, काठमाडौँ : विक्रम गुरुङ ।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन ।

**(ख) शोधपत्रसूची**

खड्का, इन्दिरा (२०६२), **समयत्रासदी उपन्यासको कृतिपरक अध्ययन**, त्रि.वि. कीर्तिपुर : अप्रकाशित स्नातकोत्तर, शोधपत्र ।

**(ग) पत्रपत्रिकासूची**

गिरी, मधुसुदन (२०५९), 'स्वैरकल्पना र नेपाली कथामा यसको उपयोग', **समकालीन साहित्य** ( नेपाली कथा समालोचना विशेषाङ्क : १) वर्ष १२, अङ्क ४, पूर्णाङ्क ४६, पृ. ७१-७९ ।

**गोरखापत्र** (२०६२), 'पप रक सरुभक्त', पौष, २३ गते शनिवार, पृ. १४ ।

गौतम, लक्ष्मणप्रसाद (२०५९), 'नेपाली कथामा उत्तरआधुनिक चेतना', **समकालीन साहित्य** (नेपाली साहित्य समालोचना विशेषाङ्क :१) वर्ष १२, अङ्क ४, पूर्णाङ्क ४६, पृ. १०९-१२९ ।

प्रिन्ट गर्नुपर्ने

परिशिष्ट, सन्दर्भसामग्री सूची उपसंहार

# परिशिष्ट

## साहित्यकार सरुभक्तसँगको कुराकानी

१. *तपाईंको जन्म कहाँ-कहिले भयो ?*

पोखराको बागबजारमा वि.सं. २०१२ सालमा भएको हो ।

२. *तपाईंको बाल्यकाल कसरी बित्यो ?*

सामान्य रूपले नै बित्यो । मेरो बुबाआमा व्यापारी हुनुहुन्थ्यो र अहिले पनि व्यापारी नै हुनुहुन्छ । पोखराको बागबजारमा म जन्मँदा नै सानोसानो खिस्रीमिस्रीको पसल थियो र बुबाआमा त्यही पसलमा व्यस्त हुनुहुन्थ्यो । म परिवारको जेठो छोरो हुँ । मेरो परिवारमा बुबाआमा बाहेक ५ जना दाइभाइ र २ बहिनीहरू छौँ । एक मध्यमवर्गीय व्यापारिक परिवार भएकाले बाल्यकालमा त्यहीँको बहुउद्देशीय मा.वि. र गण्डकी बोर्डिङमा अध्ययन गरेको हुँ । घरको वातावरण मध्यमवर्गीय ठिकैको थियो । स्कुलको वातावरण पनि ठीकै थियो । सुरुमा पढाइमा त्यति ध्यान दिन्नथेँ तर गण्डकी बोर्डिङ स्कुल-त्यो बेला नेपाली आदर्श गण्डकी बोर्डिङ स्कुल भनिन्थ्यो–त्यसको स्थापना भएपछि पहिलो ब्याजमै म भर्ना भएको थिएँ । बुबाआमाले मलाई त्यो विद्यालयमा भर्ना गरिदिनु भएपछि चाहिँ पढाइमा ध्यान गयो र १० कक्षासम्म त्यहीँ पढेँ । स्कुलकै वातावरणमा कवितालेखन, साहित्यप्रति अभिरुचि पनि जाग्यो र कविता लेख्ने जस्ता कामहरू गर्न थाले । स्कुलमा कक्षा ६ मा हुँदाखेरी पहिलोपल्ट कविता रचना गरेको थिएँ । मेरा अरू पनि साथीहरू थिए त्यो बेलामा, तिनीहरू पनि कवितामा रुचि राख्थे । हामीलाई गुरु-गुरुआमाहरूले साहित्यमा लाग्ने प्रेरणा दिनुहुन्थ्यो । यसरी एउटा प्रेमकै वातावरणमा, मध्यमवर्गीय वातावरणमा मेरो बाल्यकाल बित्यो ।

३. *परिवारमा अन्य सदस्यहरू के-के गर्नुहुन्छ ?*

चारजना भाइमध्ये एकजना मात्र यहीँ व्यापार गर्दै छ र ए लेबल क्याम्पस चलाएर बसेको छ । अरू तीनजना भाइहरू विदेशमा छन् । पहिले ऊ पनि विदेशमा थियो चारैजना भाइहरू अमेरिका, जापानजस्ता ठाउँमा कामकै सिलसिलामा गएका थिए । कान्छो भाइचाहिँ अध्ययन र कामका लागि गएको हो । दुईजना भाइ र दुईजना बहिनी विवाहित छन् । दुईजना भाइ अझै अविवाहित नै छन् । म एउटा ठूलो र संयुक्त परिवारको जेठो छोरो हुँ र परिवार राम्रैसँग चलिरहेको छ भन्नुपर्छ ।

४. *बुबाआमा पेसाले व्यापारी हुनुहुन्छ । यसले तपाईंको पढाइमा कस्तो असर पऱ्यो ?*

असर सकारात्मक नै पऱ्यो किनकि त्यो बेलामा पोखरा एउटा सानो बजार थियो । बागबजारमा पनि थोरै घरहरू थिए । एउटा गाउँजस्तो नै थियो । अहिलेसँग तुलना गर्न सकिँदैन मेरो बुबा बागबजार भन्ने क्षेत्रको नामी साहू हुनुहुन्थ्यो । गणेश साहू भनेपछि चर्चित नै हुनुहुन्थ्यो । गण्डकी बोर्डिङ स्कुल आउनुभन्दा अगाडि बहुद्देश्यीय विद्यालयमा नै पढ्थैं तर पढाइमा त्यति ध्यान दिन्नथैं । साथीभाइहरूसँग घुमघाम गर्थे । पढाइमा भन्दा अन्य कुरामा ध्यान दिन्थैं । साहूको बिग्रेको छोराजस्तै थिएँ । साथीभाइसँग खेल्न, घुम्न रमाउने खालको थिएँ । त्यसैले पछि बोर्डिङ खुलेपछि बुबाले यहाँ बसेर पढेन भनेर बोर्डिङ पठाइदिनुभएको हो । त्यो मेरो लागि एक प्रकारको सजायजस्तै थियो । यो पोखरा बजारदेखि ३-४ कि.मि. पर लामाचौर भन्ने ठाउँमा थियो । हिँडेरै जाने आउने गर्नुपर्दथ्यो । सेती खोलाको डिलमा खरले छाएका २-४ वटा घरहरू थिए, मसान जाने बाटो पर्थ्यो, बढी डरलाग्दो थियो । त्यस्तो ठाउँमा जबरजस्ती हात समातेर रुवाउँदै लगेका थिए । होस्टलमा बस्दा पनि बाबुआमा कहिले भेट्न आउँछन् जस्तो हुन्थ्यो ।

५. *त्यो बेलामा दिमागी असर परेन ?*

बाल्यकालको कुरा हो, सुरुसुरुमा बाबुआमाबाट छुट्टिनुपर्दा धेरै गाह्रो भयो । एकडेढ वर्षपछि अलि बुझ्दै गयौँ । पढाइमा अभिरुचि जाग्दै गयो । अभ्यस्त पनि भयौँ । सुरुमा घर आएपछि जान मान्दैनथ्यौँ धेरै खानेकुराहरू बोकाएर फकाउँदै पठाउँथे । तर पछि ठीक भयो ।

६. *कक्षामा कस्तो स्थान थियो ?*

म बोर्डिङमा कक्षा ५ मा भर्ना भएको थिएँ । बहुद्देश्यीय स्कुलमा ५ कक्षामा पढ्दा फेल भएको थिएँ तसर्थ कक्षा दोहोऱ्याएँ । त्यो वर्ष बोर्डिङमा द्वितीय भएँ र कक्षा १० सम्म पहिलो नै भएँ । र वास्तविक पढाइ त्यहीँबाट सुरु भयो र साहित्यप्रतिको अभिरुचि पनि त्यहीँबाट सुरु भयो ।

७. *साथीभाइसँगको व्यवहार कस्तो थियो ?*

सुरुसुरुमा अलि हच्किन्थे । त्यो बेलामा नेवारको पुरातनवादी परिवारबाट ठूलो सर्कलमा गएको थिएँ । अधिकांश गुरुबा, गुरुआमाहरू विदेशी थिए । अङ्ग्रेज, अमेरिकन, दार्जिलिङका थिए । विद्यार्थी पनि धेरै थिए । सानो परिवारबाट ठूलो सर्कलमा जाँदा सङ्कोच लाग्ने, होमसिक हुने, हच्किने थिएँ । सुरुमा नेवारी परिवारबाट गएको टटर-मटर गर्ने थिएँ, नेपाली भाषा राम्रो

आउँदैनथ्यो । घरमा, साथीहरूसँग नेवारी भाषा बोल्ने भएकाले अर्धनेपाली मात्र बोल्थैं । नेपाली बोल्दा नेवारीपन आउँथ्यो । गुरु र साथीले जिस्क्याइदिन्थे । सङ्कोच लाग्थ्यो । तर कक्षा ६ बाट सुध्रँदै गयो । साथीभाइसँगको हेलमेल बढ्दै गयो र सुधार पनि हुँदै गयो । त्यसपछि त्यो सुधार्ने क्रम अझैसम्म जारी छ ।

*८. अहिले पनि नेवारी बोल्न आउँछ ?*

काम चलाउ मात्र आउँछ । राम्रोसँग आउँदैन । काठमाडौंको नेवारसँग बोल्न सक्दिनँ । पोखराकोसँग चाहिँ सक्छु । काठमाडौंको नेवारले बोलेको चाहिँ बुझ्छु मात्र ।

*९. साहित्यमा आउने प्रेरणा कसरी मिल्यो ?*

कक्षा ६ मा हुँदा नै स्कुल, गुरु, प्रकृतिका बारेमा कविता लेख्थैं । म बाल्यकाल छँदा मेरो बुबा गाईजात्रा, भैरवजात्रा जस्ता धार्मिक नृत्य गर्नुहुन्थ्यो । उहाँ पोखराको प्रसिद्ध नर्तक हुनुहुन्थ्यो । बालककालदेखि बुबाको त्यो सार्वजनिक रूपका अनुहार सम्झन्छु, बुबाले राम्रो नाचेको प्रशंसा सुन्दा मलाई पनि हौसला मिल्थ्यो । म पछिपछि लाग्थैं तर नाच्दिनथैं । बुबालाई दिएको खानेकुरा खाँदै हिड्थैं । एउटा झोलाभरि खानेकुरा राखेर खाँदै बजारबजारमा टोलटोलका नाचहरूमा हिँड्थे । कला क्षेत्रमा लाग्ने पहिलो प्रेरणा मैले यहीँबाट लिएको हुँ । बुबाको नर्तनको प्रभाव पर्‍यो । त्यसैगरी पोखरामा १०८ स्वामि देवानन्द भन्ने हुनुहुन्थ्यो । उहाँ चाहिँ पोखराका विभिन्न ठाउँमा महाभारत पुराण वाचन गर्नुहुन्थ्यो । उहाँको शैली मन पर्थ्यो र स्कुलबाट भागीभागी सुन्न जान्थैं । पं. देवानन्द स्वामि १०८ को महाभारत र पुराण वाचन शैलीको प्रभाव पनि पर्‍यो । स्कुलमा त्यहाँका शान्तिसर, भोजराज, सरहम र मिस मेरी आदिले साहित्य रचनातर्फ प्रेरित गर्नुहुन्थ्यो । शान्ति सरले **मुनामदन** वाचन गरेर बेलाबेलामा सुनाउनुहुन्थ्यो । राजकुमार सरले खाना खाएर बेलुका सुत्ने बेलामा **बाइबल**को रोचक कथाहरू सुनाउनुहुन्थ्यो । त्यस्तो वातावरणमा **मुनामदन**, **बाइबल** सुनेपछि लेख्ने, नक्कल उतार्ने गर्न थाल्यौं । सरहरूलाई देखाउँदा स्याबासी पाएपछि झन् उत्साहित बन्थ्यौं । साहित्यिक कृतिहरू पाएमा पढ्ने गर्न थाल्यौं, १० कक्षापछि रुचि बढ्यो र क्याम्पस पुगेपछि ३३/३४ सालतिरबाट औपचारिक रूपमा लागियो ।

*१०. साहित्य रचना गर्न कस्तो समय उपयुक्त हुन्छ ?*

जुनसुकै समयमा पनि रचना गर्न सकिन्छ ।

*११. मनपर्ने साहित्यकारमा विश्वको र  नेपालको सन्दर्भमा कसलाई रोज्नुहुन्छ ?*

**महाभारत** मन पर्छ, त्यसैले महर्षि वेदव्यास नै मनपर्छ । त्यसबाहेक अङ्ग्रेजी साहित्यका धेरै साहित्यकारहरू मन पर्छ । नेपाली साहित्यमा प्रेरणाको स्रोतको रूपमा देवकोटालाई मानेको छु । त्यसपछि सम, विजय मल्ल, भूपि शेरचन, पारिजातजस्ता साहित्यकारबाट प्रभावित र प्रेरित छु ।

*१२. साहित्यलेखनका सिलसिलामा पाएको अविस्मरणीय क्षण कुन मान्नुहुन्छ ?*

त्यस्तो खासै त केही छैन तर पनि प्रत्येक साहित्य रचना गर्दा अविस्मरणीय अनुभूति हुन्छन् र तिनमै रमाएर हामी साहित्य रचना गर्छौं । एउटा कुरा 'पागलबस्ती' लेख्दा- मैले २०३८-३९ सालदेखि सुरु गरेँ त्यो बेला म व्याचलर पढ्दै थिएँ, पछि युनिभर्सिटी आएँ चार-पाँच वर्षसम्म बिताएँ तर म स्पष्ट भइँन र अल्मलिएँ । पछि पोखरा गएर पुनः लेख्न थालेँ । यसले लामो समय लाग्यो । २०४७ सालमा सकेर २०४८ मा छापियो । २०४७ मा टाइफाइटले सताएपछि लगभग एक महिना जति थला परेँ । त्यो बेलामा पनि एकदुई लाइन लेख्थेँ । मलाई त्यसले नै बढी छुन्छ ।

*१३. कुन विधामा बढी रुचि लाग्छ ?*

जे-जेमा रचना गरिरहेको छु । मूल रूपले कविता, नाटक र आख्यान त्यसपछि दर्शनको रुचि पनि छ । यी सबैमा रुचिपूर्ण नै लागिरहेको छु । आख्यानको बढी चर्चा भए पनि मैले कम लेखिरहेको छु ।

*१४. आफूलाई कस्तो साहित्यकार ठान्नुहुन्छ ? प्रगतिशील या शून्यवादी ?*

आफुलाई ठानेर केही हुन्छ ? तापनि आफ्नो सोचाइमा म शून्यवादी साहित्यकार नै हुँ । ०४० सालमा यता म शून्यवादमा लागेको हुँ । पागलबस्तीमा पनि शून्यवादी विचार आएको छ । तसर्थ आफ्नो धारणा अनुसार म शून्यवादी नै हुँ । जहाँसम्म प्रगतिशीलताप्रति मेरो उत्तिकै चासो छ । मेरा हरेक रचनामा प्रगतिशील तत्त्व पाउन सकिन्छ र प्रगतिशीलताबाट अलग्गिएर कुनै पनि साहित्यकारले आफ्नो साहित्य रचना गर्न सक्छ जस्तो लाग्दैन किनकि हामी समाजको, मानवको विकास र प्रगति नै चाहन्छौं । अन्याय-अत्याचार र शोषण, दमनजस्ता कुराहरू रुचाउन सक्दैनौं । तिनीहरूको विरोध गर्छौं र समतामूलक समाजको परिकल्पना गर्छौं ।

*१५.	विज्ञानजस्तो विषयलाई लिएर साहित्य रचना गर्नुहुन्छ । गाह्रो हुँदैन ?*

निश्चय नै गाह्रो हुन्छ । तर नेपाली साहित्यमा विशेष गरी कथा विधामा मैले विज्ञानलाई प्रयोग गरेको छु । मेरो विचारमा नेपाली साहित्यमा अरू कुराहरूमा धेरै साहित्य रचनाहरू भएका छन् तर आजको वैज्ञानिक युगमा हामी विज्ञानबाट निरपेक्ष भएर बाँच्न सक्दैनौँ, प्रत्येक क्षण विज्ञानलाई उपयोग गरिरहेछौँ । विज्ञानबाट टाढा भएर कुनै पनि देशको साहित्य बाँच्न सक्छ जस्तो मलाई लाग्दैन । त्यसैले विश्व साहित्यमा पनि विज्ञान साहित्यको अभूतपूर्व उन्नति भएको छ । यी सबै कुराहरूलाई दृष्टिगत गर्दा नेपाली साहित्यमा पनि विज्ञान साहित्यको विकास हुनुपर्छ भन्ने धारणा राखेर मैले आफ्नो क्षमताले भ्याएसम्म केही रचनाहरू गर्ने प्रयास गरेको हुँ ।

*१६.	कुन-कुन विधामा विज्ञानको उपयोग गर्नुभएको छ ?*

विशेष गरेर उपन्यास, कथाहरू, नाटकहरू आदिमा छन् । **एक अविनवको आत्मकथा** पहिलो उपन्यास हो र विज्ञान उपन्यास पनि हो । **यामागल**, **छोरी ब्रम्हाण्ड**, **इथर**, **निमावीय**, **समयको दुःखान्त गीत** आदि विज्ञानसम्बन्धी रचनाहरू हुन् । देशमा विज्ञानसम्बन्धी धारणाको विकास पनि होस् भन्ने अभिप्राय लिएर मैले आफ्ना रचनात्मक प्रयासहरू थालेको हुँ । हाम्रो विज्ञानसम्बन्धी चेतना विश्वसाहित्यको तुलनामा धेरै कम छ । त्यसैले यो क्षेत्रमा हामीले विशेष ध्यान दिनु आवश्यक छ भन्ने मलाई लाग्छ ।

*१७.	विज्ञान विषयमा कल्पनाले कति काम गर्छ ?*

कल्पना पनि चाहियो, वैज्ञानिक सत्यतथ्य पनि चाहियो र उत्कृष्ट विज्ञान कथा त्यहीँ हो जसमा वैज्ञानिक परिकल्पना पनि उचित रूपले सम्मिश्रण भएको हुन्छ । उडन्ते कथा लेखेर हुँदैन । वैज्ञानिक र तर्कसङ्गत रूपले विज्ञानसम्मत् रूपले पुष्टि हुने खालका, विज्ञानको विकासक्रमलाई बुझेको हुनुपर्‍यो । प्राचीन विज्ञानको मात्र कुरा नगरेर भविष्यको परिकल्पना समेत भएको हुनुपर्छ । विज्ञान साहित्यकारहरूले यो कुरा बुझ्नुपर्छ । विज्ञानले गरेका कतिपय विकृतिहरू छन् भने त्यस्ता विकृति, विसङ्गतिहरूलाई साहित्यमा राख्न सक्नुपर्‍यो । त्यसैले विज्ञान साहित्य लेख्न कठिन छ तर नेपालको सन्दर्भमा अत्यन्त आवश्यक पनि छ ।

*१८.	नेवारी भाषाको विकासको लागि केही गर्नुभएको छ कि ?*

ने.रा.प्र.प्र.द्वारा प्रकाशित नेपाल भाषाको त्रैमासिक पत्रिका **थायभूः** को संयोजन गर्दै छु । नेपाल भाषा राम्ररी जान्दिनँ । पढ्न लेख्न केही समस्या हुन्छ तर पनि नेपालको आजको

परिप्रेक्ष्यमा जातीय साहित्य, समाजको उन्नति गर्नु आवश्यक छ । विभिन्न भाषा र समाज मिलेर नै देशको भाषा र समाज समृद्ध हुन्छ । त्यसैले यस्तो प्रयास ने.रा.प्र.प्र.ले पनि गरेको छ र त्यसको जिम्मेवारी मलाई सुम्पेको पनि छ ।

*१९. कुन -कुन भाषा आउँछ ?*

नेपाली, नेवारी, अङ्ग्रेजी, हिन्दी काम चलाउ आउँछ ।

*२०. भ्रमण कतिको मन पर्छ ? कहाँ-कहाँ जानुभएको छ ?*

मन पर्छ, तर अलि अल्छे छु । विद्यार्थी अवस्थामा साथीभाइहरू कहाँकहाँ पुग्थेँ तर म त्यति हिँड्दिनथेँ । आत्मिक भ्रमणमात्र गर्थे । पछिल्लो समयमा चाहिँ अमेरिकासम्म पुगेको छु । एकेडेमीबाट **मालतीमक्तले** गीतिनाटक देखाउन मेरै नेतृत्वमा एक दल अमेरिका गएका थियौं । अन्य भारतको बनारससम्म गएको छु । नेपालमा २०५३ सालयता पोखरामा आफ्नै संयोजनमा 'संरक्षण कविता आन्दोलन'को क्रममा आन्दोलनमा अन्नपूर्ण बेसक्याम्पसम्म पुगेँ । त्यो अभियानको उद्देश्य ठाउँठाउँमा भ्रमण गरेर त्यहाँको प्रकृति, वातावरणका बारेमा कविता रचना गर्ने, त्यहाँका जनताहरूलाई सुनाउँदै हिँड्ने हो र यसलाई ०५५ सालयता आन्दोलनको रूपमा अगाडि बढाइएको छ । अन्नपूर्ण बेसक्याम्पदेखि मुस्ताङको मुक्तिनाथसम्म पुगेको छु । वास्तविक नेपाली साहित्य गाउँघरमा हुन्छ भन्ने हाम्रो विश्वास छ । यही क्रममा देशभित्रका धेरै ठाउँहरू घुमेको छु । पदयात्रा गरेको छु ।

*२१. कुन-कुन सङ्घसंस्थामा आबद्ध हुनुहुन्थ्यो ?*

त्यो बेला पोखरामा साहित्यिक सङ्घसंस्थाहरू थिएनन् । अग्रजहरूसँग पनि भेट्न पाइँदैनथ्यो त्यो बेलाका पोखराका जनकविकेशरी धर्मराज थापा, मुकन्दशरणजस्ता साहित्यकारहरू पनि पोखरामा बस्दैनथे । तसर्थ अग्रज साहित्यकारहरूलाई भेटेर सिक्न पनि पाउँदैनथ्यौँ । साथीभाइ जम्मा भएर कसलाई कथा, कविता, नाटक, सङ्गीत के-के मा रुचि छ, त्यसैमा सिर्जना गऱ्यो । त्यो बेलामा कुनै गोष्ठीहरू हुँदैनथे । आफ्नो प्रतिभा प्रस्फुटन गर्ने वातावरण थिएन । त्यो बेला २०३४ सालमा हामी साथीहरू मिलेर *पोखरेली युवा सांस्कृतिक परिवार* भन्ने संस्था खोल्यौँ । त्यसको अध्यक्ष प्रसिद्ध गायक सरोजगोपाल बज्राचार्य हुनुभयो म सचिव भएँ । नवराज कार्की उपाध्यक्ष, सदस्यमा विनोद गौचन, अरूण थापा, विक्रम गुरुङ आदि हुनुहुन्थ्यो । यो संस्थामार्फत् विभिन्न सांस्कृतिक कार्यक्रम गर्ने, कवि गोष्ठी गर्ने, सामूहिक साहित्यिक जयन्ती मनाउने नाटक खेल्ने आदि गर्दै गयौँ । साथीसाथी मिलेर यो संस्था गठन

गरेपछि औपचारिक रूपले साहित्यिक रचना र साहित्यिक क्रियाकलापहरू पनि गर्ने काम गर्न थाल्यौँ । *युवा नाटक परिवार* भन्ने छुट्टै संस्था पनि खोल्यौँ, म त्यसको लेखक निर्देशक भएको थिएँ ।

*२२. राजनीतिमा कतिको रुचि राख्नुहुन्छ ?*

आमजनतामा भएजस्तो रुचि छ तर पार्टीविशेष भएर कुनै काम गरिन । आमनागरिकमा भएजस्तै चेतना छ । प्रजातन्त्र, सत्य, न्याय, प्रगतिशीलताको पक्षपाती हुँ ।

*२३. 'चुली' लेख्ने प्रेरणा कसरी पाउनुभयो ?*

*संरक्षण कविता आन्दोलन*का क्रममा अन्नपूर्ण बेसक्याम्पमा जाँदाको अनुभवलाई लिएर यो उपन्यास लेखेको छु । बेसक्याम्पमा हिमाली वातावरण हेर्ने मौका पाएको थिएँ । आफू पनि हिमाली वातावरणमै हुर्केको हुँ । हिमालसम्बन्धी श्रव्य दृश्य पाठ्यसामग्रीहरू रुचाउँथेँ र त्यसले साहित्यमा तीव्र आकर्षण गर्थ्यो । पोखराको म्युजियमबाट पनि मैले धेरै कुराहरू थाहा पाएको छु । खुम्बु क्षेत्रमा नगए पनि त्यसक्षेत्रले साहित्यमा आकर्षण गर्थ्यो र चुली लेख्ने प्रेरणा मिल्यो ।

*२४. हिमाल आरोहण नै नगरी आरोहणको विषयवस्तुमा उपन्यास लेख्दा कति गाह्रो भयो ?*

गाह्रो त अवश्य भयो तर पनि पुस्तक मानचित्रहरू हेरेर, आरोहणसम्बन्धीका विभिन्न अनुभव, पुस्तक पढेर मैले लेखेको छु ।

*२५. 'चुली' उपन्यासमा कति यथार्थ र कति काल्पनिक छ ?*

धेरै यथार्थ नै छ । यसमा जीवनको प्रतीकात्मक रहस्य पनि उतार्न खोजेको छु । जीवन जोखिम र चुनौति हो भन्ने कुरा देखाउन खोजेको छु ।

समाप्त ।